• वर्ष १५ • अंक १३ • काठमाडौं, शुक्रबार, साउन २३, २०६६ • SAPTAHIK • Nepali National Weekly • Friday, Aug 7 , 2009 • पृष्ठ २४ + ८ = ३२ • मूल्य रु. १०/-



# मनसुन म्याडनेस

पृष्ठ ९ मा



## शोभिता

मध्यपृष्ठमा

साप्ताहिक



## ● रंगमञ्च ●

### डेगको लोकप्रियता

मिथिला रंगकर्मी रमेश रञ्जन यतिबेला पूर्वी तराईमा एउटा सांगीतिक नाटकको मञ्चन गराइरहेका छन् । रमेशको निर्देशनमा मञ्चन भैरहेको 'डेग' शीर्षकको नाटकमा मदन ठाकुर, प्रियंक झा, इन्द्रेश मिश्र, अनिता मण्डल, दिलीप घिसिङ आदि कलाकारले अभिनय गरिरहेका छन् । जनकपुरका ग्रामीण बस्तीबाट प्रारम्भ भएको नाटक मञ्चन अभियान महोत्तरी, सिरहा तथा सप्तरी जिल्लासम्म पुगेको छ । जनकपुरपछि सिरहा र सप्तरीका विभिन्न गाउँमा यो नाटक मञ्चन भैरहेको निर्देशक रञ्जन बताउँछन् । संस्कार मिथिलाको आयोजनामा मञ्चन भैरहेको यो नाटकले युवाहरूमा बढ्दै गएको अन्यौललाई चिर्दै चेतना फैलाउने उद्देश्य बोकेको छ । नाटकमा धीरेन्द्र प्रेमर्षिद्वारा संगीतबद्ध तथा मिथिला क्षेत्रका विभिन्न गीतकारका शब्द रहेका गीतलाई आधार बनाइएको छ । यो नाटक केही समयअघि बजारमा आएको मैथिली गीतिसंग्रह 'डेग' का गीतमा आधारित छ ।

### जारी छ इडिपस रेक्स

करिब एक महिनाअघिदेखि मञ्चन हुन थालेको नाटक 'इडिपस रेक्स' हेर्ने दर्शकसंख्या बढिरहेकाले गुरुकुलले यसको मञ्चन अवधि बढाएको छ । यसअघि आरोहणले राजधानीमा दुई पटक मञ्चन गरिसकेको ऐतिहासिक नाटक 'इडिपस रेक्स' अहिले पुनः दर्शकमाझ प्रस्तुत गरिएको हो । करिब २ हजार ५ सय वर्षअघि पहिलो पटक प्रदर्शनमा आएको यो नाटक सोफोक्लेजले लेखेका हुन् । विश्वप्रसिद्ध यो ट्र्याजेडी नाटकको नेपाली अनुवाद तथा निर्देशन सुनिल पोखरेलले गरेका हुन् । वीरेन्द्र हमालको परिकल्पनामा घुघरिलो कपाल पालेका सौगात मल्ल अभागी राजा 'इडिपस'को भूमिकामा प्रस्तुत भएका छन् । नाटकमा मन्त्रीको भूमिकामा प्रवीण खतिवडा, दुःखी रानीको भूमिकामा अरुणा कार्की तथा ज्योतिषको भूमिकामा राजकुमार पुडासैनीले अभिनय गरेका छन् । नाटकमा सरिता गिरी, कमलमणि नेपाल, पशुपति राई, रवीन्द्रसिंह बानियाँ, सजन थापामगर, विपिन कार्की, सरस्वती चौधरी तथा विष्णुभक्त फुयाँलको पनि अभिनय हेर्न पाइन्छ ।

## ● ग्यालरी ●

### एउटै थलोमा तीन चित्रकार

कमलादीस्थित ग्यालरी थर्टी टुमा तीन स्थापित कलाकारका चित्र प्रदर्शन भैरहेका छन् । कलाकार चन्दा श्रेष्ठ, रत्नकाजी शाक्य तथा सुष्मा राजभण्डारी आ-आफ्नै शैलीका चित्रमार्फत प्रदर्शनीमा उत्रिएका हुन् । 'युनिक्स स्ट्रोक्स' शीर्षकको उक्त सामूहिक प्रदर्शनीमा कलाकार रत्नकाजीले ओभलिजन शैलीमा अधारित भगवान् बुद्धका विभिन्न रूपलाई प्रस्तुत गरेका छन् । उनका दसवटा चित्र प्रदर्शनीमा राखिएका छन् । चन्दा श्रेष्ठले तयार पारेका साना तथा ठूला गरी सातवटा चित्र प्रदर्शनीमा छन् । उनले मनोरम प्राकृतिक सौन्दर्यलाई क्यानभासमा उतारेकी छिन् । सुष्मा राजभण्डारीले भने गणेश भगवान्का विभिन्न रूपलाई चित्रकलामार्फत प्रस्तुत गरेकी छिन् । उनका १२ वटा चित्र प्रदर्शनीमा राखिएका छन् । अघिल्लो बिहीबार प्रारम्भ भएको यो प्रदर्शनी भदौको तेस्रो सातासम्म जारी रहनेछ ।

### सामूहिक चित्रकला प्रदर्शनी

महिला कलाकार समूह (वागन) को आयोजनामा राजधानीमा सामूहिक चित्रकला प्रदर्शनी प्रारम्भ भएको छ । 'आजको विश्वमा महिलाको भूमिका' शीर्षकको उक्त प्रदर्शनी राजधानीको नागपोखरीस्थित इमागो डाइ क्याफे ग्यालरीमा गत आइतबार साँझ उद्घाटन गरिएको हो । उक्त प्रदर्शनीमा दुई दर्जन कलाकारका तीन दर्जनभन्दा बढी चित्र राखिएका छन् । आगामी भदौ २१ गतेसम्म चल्ने यो प्रदर्शनी प्रत्येक दिन बिहान आठ बजेदेखि राती नौ बजेसम्म सर्वसाधारणका लागि खुला छ । नेपाल पर्यटन बोर्डको समेत सहभागिता रहने यो प्रदर्शनीमा रागिनी उपाध्याय, इरिना ताम्राकार, सुनिता राणा चन्द्रा श्रेष्ठ, जया शर्मा, आशा डंगोल, विधाता केसी, बिपना महर्जन, प्रमिला वि., सम्फना राजभण्डारी, रश्मि अमात्य, संगी श्रेष्ठ, शोभा वाग्ले आदि महिला कलाकारले तयार पारेका चित्र समावेश छन् । प्रदर्शनीमा वीरेन्द्रप्रताप सिंह, गेहेन्द्रमान अमात्य, केशवराज खनाल, किशोर नकर्मी, मुकेश मल्ल, नगेन्द्रप्रसाद पौडेल, लय मैनाली, किशोर नकर्मी, शशिविक्रम शाह, श्यामसुन्दर यादव तथा सुदर्शनविक्रम राणाका चित्र पनि छन् ।

## ● पुस्तक ●

### संविधानमा दलित सभासद संवाद

जागरण मिडिया सेन्टर र दलित अध्ययन केन्द्रद्वारा प्रकाशित संविधानमा दलित सभासद संवाद नामक पुस्तक नेपालमा दलित आन्दोलनसँग सम्बन्धित छ । संविधानसभामा रहेका दलित समुदायको प्रतिनिधित्व गर्ने १८ जना सभासदको अन्तवार्ता समेटिएको यो पुस्तकका सम्पादक सुभाष दर्नाल हुन् ।

### मेरो जिन्दगी मेरो विश्वास

राजेन्द्र दाहालद्वारा सम्पादित पुस्तक 'मेरो जिन्दगी मेरो विश्वास' लाई एन्टेना फाउन्डेसन नेपालले प्रकाशित गरेको हो । पुस्तकमा समेटिएका २६ आत्मकथाले निराशा र कुण्ठामा रहेका मानिसहरूलाई आशावादी मात्र नबनाई समाजका लागि केही गर्नसमेत प्रेरणा दिने विश्वास प्रकाशन संस्थाले लिएको छ ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



## यो साताको पञ्चाङ्ग

साउन २३ गते : रोपाईं जात्रा, २५ गते : विश्व आदिवासी जनजाति दिवस, २८ गते : विश्व युवा दिवस, २९ गते : श्रीकृष्ण जन्माष्टमी,

### मेष

धन आर्जन हुने योग छ । मान-सम्मान पनि पाउनुहोला । सभा-सम्मेलनहरूमा हुने सहभागिताले मनोबल बढ्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ । यात्रा गर्ने अवसर प्राप्त होला । आफन्तहरूको सहयोग पाइनेछ । सोमबार र मंगलबार खर्च, विवाद एवं चिन्ताले सताउनुका साथै धनमाल हराउन सक्छ ।

### मिथुन

भाग्योदय हुने योग छ । मान-सम्मान पाइनेछ भने अरूको मन जित्न सकिनेछ । धन आर्जन गर्ने अवसर पनि जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । खर्च एवं विवाद बढ्ने हुँदा बोल्दा विचार पुऱ्याउनुहोला । भेटघाटमा रमाउने अवसर तथा अध्ययनमा सफलता मिल्नेछ ।

### सिंह

व्यवसाय एवं सोच्ने शक्ति बढ्नुका साथै यात्रा गर्ने अवसर जुट्नेछ । मान-सम्मान पाइने योग छ । अध्ययनका लागि विदेश जाने अवसर मिल्नेछ । धन आर्जन हुनसक्छ । आफन्तहरूबाट सहयोग पाइनेछ । स्वास्थ्यमा हानि, मनमा चिन्ता तथा काममा बाधा आउने योग छ । खर्च एवं विवाद पनि बढ्न सक्छ ।

### तुला

अध्ययनमा सफलता हात लाग्नेछ । बौद्धिक सम्मान एवं धन आर्जन गर्ने अवसर प्राप्त होला । व्यवसायमा सफलता मिल्नेछ । यात्रा हुनसक्छ । अरूले तपाईंको प्रशंसा गर्नेछन् । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । रोग एवं शत्रु बढ्ने हुँदा खाँदा तथा बोल्दा विचार पुऱ्याउनुहोला ।

### धनु

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुनेछन् । नयाँ काम पाइने योग छ । मान-सम्मान पनि प्राप्त होला । आफन्तहरूबाट सहयोग मिल्नेछ । बोल्दा विचार पुऱ्याउनुहोला । अध्ययनमा सफलता मिल्ने देखिँदैन । स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ । सवारी चढ्दा तथा चलाउँदा सचेत रहनुहोला ।

### कुम्भ

मान-सम्मान मिल्नेछ भने काममा सफलता पाइनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम हात लाग्ने योग छ । अध्ययनमा सफलता मिल्नेछ । धन आर्जन हुनसक्छ । बोलीको प्रभाव बढ्नेछ । व्यवसायमा सफलता हात लाग्नेछ । सजिलै अरूको मन जित्न सकिनेछ ।

### वृष

सुरुमा धन-मान प्राप्त हुनेछ भने काममा सफलता मिल्नेछ । व्यवसाय लाभप्रद रहनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ । अरूको विश्वास जित्न सकिनेछ । अध्ययनमा सफलता हात लाग्नेछ । साताको अन्त्यमा खर्च, विवाद एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने देखिन्छ ।

### कर्कट

स्वास्थ्य गडबड रहनेछ भने मन पनि चिन्ताग्रस्त हुनसक्छ । कुरा काट्नेहरू सक्रिय देखिन्छन् । विश्वास गरेकाहरूले धोका दिन सक्छन् । सोमबारदेखि भाग्यले साथ दिन थाल्नेछ । मान-सम्मान पाउनुहोला । धन आर्जन गर्ने अवसर जुट्नेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ ।

### कन्या

रोग एवं शत्रु बढ्नेछन् । सानो काममा पनि सफलता पाउन गाह्रो पर्ला । समयमा निर्णय नहुँदा आफ्नो काममा अरूले नै अधिकार जमाउनेछन् । चोट-पटक लाग्न सक्छ । सोमबार र मंगलबार भाग्यले साथ दिनेछ भने मान-सम्मान पनि प्राप्त होला । व्यवसायबाट लाभ मिल्नेछ । बुधबार र बिहीबार चिन्ता बढ्न सक्छ ।

### वृश्चिक


आफन्तहरूको सहयोग मिल्नेछ । जोस-जाँगर एवं सोच्ने शक्ति बढ्नेछ । धन आर्जन हुनसक्छ । धेरै काममा सफलता हात लाग्नेछ । धार्मिक कार्यमा रुचि बढ्नेछ । अधुरा काम पूरा हुनेछन् । अरूको विश्वास जित्न सकिनेछ । व्यवसायमा सफलता पाउन प्रयास गर्नुपर्ला । स्वास्थ्यको ख्याल गर्नुहोला ।

### मकर

बोली प्रभावशाली हुनेछ । पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने सम्भावना छ । व्यवसायबाट लाभ मिल्नेछ । रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ । भेटघाटमा प्रसन्नता बढ्नेछ भने प्रशंसा गर्नेहरू प्रशस्तै हुनेछन् । साताको अन्त्यतिर रोग एवं शत्रु बढ्नेछन् ।

### मीन

खर्च, विवाद एवं गलत विचार बढ्नुका साथै काममा अवरोध आउनेछ । सानो काममा सफलता पाउन पनि गाह्रो पर्ला । धनमाल हराउन सक्छ । आइतबार, मान-सम्मान मिल्ने, काममा सफलता हात लाग्ने, व्यवसायबाट लाभ हुने तथा धन आर्जन हुने योग छ । सजिलै अरूको विश्वास जित्न सकिनेछ ।



# राजनैतिक घोचपेचमै केन्द्रित

• कृष्ण भट्टराई

## गाईजात्रा पर्व विशेष

काठमाडौं- नेपालमा २ दर्जनभन्दा बढी मन्त्रालय छन् तर सबै मन्त्रालयले जनतालाई आवश्यक सेवा-सुविधा दिन सकेका छैनन्। मन्त्रालयले समन्वयकारी भूमिका निर्वाह गरिदिएका भए जाजरकोटको झाडापखाला केही समयमै नियन्त्रण भैसक्थ्यो। हास्य कलाकारत्रय रवि डंगोल (बेइमान), पूर्ण थापा (सुब्बा दाजु) तथा जानुका केसीलाई नेपालका मन्त्रालयको तुलनामा सार्वजनिक शौचालय नै उपयोगी लागेको छ। शौचालयले कम्तीमा जनताको सेवा त गरिरहेको छ। गत बुधबारदेखि राजधानीको राष्ट्रिय सभागृहमा दुई दर्जनभन्दा बढी हास्य कलाकार सहभागी 'गाईजात्रा महोत्सव २०६६' को एउटा प्रहसन 'मन्त्रालय भर्सेज शौचालय' मा समसामयिक विषयवस्तुमा तीखो व्यंग्य प्रहार गरिएको छ। महोत्सवमा झण्डै एक दर्जन चोटिला प्रहसन प्रस्तुत भैरहेका छन् तर तीमध्ये 'मन्त्रालय भर्सेज शौचालय' ले समसामयिक विषयलाई ठ्याक्कै समातेको छ।

ग्लोबल बिजको आयोजनामा साउन ३१ गते शनिबारसम्म जारी रहने यो महोत्सवमा सञ्चारकर्मी दिनेश डिसी पनि कलाकारकै रूपमा प्रस्तुत भएका छन्। उद्घोषणको जिम्मा पाएका डिसीले हास्य कलाकार सुरवीर पण्डितसँग मिलेर रमाइलो उद्घोषणमात्र गर्दैनन् गब्बर सिंहको भूमिकामा प्रस्तुत भएर नेतालाई नेपाली भाषामै सपथ खुवाउन बाध्यसमेत पार्छन्। महोत्सवको प्रारम्भदेखि अन्त्यसम्म नै डिसी र सुरवीरको जोडीले कहिले शान्ता क्लज बनेर त कहिले महिला बनेर दर्शकलाई मनोरञ्जन प्रदान गरिरहन्छन्।

महोत्सवमा हास्य कलाकारत्रय दमन रूपाखेती, शेखर खनाल तथा नन्दा बस्यालको समूहले प्रस्तुत गर्ने 'शिशु गणतन्त्र' शीर्षकको प्रहसन अझ रोचक छ। उनीहरूले भर्खरै स्थापना भएको गणतन्त्रलाई शिशु अवस्थाबाट माथि उठ्नै नदिने षडयन्त्रका बारेमा मात्र चर्चा गर्दैनन् राजनैतिक दलका नेताहरूलाई गणतन्त्रलाई मलजल गर्दै हुर्काउन सुझाव समेत दिन्छन्। यसअघिका गाईजात्रा महोत्सवमा व्यंग्यात्मक कवितामार्फत् दर्शकमाझ प्रस्तुत हुने सोमनाथ सुवेदीले यसपटक पूर्व राजाको क्यारिकेचर गरेका छन्। पूर्व राजाको क्यारिकेचर गर्ने क्रममा उनले कविता वाचन गर्न भने छुटाउँदैनन्। शिवशंकर रिजालले दुई हास्य कलाकार सुरवीर पण्डित तथा निरज सुवेदी (गोविन्द बाजे) सँग मिलेर 'छत्रछायाँ' शीर्षकको प्रहसन प्रस्तुत गरेका छन्। इकु अर्थात् सुलेमान शंकरले यसपटक आफ्नै चलचित्र 'इकु' को शीर्षक गीतमा नृत्य गरेर दर्शकलाई हँसाएका छन्। जंगली पहिरनमा प्रस्तुत भएर 'आनी ताका नानी...' गीतमा नृत्य प्रस्तुत गर्दा दर्शकहरू पेट मिचिमिची हाँस्न बाध्य हुन्छन्। टेलिश्रृंखलामा प्रायः कमै देखिने हास्य कलाकार खेम शर्मा तथा मूला साग उपनामले लोकप्रिय सुरेन्द्र केसीले पनि प्रहसनमार्फत् दर्शक हँसाइरहेका छन्। रमेश केसी, प्रभाकर शर्मा तथा मञ्जु श्रेष्ठ (बिजुली) को प्रहसन पनि व्यंग्यात्मक छ। मुनाल घिमिरे, पल्पसा डंगोल तथा जानुका केसीलाई पनि दर्शकले मन पराएका छन्। आगामी बुधबार तथा बिहीबार राष्ट्रिय नाचघरमा समेत आयोजना हुने यो महोत्सवको सबैभन्दा आकर्षक पक्ष नृत्यांगना सम्झना बुढाथोकी बनेकी छिन्। उनले रिमिक्समा गरेको आइटम डान्सबाट दर्शकले थप मनोरञ्जन प्राप्त गरिरहेका छन्।

कमलादीस्थित प्रज्ञा भवनमा पनि गत बुधबारदेखि नै 'तीते-जिरे-मेरी बास्सै गाईजात्रे हास्यव्यंग्य कार्यक्रम २०६६' सञ्चालन भैरहेको छ। गाईजात्रे कार्यक्रमको इतिहासमै सर्वाधिक १८ दिनसम्म आयोजना हुने यो कार्यक्रममा नेपाल टेलिभिजनका तीन लोकप्रिय हास्य श्रृंखला 'तीतो-सत्य', 'मेरी बास्सै' तथा 'जिरे खुर्सानी' का नाम चलेका कलाकारले दर्शक हँसाइरहेका छन्। भदौ ६ गते शनिबारसम्म जारी रहने यो कार्यक्रममा तीतो-सत्यका दीपकराज गिरी, दीपाश्री निरौला, निर्मल शर्मा, गोपाल अधिकारी, गोपाल नेपाल (फिस्टे), कमल गाउँले आदि कलाकार सहभागी छन्। मेरी-बास्सैका सीताराम कट्टेल (धुर्मुस), केदार घिमिरे (माग्ने बूढा), कुञ्जना घिमिरे (सुन्तली), सुरज चापागाईं (बान्द्रे) पनि आकर्षक प्रहसनमार्फत् प्रस्तुत भएका छन्। जिरे-खुर्सानीका जितु नेपाल, शिवहरी पौडेल, किरण केसी, सविता गुरुङ, मनोज आचार्य आदिले पनि रमाइलो प्रहसनमार्फत् दर्शक हँसाइरहेका छन्।

कार्यक्रममा 'तीतो-सत्य' समूहले 'सुस्ता सुस्ताउँदै छ' तथा 'संविधान सभा भवन' शीर्षकका दुई प्रहसन प्रस्तुत गर्दैछ। संविधान सभा भवनमा सुवास गजुरेल, कमल मैनाली, कमल गाउँले, कुमार गजुरेल, केशव न्यौपाने आदि कलाकार छन्। मनोज गजुरेलको व्यंग्यात्मक उद्घोषण रहने यो कार्यक्रममा जिरे-खुर्सानी समूहले पनि दुईवटा प्रहसन प्रस्तुत गरिरहेको छ। जितु नेपाल तथा शिवहरी बैरागीको समूहले माओवादी सभासद तथा सत्ता पक्षका सभासदहरूबीचको दोहोरी गीत प्रतियोगिता सञ्चालन गरेका छन् भने किरण केसी तथा शिवहरी पौडेलको समूहले 'हे शिव लिंग' शीर्षकको प्रहसनमार्फत् दर्शक हँसाइरहेका छन्। मेरी बास्सै समूहले भने 'सम्बन्ध विच्छेद' शीर्षकको प्रहसनमार्फत् दर्शकको मन जितिरहेका छन्। यो कार्यक्रममा शैलेन्द्र सिम्खडाले रमाइलो कवितावाचन गरेर दर्शकलाई हँसाइरहेका छन् भने संगीतकार टीका भण्डारीले प्यारोडी गीतमार्फत् देशको समसामयिक विषयवस्तुमाथि व्यंग्य प्रहार गरेका छन्। मिडिया प्लग प्रालिले आयोजना गर्न लागेको यो गाईजात्रे कार्यक्रममा नृत्यांगना नीरू खड्काले आइटम नृत्य प्रस्तुत गरिरहेकी छिन्।

## मिस टिनको अडिसन भोलि

काठमाडौं– टिन एजरहरूलाई खुसीको खबर। आगामी भदौ २८ गते आइतबार 'मिस टिन २००९' शीर्षकको सुन्दरी प्रतियोगिता आयोजना हुँदैछ। प्रतियोगितामा सहभागी गराइने किशोरीहरूको छनौट भोलि शनिबार हुँदैछ। छनौट कार्य ताहाचलस्थित ग्रान्ड होटलमा सम्पन्न हुने आयोजक युथ फर नेपालले जनाएको छ। 'ब्युटी विद ब्रेन' नारासहितको यो प्रतियोगितामा सहभागी हुने किशोरीहरूका लागि छनौटपछि ३ साता लामो ग्रुमिङ सेसन आयोजना गरिनेछ। जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरिने निर्णायक प्रतियोगितालाई छ सिक्वेन्समा विभाजन गरिनेछ। प्रतिस्पर्धाका विजेतालाई 'मिस टिन २००९' सहित फस्ट रनर अप, सेकेन्ड रनर अप, मिस ट्यालेन्ट, पर्सनालिटी, डिसिप्लिन, क्रिएटिभ, सोसयल सर्भिस, पपुलर, हेयर, स्माइल तथा मिस क्याटवाक गरी १३ विधामा उपाधि प्रदान गरिनेछ। ग्रुमिङ सेसनको क्रममा व्यक्तित्व विकास, वक्तृत्व कला, जनसम्पर्क, सामाजिक सम्बन्ध, सौन्दर्य, फिटनेस, योगा, मेडिटेसन तथा स्टेज प्रस्तुति विधामा प्रशिक्षण प्रदान गरिने आयोजकले जनाएका छन्।




वार्षिक उत्सवको उपलक्ष्यमा
विशेष सहुलियतका
साथ १०० % रोजगारमुलक
कुक, वेटर, हाउसकिपिङ्ग,
रुम ब्वाई, सेक्युरीटीगार्ड आदी।
होटल तालिम
• Theory भन्दा Practical बढी
• नेपाली/अंग्रेजीमा, विशेष कक्षाको व्यवस्था
• 5 star Hotel का शेफहरुद्वारा
कामना
कोटेश्वर
४६०१८७८, ४६००३३५

● सम्पादकीय ●

# सुरक्षित बनाऊ सडक

गएको मंगलबार राति काठमाडौंको मुटु मानिने रत्नपार्कमा भएको हृदयविदारक सडक दुर्घटनाले नेपालका सडकहरू निकै असुरक्षित छन् भन्ने कुरा फेरि एकपटक प्रमाणित भएको छ। मापदण्डविपरीतका सडक, सडकको क्षमताभन्दा बढी सवारी साधन, पुराना र थोत्रा सवारी साधनको बाहुल्य, अराजक र अनुशासनहीन चालक, भ्रष्ट र लोभी ट्राफिक प्रहरी आदि सबै नेपालमा बढ्दो सवारी दुर्घटनाका कारण मानिएका छन्। एक अध्ययनअनुसार अहिले राजधानी काठमाडौंलगायत मुलुकका प्रमुख सहरमा सडकले धान्न सक्ने क्षमताभन्दा बढी सवारी साधन छन्। राज्यले यस्ता सवारी साधनलाई नियन्त्रण गर्नुको साटो सवारी साधन थप्ने क्रमलाई जारी नै राखेको छ। मुख्य कुरा हाम्रा सडकको निर्माण तथा मर्मत–सम्भारको अवस्था कस्तो छ ? तिनले कस्ता र कति क्षमताका सवारी साधनलाई थेग्न सक्छन् ? भन्ने कुरालाई न त राज्यले, न त ट्राफिक प्रहरीले, न त सवारी साधन आयात गर्ने पक्षले नै ध्यानमा राखेका छन्। जबसम्म हामी सवारी साधनसम्बन्धी न्यूनतम मापदण्डलाई व्यावहारिक रूपमा कठोरतापूर्वक लागू गर्ने साहस देखाउन सक्दैनौं तबसम्म नेपालमा सवारी दुर्घटनाको वर्तमान गति रोकिने कुनै सम्भावना देखिँदैनन्।

सहरी यातायात मात्र असुरक्षित छैन। नेपालका राजमार्ग तथा सुदूर पहाडी सडकहरू पनि असुरक्षित छन् भन्ने कुरा दिनहुँजसो प्रकाशमा आउने सवारी साधन दुर्घटनाका खबरले प्रमाणित गर्छन्। नेपालजस्तो विकासशील मुलुकका लागि सडक भौतिक विकासको पहिलो सर्तका रूपमा हेरिँदै आएको छ। सडक निर्माण गर्दा त्यसले लाभ पुर्‍याउने पक्षलाई मात्र हेर्ने गरिएको छ। त्यस्तो सडक निर्माण गर्दा त्यो कति सुरक्षित छ ? कति बलियो छ ? भन्ने कुरालाई बेवास्ता गरिएकै कारणले अहिले नेपालमा दिनहुँजसो सडक दुर्घटना हुने गरेका छन्। त्यसबाहेक सवारी साधन चलाउनेले ट्राफिक नियमको न्यूनतम मापदण्डलाई समेत ख्याल नगरी जथाभावी गर्ने प्रवृत्तिका कारण पनि रत्नपार्कको जस्ता घटना दोहोरिने गरेका छन्। यस्ता दुर्घटनाले प्रतिक्रियास्वरूप जन्माउने जनआक्रोशले सडकलाई थप असुरक्षित बनाउँदै लगेको छ। यस्ता जनआक्रोशहरूलाई राजनैतिक दल एवं तिनका भ्रातृ संगठनसमेतले मलजल गर्दै आएका छन्। यस्ता समस्यालाई सरोकारवाला सबै पक्षले साझा सामाजिक समस्याका रूपमा हेरेर ठोस समाधानका लागि पहल गर्नुपर्ने हो, तर त्यस्तो पहल कहिले प्रारम्भ हुन्छ ? अहिलेको ज्वलन्त प्रश्न यही नै हो ?

अँध्यारोबाट उज्यालोतिर बढ्न, नछुटाऊँ साप्ताहिक पढ्न।
*सौजन्य : साप्ताहिक-पाक्षिक पत्रिका राष्ट्रिय सञ्जाल*

● चिठीपत्र ●



## भाषिक विवाद अन्त्य होस्

संविधान सभाको बैठकमा भाषिक विवादले ठूलो स्थान पाएको छ। सामाजिक एवं सांस्कृतिक ऐक्यबद्धताका लागि आधार निर्माण समितिले पेस गरेको अवधारणापत्र र मस्यौदामाथिको छलफलका क्रममा सभासदहरूबीच भाषिक नीतिका सम्बन्धमा चर्को विवाद देखिएको छ। विशेषगरी केन्द्रीय सरकारी अड्डा-अदालतमा कुन भाषा प्रयोग हुने भन्ने विषयमा विवाद भएको हो। नेपाली कांग्रेस तथा नेकपा एमालेका सभासदहरू नेपाली भाषाको पक्षमा देखिन्छन्।

मधेस/तराईवादी सभासदहरू हिन्दी भाषालाई पनि सरकारी कामकाजको भाषा बनाइनुपर्ने पक्षमा छन्। एकीकृत नेकपा माओवादीका सभासदहरू बहुभाषिक नीतिमा जोड दिइरहेका छन्। भाषा जस्तो संवेदनशील विषयमा यस्तो विवाद हुनु अस्वाभाविक होइन तर मधेसवादी दलहरूलाई मैथिली र भोजपुरीभन्दा कसरी हिन्दीमोहले तान्यो, बुझ्न सकिएन। दलीय स्वार्थभन्दा माथि उठेर सबैको भावनात्मक सम्बन्ध विकसित गर्ने भाषिक नीति नयाँ संविधानमा लेखिनुपर्छ। भाषाका सम्बन्धमा कुनै दलले राजनीति गर्नुहुँदैन।

नेपाल बहुजातीय देश भएकाले नै यहाँ बहु-भाषाको अभ्यास हुँदै आएको हो। हाल नेपालमा १ सय २ वटा भाषा रहेको दाबी गरिएको छ। केही भाषा मृत अवस्थामा छन् भने कुनै लोप हुने स्थितिमा पुगेको विभिन्न तथ्यांकहरूले देखाएका छन्। भाषा कुनै पनि जातजाति, समुदायको गहना र पहिचान समेत भएकाले यसको विकास एवं संरक्षण हुनुपर्ने कुरालाई कसैले नकार्न सक्दैन। अन्य व्यक्तिसित सम्पर्कका लागि सजिलो हुने भएकाले आफूले बोल्ने भाषा अरूले पनि बोलून् भन्ने मनोविज्ञानलाई अन्यथा लिनु हुँदैन।

भाषा, संस्कृति, वेशभूषा, जातीय आधारमा विकसित हुँदै आएको र वेशभूषाको संस्कृति भने भौगोलिक अवस्था तथा मौसम अनुसार अनुकूल बनाउन प्रयोगमा ल्याइएको पाइन्छ। जस्तै- हिमालका आदिवासी/जनजातिहरू जाडोका कारण बाक्लो लुगा लगाउँछन्। पछि त्यो वेशभूषा नै संस्कृति बन्यो। गर्मीमा बस्ने जातजातिले गर्मीका कारण पातला पहिरन लगाए जुन संस्कृतिका रूपमा पहिचान बन्यो। भाषाकै कुरामा उत्तरी भेकमा बस्ने जातजातिहरू तिब्बतको सिमाना नजिक भएका कारण तिब्बती भाषा, वेशभूषा र संस्कृतिसित नजिकिए।

देश नयाँ संविधान लेखनको यात्रामा छ। संविधान निर्माणका क्रममा जुटिरहेका सभासद्हरूबीच केन्द्रीय सरकारी कामकाजको भाषा कुन हुने भन्ने विषयमा ठूलो विवाद देखिन्छ। आफ्नो अनुकूलको भाषा नीति लागू गराउन सबै दल आ-आफ्नै अडानमा छन्। दलीय स्वार्थमा चल्नेहरूका लागि यो स्वाभाविक होला तर यसले सार्थक परिणाम भने दिनेछैन। भाषा गतिशील हुन्छ। यो संस्कृतिको एउटा पाटो हो। कसैले संरक्षण गरेर वा विकास गरेर यो जीवन्त हुन सक्दैन। यो कुनै कालखण्डपछि आफै विलय हुँदै जान्छ। संस्कृत भाषा नै त्यसको एउटा उदाहरण हुन सक्छ। हिन्दू, बौद्ध दुवैको धार्मिक भाषा भए पनि आज संस्कृत किन मृतप्राय छन् ? कारण यसको जनजिब्रोमा सजिलै ल्यान्डिङ नहुनु हो।

भाषाको सर्वव्यापी प्रयोगलाई मापदण्ड मानेर हेरिनुपर्छ। अंग्रेजी भाषा नेपालको विगतका संविधानमा लेखिएर बहुप्रचलनमा आएको होइन। कुसुन्डा, राउटे, चेपाङ आदिका भाषा संविधानमा नलेखेर लोप भएका होइनन्। आफ्ना बालबालिकालाई अंग्रेजी स्कुलमा पढाउनेहरूले जानेको हुनुपर्छ कुन भाषालाई बढी प्राथमिकता दिनुपर्छ भन्ने कुरा। राजनैतिक नारा र व्यवहार दुई भिन्न हुन्। मुस्लिम सभासद मोहमद्धि सिद्धिकीले उर्दू भाषामा पी.एच.डी. गर्नेहरूको उपयोग अरबी देशहरूमा मात्र हुन सकेको उदाहरण पेस गरेकी छिन्। सभासद सन्तोष बूढामगर र दिलीप महर्जनले आफ्नो मातृभाषा बोल्दा कुनै पनि सभासदले बुझेनन्। अर्की सभासद चन्दन साहले हिन्दीमा बोल्नुभयो। मैथिली वा भोजपुरीमा बोलेको भए नबुझे पनि आफ्नोपन झल्कन्थ्यो होला। सभासद विना पौडेल, डोल्मा लामा तथा शान्तिमाया तामाङले नेपाली भाषामा बोलेका कारण सबैले बुझे।

हो भाषा सबैले बुझ्ने हुनुपर्छ। कसैले पनि तिम्रो भाषा नबोल भनेका छैनन्। कसैले भन्ला, दोभाषे राख्ने नि। के यो देशको सीमित स्रोत-साधनमा सम्भव होला ? सपना सबै राम्रा हुन्छन् तर व्यावहारिक पक्षलाई पनि त्यत्तिकै सोंच्नुपर्छ। त्यसैले संघीयताभित्रको नेपालीबीच भावनात्मक ऐक्यबद्धता र विविधताबीचको ऐक्यबद्धतालाई बलियो बनाउन सबैलाई सबैको मातृभाषामा आधारभूत शिक्षाको व्यवस्था गर्नुपर्छ भन्नु स्वागतयोग्य छ। राष्ट्रिय सम्पर्क भाषाका रूपमा नेपाली भाषा स्थापित भैसकेको र अन्तर्राष्ट्रिय भाषाका रूपमा अंग्रेजी भाषाले विश्वव्यापी स्थान लिइसकेको वर्तमान अवस्थामा नेपाललाई नयाँ बनाउने हो भने यी दुई भाषाको विकल्प हामीसित छैन।

**फुर्पा तामाङ, ठूलोभार्खु, रसुवा**

● तीतो सत्य ●

● प्रेम त्यो चीज हो जसबाट कोही पनि अछुतो रहन सक्दैन।

**टीकाराम अर्याल**

● धोकाले मायालाई पगाल्छ तर सत्यले मायालाई डोर्‍याउँछ।

● आफ्नो परिचय दिन सधैं राम्रो बाटो अपनाऊ।

● प्रेम नै सफल जीवनको पहिलो खुड्किला हो।

**सविन रिजाल, धरान**

● अर्धशिक्षा मानिसको अहंकार मौलाउने बाटो हो।

● अरूलाई उडाएर आनन्द लिनु पछौटे समाजको विशेषता हो।

**सत्यदेवी बराल, कास्की**

● स्वार्थी भावनाले ओतप्रोत सम्बन्ध चिरस्थायी रहन सक्दैन।

● झूटको खेती न त सप्रन्छ, न त उब्जाउ नै हुन्छ।

● जुम्सो अघि सर्न मान्दैन, छरितो जुम्सो हुन जान्दैन।

● नामले मात्र पनि दाम कमाउन असम्भव छ, दामले पनि नाम कमाउन असम्भव छ, सीप लगाएर, जाँगर चलाएर, पौरखी बनेर, कर्मठशील भएर अगाडि बढ्ने हो भने दुवै कमाउन सम्भव हुन्छ।


**अक्षोभ केसी, काभ्रे**

*'तीतो सत्य' स्तम्भका लागि आफूले देखेका, भोगेका कटु सत्य पठाउन हार्दिक अनुरोध छ।*

***–सम्पादक***

● सहर चर्चा ●

## आगोबाट बिजुली




जयन्तराज गौतमले धरानको भानुचोकस्थित घण्टाघरमा पत्रकार एवं स्थानीय बासिन्दाहरूबीच आगो र पानीको माध्यमबाट बिजुली बालेर देखाए। धरान, दुर्गापथका ४८ वर्षीय गौतमले आफूले निकै मेहनतपश्चात् उक्त काम गर्न सकेको बताए। चुल्हामा खाना पकाएको आगोको मुखमा तातो बनाउन आल्मोनियमको पाता र माथि पानी राखिएको थियो। बीचमा तातो र चिसोबीच सम्बन्ध जोड्न मोडुलेटर राखिएको थियो र दुईवटा तार त्यसबाट निकालेर स्विचसँगै बल्ब थियो। जब गौतमले चुल्होमा आगो बाले एकछिनपछि सँगै जोडिएको बल्ब बल्यो। टाई इलोक्ट्रोनिक्स इन्स्टिच्युट, काठमाडौंबाट डिप्लोमा गरेका गौतमको आगामी योजना विनाकम्प्रेसर एसी फ्रिज निर्माण गर्ने, ग्याँस र हावाबाट बिजुली निकाल्नेछ। अमेरिकामा रहेका साथी कुमार श्रेष्ठको सहयोग र आफ्नो मेहनतले यो काममा सफल भएको गौतमले बताए। गौतम भन्छन्– 'खाना पकाएको बेला यसबाट चार्ज भएको विद्युतीय करेन्टलाई स्टोरेज गरेर पछि पनि प्रयोग गर्न सकिन्छ। यो ऊर्जाबाट मोबाइल चार्ज गर्न, रेडियो बजाउन तथा टेलिभिजन हेर्न सकिने दाबी गौतमको छ।'

प्रस्तुति : भीषण राई

● मोडल वाच ●

## घान्द्रुककी ठिटी

जस्सु गुरुङ, गुरुङ चलचित्र र दर्जनौं म्युजिक भिडियोकी नायिका हुन्। पर्यटकीय गाउँ घान्द्रुकको विषयमा लेखिएको 'घान्द्रुककी ठिटी' म त गाउँकै गीत गाउँछु..' गीतले उनको चर्चा चुलियो। यसै कारणले उनलाई 'घान्द्रुककी ठिटी' को नामले बढी चिन्छन्। पार्दी विरौटाकी स्थायी बासिन्दा जस्सुले गुरुङ चलचित्र 'टोरा' तथा नेपाली चलचित्र 'संकल्प' मा नायिकाको भूमिका निर्वाह गरिसकेकी छिन्। चर्चित गायक-गायिकाहरूको गीतको भिज्युअलमा पनि उनको अभिनय देख्न पाइन्छ। जस्सु पोखरामा बसेर पनि आफ्नो अलगै पहिचान बनाउन सकिन्छ भन्ने उदाहरण भएकी छिन्। ५ फिट २ इन्च अग्ली जस्सु फरासिलो स्वभावकी छिन्। मुसुमुसु हाँसिरहने उनको बानीले जसलाई पनि भुतुक्कै पार्छ। पत्रपत्रिका पढ्न, घुम्न र नृत्य गर्न मन पराउने जस्सु नृत्य प्रशिक्षक पनि हुन्। उनी डाँफे कला मन्दिरदेखि स्थानीय विद्यालयहरूसम्ममा नृत्य सिकाउँछिन्। उनले चलचित्रमा सहनिर्देशन तथा स्क्रिप्ट लेखनको कामसमेत गरेकी छिन्। बीबीएस तेस्रो वर्षमा अध्ययनरत जस्सुको लक्ष्य चलचित्र निर्देशन गर्नु हो। उनले चलचित्र निर्देशनसम्बन्धी तालिम पनि लिएकी छिन्। अध्ययनसँगै मोडलिङलाई समेत अघि बढाइरहेकी जस्सु मोडलिङबाट चिनिने अवसर पाएकोमा दंग छिन्।



● मुखाले ●

तेस्रो जनआन्दोलनले नै जनविद्रोहको ढोका खोल्छ।

**पुष्पकमल दाहाल**

आफ्ना कुरा मात्र सत्य मान्ने परिपाटीबाट दलहरू मुक्त हुनुपर्छ।

**माधवकुमार नेपाल**

वर्तमान गतिरोध नयाँ संयुक्त राष्ट्रिय सरकारले मात्र तोड्न सक्छ।

**डा. बाबुराम भट्टराई**

माओवादीबाट आएका प्रस्ताव अन्य दललाई प्रतिबन्धित गरेर एकदलीय तानाशाही लाद्ने खालका छन्।

**रामचन्द्र पौडेल**

सेनालाई गोलाबारुद/ रसदपानी चाहिन्छ, त्यो ल्याउँछौं।

**केपी शर्मा ओली**

जनविद्रोहको माओवादी चेतावनी घुर्की मात्र हो।

**झलनाथ खनाल**

कांग्रेस सुल्टो हिंडेको कतै देखिँदैन।

**गोविन्दराज जोशी**

अहिलेको सरकारसँग कोही पनि सन्तुष्ट छैनन्।

**उपेन्द्र यादव**

माओवादी लडाकुलाई सेनामा प्रवेश गराउनु हुँदैन।

**विजय गच्छेदार**

केही मानिसका लागि राजनीति व्यापार र मनोरञ्जन भएको छ।

**रामकुमार शर्मा**

# नेपालीहरूले वाइन र कफी खान जानेका छैनन्

सञ्जीव केसी वाइनका विषयमा जानकारी राख्ने थोरै नेपालीमध्ये पर्छन्। स्वीट्जरल्यान्डको ग्लियोङ कलेजबाट होटल म्यानेजमेन्टमा स्नातकोत्तर गरेका केसीले त्यही कलेजबाट वाइनसम्बन्धी स्पेसल कोर्स गरेका छन्। गोल्डेन गेट कलेजमा होटल म्यानेजमेन्टको अध्यापक केसी नेपालमा हुने विशिष्ट भोज तथा सभाहरूमा वाइनका विषयमा लेक्चरका लागि बोलाइन्छन्। केसीले कफी विशेषज्ञ सुरेन्द्र श्रेष्ठसँग मिलेर ललितपुरको कुपन्डोल र धोबीघाटमा वाइन एन्ड कफी क्लब खोलेका छन्। विश्वभरिका वाइन र कफी नेपाल ल्याउने तथा नेपालमा उत्पादन हुने वाइन र कफी विदेश निर्यात गर्ने मुख्य लक्ष्य रहेको यो क्लबमा प्रत्येक महिना ३० जना युवालाई निःशुल्क तालिम दिइन्छ।

**धेरै युवाको रुचि होटल म्यानेजमेन्टतर्फ छ, नेपालमा पनि यो विषय अध्यापन गराउने कलेजको संख्या बढिरहेको छ, किन होला ?**

रोजगारीको ग्यारेन्टीले। नेपाल पर्यटकीय मुलुक हो। यहाँ पर्यटकलाई चाहेजस्तो सेवा-सुविधा दिन सकिएको छैन। म्यानपावरको कमी छ। विदेशमा पनि होटल म्यानेजमेन्ट गरेको मानिसले तुरुन्तै रोजगारी पाउँछ। जहाँ पनि बिक्ने पेसा भएकाले यसतर्फ युवाको आकर्षण बढेको हुनसक्छ।

**तपाईंले दस वर्षअघि नै यो विषय अध्ययन गर्नुभयो, त्यसबेला त होटल म्यानेजमेन्टको चर्चा थिएन नि ?**

यहाँ थिएन, तर विदेशमा सानो रेस्टुराँमा काम गर्न पनि होटल म्यानेजमेन्ट पढेको मानिसलाई प्राथमिकता दिइन्छ भन्ने कुरा मलाई थाहा थियो। मेरो बुबा आफैंले पनि सोल्टी होटलको कुक हुँदै हङकङमा रेस्टुराँ खोल्नुभएकाले त्यसको प्रभाव परेको हुनसक्छ।

**होटलमा काम गर्नुको आकर्षण के हो ?**

सेलिब्रेटीसँग नजिकको सम्बन्ध। मैले जेनेभाको इन्टर कन्टिनेन्टल होटलमा काम गर्दा अहिलेकी अमेरिकी विदेशमन्त्री हिलारी क्लिन्टन, राष्ट्रसंघका तत्कालीन मासचिव कोफी अन्नान, हिन्दी चलचित्रकी कलाकार सबाना आजमी, विश्वका धनी व्यक्ति बिल गेट्स मात्र होइन, तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको पनि सेवा गर्ने मौका पाएँ। त्यसबेला मलाई लाग्यो, थोरै मात्र यस्ता पेसा हुन्छन्, जसमा पैसा राम्रो हुन्छ। मीठो खान पाइन्छ र ठूला मानिससँग संगत पनि हुन्छ।

**तपाईंको बायोडाटा अध्ययन गर्दा विश्वका धेरै देशका राम्रा होटलमा काम गरिसक्नुभएको देखिन्छ, नेपाल फर्कनुपर्ने कारणचाहिँ के थियो ?**

मैले अस्ट्रेलिया, फ्रान्स, हङकङ, स्वीट्जरल्यान्डका पाँचतारे होटलहरूमा काम गरें। पैसा पनि प्रशस्तै कमाएँ। चार वर्षअघि हङकङको एउटा फ्रेन्च रिसोर्टमा काम गर्दा विश्वका धनी व्यक्तिहरूसँग उठबस भयो। यो संगतले म कोकिनको दुर्व्यसनी हुन पुगें। महिनामा तीन लाख नेपाली रुपैयाँ कमाउँथे, तर कोकिन खरिद गर्दा म उल्टै ऋणमा पर्थें। पहिले कमाएको पैसा पनि मैले कोकिनमै सकें। ऋण थपिँदै जाने र कोकिनको लत पनि बढ्दै जाने हो भने मेरो जीवन बर्बाद हुन्छ भनेर मलाई पिरोल्न थाल्यो। त्यसबाट बच्ने उपाय भनेकै नेपाल फर्केर आफ्नो उपचार गराउनु थियो। एक दिन बिहानै कसैलाई नभनी मैले नेपालको टिकट काटें। त्यसपछि उता फर्किएको छैन।

**कहाँ उपचार गराउनुभयो ?**

नेपाल प्रहरीको रानीवनमा दुर्व्यसनी सुधार केन्द्र रहेछ, त्यहीं।

**पूर्वदुर्व्यसनीका रूपमा आफ्नो मूल्यांकन गर्दा के पाउनुहुन्छ ?**

दुर्व्यसन छाड्ने प्रण गर्ने र त्यहीअनुसार काम गर्ने म मर्दको छोरा रहेछु। दुर्व्यसन नछाडेको भए यतिखेरसम्म मेरो जीवन समाप्त भैसक्ने थियो। मैले बोनसको जिन्दगी पाएको छु। यसलाई सार्थक काममा लगाउँछु भनेर प्रण गरेको छु।

**यो अन्तर्वार्ता प्रकाशित भएपछि तपाईंका विद्यार्थीको तपाईंप्रतिको दृष्टिकोण के होला ?**

मैले आफूसँग नजिक भएका मानिसबाट यो कुरा लुकाएको छैन। मैले विद्यार्थीलाई दुर्व्यसनी हुँदाको भयावह अवस्थाको जानकारी गराएको छु। मेरो कुरा सुनेपछि कोही पनि दुर्व्यसनी हुने हिम्मत गर्दैनन्। बाँकी रह्यो, मलाई कसरी हेर्छन् भन्ने कुरा, मैले विवाह गर्न खोज्दा सत्य बोलेकै कारण २५ वटीले मेरो प्रस्ताव अस्वीकृत गरे। तैपनि मैले सत्य बोल्न छोडिनँ। अन्त्यमा एउटी युवती मेरी श्रीमती हुन तयार भइन्। सत्य बोल्दा दुःख हुन्छ, तर काम पक्का हुन्छ।

**तपाईंको टिमले वाइन र कफी क्लब खोलेको छ, बजारमा आर्थिक फाइदा दिने होटल खोल्नुपर्ने होइन र ?**

अरूले गरेकै काम किन गर्नु ? अर्को कुरा, हामीले स्पेसलाइजेसन गरेको ज्ञान बाँड्न पनि क्लब खोलिएको हो। अधिकांश नेपालीलाई वाइन र कफी खान आउँदैन। कुन वाइन कस्तो, कसरी खाने, कसले खाने, किन खाने भन्ने कुरा थाहा नपाएको देख्दा मलाई आफूले पाएको ज्ञान बाँड्न मन लाग्यो। यसअघि मैले वाइनको मात्र क्लब खोलेको थिएँ, तर नेपालमा वाइन कल्चर आइनसकेकाले चलाउन सकिनँ। त्यसलाई फेरि व्यवस्थित रूपमा सञ्चालन गर्न लागेका छौं। नेपालमा उत्कृष्ट वाइन र कफी ल्याउने र नेपालका उत्कृष्ट वाइन र कफी विदेश निर्यात गर्न पनि यसको प्रारम्भ गरिएको हो।

**तपाईंले युवालाई निःशुल्क तालिम दिने दाबी गरिरहनुभएको छ, निःशुल्क तालिम सम्भव छ ?**

प्राविधिक ज्ञान नभएका युवाहरू विदेशमा निम्न स्तरको काम गरेको देखेपछि हामीले यो जुक्ति निकालेका हौं। हामी बेरोजगारलाई तालिम दिएर विभिन्न होटलमा काम पनि दिलाउँछौं, तर हाम्रो सर्त के छ भने जागिर खाएको पहिलो महिनाको तलब हामीलाई दिनुपर्छ।

**–अश्विनी कोइराला**



तस्बिर : नवराज वाग्ले

सञ्जीव केसी, वाइन विशेषज्ञ



# A लेभलको आकर्षण

पढ्नका लागि बिदेसिने युवायुवतीका लागि अमेरिका, अस्ट्रेलिया, चीन, जापान अब टाढा रहेनन्। सुलभ र स्तरीय शिक्षाका लागि लाखौं खर्चिएर थुप्रै नेपाली विद्यार्थी बिदेसिने गरेका छन्। भौतिक विकासले उत्कर्षमा पुगेका मुलुकहरूमा गएर आय आर्जनको बाटोमा लाग्ने सोच बनाएका युवायुवतीका लागि पनि 'अब्रोर्ड स्टडी' राम्रो बहाना बनेको छ। स्टुडेन्ट भिसाबाट आकाशको बाटो हुँदै समुन्द्रपारका मुलुकहरूमा पुग्ने नेपालीहरूको संख्या दिनहुँ थपिँदै गएको छ। यसरी स्टुडेन्ट भिसामा विदेसिनेहरूका लागि राम्रो माध्यम बनेको छ ए लेभल शिक्षा। बेलायतको क्याम्ब्रिज विश्वविद्यालयअन्तर्गत सञ्चालित जनरल सर्टिफिकेट अफ एजुकेसन (जीसीई) अर्थात् ए लेभल उत्तीर्ण गरिसकेपछि वैदेशिक शिक्षाको बाटो खुल्ने भएकाले अहिले यसप्रति युवायुवतीहरूको आकर्षण बढ्दै गएको हो। नेपालमा दुई दशक अघिदेखि नै ए लेभलको पढाइ सुरु भएको थियो। हाल नेपालमा ए लेभल अध्ययन गराउने कलेजको संख्या २० नाघेको छ।

### के हो ए लेभल ?

इन्टरनेसनल एक्जामिनेसनद्वारा सञ्चालित जनरल सर्टिफिकेट अफ एजुकेसन (जीसीई) अर्थात् ए लेभल बेलायतको क्याम्ब्रिज विश्वविद्यालय अन्तर्गत सञ्चालित छ। यो दुईवर्षे इन्टरमिडिएट कोर्स हो। यसमा विद्यार्थीले आफूले चाहेजति (कम्तीमा चारवटा) र चाहेको विषय पढ्न पाउँछन्। दुईवर्षे कोर्स भए पनि ६ महिनादेखि डेढ वर्षसम्ममा कोर्स सक्ने गरी पढ्न सकिन्छ। ए लेभल उत्तीर्ण गरेपछि विदेशमा उच्च शिक्षा लिन अन्य अतिरिक्त परीक्षा दिइरहनुपर्दैन। यसै कारणले उच्च शिक्षाका लागि विदेश जाने सोच बनाएका विद्यार्थीहरूका लागि ए लेभल आकर्षण बन्दै गएको छ। एसएलसी दिएपछि टेस्ट परीक्षाको प्राप्ताङ्क र प्रवेश परीक्षाको माध्यमबाट ए लेभलका लागि भर्ना खुल्छ।

ए लेभललाई नेपालमा प्रवीणता प्रमाणपत्र तह वा दस जोड दुईको मान्यता प्राप्त छ। विश्वका १ सय ६० भन्दा बढी देशमा मान्यता हुने भएकाले उच्च शिक्षाका लागि विदेश पढ्न जानेहरूका लागि यो शिक्षा आकर्षक बन्दै गएको छ।

### व्यावहारिक शैक्षिक कार्यक्रम

सैद्धान्तिकभन्दा व्यावहारिक शिक्षामा जोड दिइने ए लेभल दुई वर्षे कोर्स हो। यसमा करिब ७० वटा विषयमध्येबाट छनौट गरी पढाइन्छ। कुनै चार विषयमा परीक्षा उत्तीर्ण गरेपछि ए लेभल पूरा गरेको मानिन्छ। यदि आफूले प्राप्त गरेको अंकमा चित्त नबुझे फेरि परीक्षा दिन सकिन्छ। ए लेभल छलफल, सेमिनार, समूह क्रियाकलाप, प्रोजेक्ट वर्क, समसामयिक अध्ययन आदिमा आधारित हुन्छ। ए लेभलको पाठ्यक्रमलाई प्रत्येक वर्ष अद्यावधिक गरिन्छ।

नेपालमा ए लेभलका कलेजहरूले साइन्स, म्यानेजमेन्ट, मानविकी क्षेत्रका विषयको अध्यापन गराउँछन्। जनरल पेपरअन्तर्गत इङ्लिस ल्याङ्वेज अनिवार्य विषयका रूपमा र अन्य तीन विषय कुनै समूहबाट लिन सक्ने व्यवस्था छ, तर विषय छनौट एउटै समूहबाट गर्न पनि सकिन्छ। विद्यार्थीको रुचि र चाहनाअनुसार थप एक विषय लिन पाउने व्यवस्था पनि छ। साइन्स समूहमा फिजिक्स, बिजनेस स्टडिज, इकोनोमिक्स, म्याथम्याटेक्सि, केमेस्ट्री, बायोलोजी, कम्प्युटरजस्ता विषय पर्छन्। मानविकी समूहमा सोसियोलोजी, साइकोलोजी, इन्भाइरोमेन्ट स्टडिज, जर्नालिज्म, इकोनोमिक्स, म्याथमेटिक्स, आर्ट एन्ड डिजाइनिङ, कम्प्युटर आदिमध्येबाट छनौट गर्न सकिन्छ। विषय छनौटमा विद्यार्थीले कुनै एक समूहमा सीमित हुनुपर्ने बाध्यता छैन। पहिलो वर्ष एड्भान्स सब्सिडियरी (एएस) मा आधा कोर्स र दोस्रो वर्ष एड्भान्स लेभल (ए लेभल) मा बाँकी आधा कोर्सको अध्ययन पूरा गर्नुपर्छ।

### अन्तर्राष्ट्रिय परीक्षा प्रणाली

वर्षमा दुई पटक (जून र नोभेम्वर) विश्वभर एकसाथ ए लेभल परीक्षा सञ्चालन हुन्छ। परीक्षामा विद्यार्थीले आफ्नो तयारीअनुरूपको विषयमा परीक्षा दिन सक्छन्। विषयगत ग्रेडिङका आधारमा ए, बी, सी, डी, ई र यु ग्रेडमा नतिजा प्रकाशन हुन्छ। लिखितका अतिरिक्त मौखिक, प्रयोगात्मक, प्रोजेक्ट वर्कजस्ता मूल्यांकन विधिहरू प्रयोग गरिन्छ। प्रत्येक विषयमा प्रत्येक सेक्सनमा नेपाल टप र वर्ल्ड टप गर्ने विद्यार्थीलाई क्याम्ब्रिजले विशेष समारोह गरी सम्मान र प्रमाणपत्र प्रदान गर्छ। राम्रो ग्रेडमा उत्तीर्ण गर्ने विद्यार्थीले विश्वका उत्कृष्ट विश्वविद्यायमा छात्रावृत्तिमा अध्ययन गर्ने अवसर पाउँछन्। ए लेभल उत्तीर्ण विद्यार्थीले विदेशमा अध्ययन गर्न आईईएलटीएस, टोफेलजस्ता अतिरिक्त परीक्षामा सहभागी भैरहनुपर्दैन। नेपालमा यसको परीक्षा बिट्रिस काउन्सिलले सञ्चालन गर्छ।

### अध्याँरो पाटो

ए लेभल शिक्षाले नेपाली युवायुवतीलाई आकर्षित गरिरहेको भए पनि यसको केही अँध्यारो पाटो पनि छ। खासगरी वैदेशिक शिक्षामा लक्षित भएकाले ए लेभलले स्वदेशकै लागि जनशक्ति उत्पादन गर्ने सम्भावना न्यून छ। विदेशमा पढ्न चाहने युवायुवतीहरू मात्र ए लेभलमा भर्ना हुन्छन्। त्यसैगरी आफूले परीक्षा दिए पनि नतिजामा चित्त नबुझे पुनः परीक्षा दिन पाइन्छ। यसरी पटक-पटक परीक्षा दिन पाइने हुँदा विद्यार्थीले धेरै समय खर्चिरहेको हुन्छ। एसएलसी दिएलगत्तै ए लेभल भर्ना भएका विद्यार्थी वर्षौंसम्म यसैमा अल्झिरहेको उदाहरण प्रशस्तै भेटिन्छ।

एसएलसीको परिणाम आउनुअघि नै ए लेभलका लागि आवेदन खुलाएका कलेजहरूले लामो समयसम्म ए लेभल भर्ना प्रक्रिया निरन्तर राख्नुले पनि ए लेभलको आकर्षणमा प्रश्नचिह्न खडा गरेको छ। राम्रो अंक ल्याएका विद्यार्थीले बूढानीलकण्ठ र रातो बंगला स्कुलबाहेक अन्य कलेजमा अहिले पनि ए लेभलमा भर्ना पाउन सक्छन्। त्यसैगरी अध्ययनका लागि लाग्ने चर्को शुल्कका कारण पनि ए लेभल सबै विद्यार्थीको पहुँचमा पुग्न सकेको छैन। ए लेभल सहर केन्द्रित छ। चाहेर पनि दुर्गम एवं विपन्न वर्गका विद्यार्थी यो शिक्षाबाट वञ्चित छन्।

### मान्यता

बेलायतको क्याम्ब्रिज ए लेभललाई दिइएको मान्यता नै नेपालको ए लेभललाई दिइन्छ। किनभने दुवैको पाठ्यक्रम र परीक्षा प्रणाली एउटै हो। ए लेभल उत्तीर्णहरू नेपालको कुनै पनि विश्वविद्यालयअन्तर्गत स्नातक तहमा भर्ना हुन सक्छन्। हरेक वर्ष यसको पाठ्यक्रम परिमार्जन हुने हुँदा विश्वको बदलिँदो आवश्यकता-अनुसार विश्वभर बिक्ने जनशक्ति उत्पादन हुन्छन्।

## यसरी सुरु भयो नेपालमा

नेपालमा ए लेभलको शिक्षा बुढानीलकण्ठ स्कुलले सुरु गरेको हो। ए लेभल सुरु गर्नुभन्दा दुई वर्षअघि नै सन् १९८५ मा पहिलो पटक क्याम्ब्रिजकै 'ओ' लेभल अर्थात् एसएलसी बराबरको पाठ्यक्रमको अध्यापन सुरु गरेको थियो। ए लेभलको वैधानिक सुरुवात बूढानीलकण्ठबाट भए पनि त्यसबेला यसलाई ट्युसन तथा इन्स्टिच्युटका रूपमा राजधानीका विभिन्न स्थानमा अध्यापन गराउने सेन्टरहरू पनि खुलेका थिए।

अहिले ओ लेभल हटाइएको छ, एसएलसी स्तरसम्मको शिक्षा नेपालकै हुनुपर्ने मान्यताअनुसार ओ लेभल खारेज भएको हो। ए लेभल सञ्चालनका लागि आवश्यक पूर्वाधार तयार गरेर ब्रिटिस काउन्सिलमा निवेदन दिनुपर्छ। त्यसकै आधारमा ब्रिटिस काउन्सिल र सीआईका पर्यवेक्षकहरूले निरीक्षण गरेर क्याम्ब्रिजको पिन कोड प्रदान गर्छन्। पिन कोड प्राप्त गर्ने कलेजले नेपाल सरकारले ०५९ मा लागू गरेको उच्च शिक्षा सञ्चालन निर्देशिकाबमोजिम शिक्षा मन्त्रालय उच्च तथा प्राविधिक शिक्षा शाखाबाट अनिवार्य रूपमा अनुमति लिनुपर्ने प्रावधान छ। निर्देशिकाले निर्धारण गरेको मापदण्डअनुरूप अन्तर्राष्ट्रिय स्तरको पूर्वाधार छ-छैन मन्त्रालयले पनि अनुगमन गर्छ। मन्त्रालयअन्तर्गत शिक्षामन्त्रीको अध्यक्षतामा रहेको उच्चस्तरीय मूल्याङ्कन तथा अनुगमन समितिले निरीक्षण गरेर मन्त्रालयबाट सिफारिस भएपछि मात्र कलेजले वैधानिक रूपमा सम्बन्धन पाएको ठहर्छ। पर्याप्त पूर्वाधार नभै सञ्चालन भैरहेका कलेजलाई खारेज गर्नेसम्मको प्रावधान छ। सन् २००० मा पहिलो पटक मन्त्रालयले मल्पी, लुम्बिनी, रातो बंगला र नागार्जुनलाई ए लेभल सञ्चालन गर्न अनुमति दिएको थियो।

विश्वप्रसिद्ध क्याम्ब्रिज युनिभर्सिटीको पाठ्यक्रममा आधारित हुने ए लेभलको अध्यापन अहिले नेपालका करिब २० वटा कलेजमा हुन्छ, जसमध्ये विराटनगरमा १, पोखरामा ४ र बाँकी कलेज काठमाडौंमा छन्।

सब ओभरसियर
CTEVT अन्तर्गत सिभिल
इलेक्ट्रिकल सब ओभरसियर
पढ्नका लागि आवेदन
खुल्ला गरिएको छ।
रोजगारीको पूर्ण अवसर
नेपाल पोलिटेक्निकल इन्स्टिच्युट
फोन

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट
Cook, Waiter, Waitress,
Bakery, Barman, Captain,
Front Office, House keeping
(Room Boy), Supervisor,
Care Giver, (इजरायल)
Domestic Helper तथा सम्पूर्ण
Hotel Management सम्बन्धि तालिम दिइन्छ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल Km
Ph:- 4363215, 2315801

Learn to Speak
English
★2 & 3 Months Packages
★1 Month Special & Speaking Course
★Audio & Visual in American & British Tone
★Situational Conversations
★विदेश जाने र जान्दै नजान्नेलाई विशेष कक्षा
Japanese/ Hebrew/ Korean/ Chinese/ French/ Spanish/ German
IELTS/ Visa / Job Interview Pre.
OASIS
Language Centre
Golkopakha, Thamel & Kalimati Chock
4359170 & 2024700

अब नेपालमा उपलब्ध छ।
(Rust free)
Sole distributor for Nepal
www.nepalelite.com

STUDY ABROAD
UK, USA, AUSTRALIA, CANADA, CYPRUS
TOEFL
IELTS
Expert Teachers
Rs. 3500 only
6 Weeks' Class
Free Books, CDs & Library
Free Internet & Email
Spoken English & Computer Classes
Getway
Educational Consultancy (P) Ltd.
Bagbazar, Kathmandu
Ph: 4239719, 4241870

उद्घोषण तालिम
RJ/ VJ/ MC
पूर्णरुपले practical र स्टुडियो केन्द्रित रेडियो, टेलिभिजन, प्राविधिक तथा पत्रकारीता तालिम
रेडियो कर्मीद्वारा संचालित उद्घोषण तालिम केन्द्र
ख्याती प्राप्त संचारकर्मी दिनेश डि.सी.का साथमा
रुपेश श्रेष्ठ
मृदुला खनाल
मुनाल शिशिर
राज श्रेष्ठ
दिपक समिर
सन्तोष खनाल
केशबजङ्ग पाण्डे
नबिन लुँइटेल
अमित अधिकारी
BIKALPA THE OPTION
फोन: ०१-२२९०१६८
बगबजार, काठमाडौं (श्रेष्ठ टेलरिङ्गको दाहिनेपट्टि)
रु.१०००/- छुट सहित
विकल्प FM TIME मा कार्यक्रम चलाउने १००% ग्यारेण्टी

# मानविकीमा पनि छ अवसर

मानविकि शिक्षाको क्षेत्र बृहत् छ। खासगरि समाजसेवा, ग्रामीणविकास एवं अन्य सीपमूलक कार्यका लागि मानविकीको अध्ययन उपयुक्त देखिएको छ। यो विषयमा छात्रवृत्तिमा स्नातकोत्तर र विद्यावारिधि गर्न जाने अवसर पनि बढ्दै जानुले मानविकी शिक्षाप्रतिको आकर्षण बढ्दै गएको छ। मानविकीअन्तर्गतका विषयहरू गहन हुने भएकाले यसबाट उच्च शिक्षा हासिल गर्ने व्यक्तिहरू बौद्धिक जमातमा गनिन्छन्।

नेपालको सन्दर्भमा हेर्ने हो भने मानविकी संकायअन्तर्गतका केही व्यावहारिक विषय लोकप्रिय छन्। प्लस टुमा आमसञ्चार तथा पत्रकारिता, समाजशास्त्र तथा मानवशास्त्रजस्ता नयाँ विषयहरूको प्रवेशसँगै मानविकी संकाय अध्ययन गर्ने विद्यार्थीको संख्या पनि बढ्दै गएको तथ्यांकले देखाउँछन्। एक शिक्षाविद्का अनुसार पछिल्ला दिनहरूमा मानविकी संकायअन्तर्गतका विषयमा पनि राम्रो करियर विकास गर्न सकिन्छ भन्ने कुरा बुझेर विद्यार्थीहरू यो संकायअन्तर्गतका नयाँ विषयमा आकर्षित भएको पाइन्छ।

निजी क्षेत्रका प्लस टु कलेजको तुलनामा सामुदायिक प्लस टुमा मानविकी संकाय अध्ययन गर्नेहरूको संख्या दुई गुणा बढी छ। 'एसएलसीमा राम्रो अंक ल्याउने अधिकांश विद्यार्थी मानविकी अध्ययन गर्न चाहँदैनन्,' उच्च माध्यमिक शिक्षा परिषद्का उपाध्यक्ष उपेन्द्र कोइरालाले भने- 'त्यसैले अब मानविकीमा थप नयाँ व्यावहारिक विषय समेटिनुपर्ने आवश्यकता छ। परिषद्ले कम्प्युटर साइन्सलाई मानविकी संकायअन्तर्गत राख्नु यसको उदाहरण हो।'

उच्च माध्यमिक परिषद्को तथ्याङ्कअनुसार गत वर्ष सामुदायिक प्लस टुमा १० हजार ६ सय १३, निजी प्लस टुमा ६ हजार १ सय ७७ र क्याम्पसको प्रमाणपत्र तहमा ३ हजार ७८ विद्यार्थी गरेर करिब २० हजार विद्यार्थी मानविकी संकायमा भर्ना भएका थिए। यो वर्ष यो संख्या बढ्ने निश्चित छ।

मानविकी संकायअन्तर्गत समाजशास्त्र, मानवशास्त्र, आमसञ्चार, ग्रामीण विकास, अर्थशास्त्र, मानवविकास, महिला सशक्तीकरण, गृह विज्ञान, कम्प्युटर विज्ञान, जनसंख्या तथा वातावरण, मनोविज्ञान आदि विषय अध्ययन गर्नेहरूले अहिले पनि विभिन्न संघ-संस्थामा सहजै रोजगारी पाउँछन्।

त्रिभुवन विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, पोखरा विश्वविद्यालय, काठमाडौं विश्वविद्यालय तथा उच्च माध्यमिक शिक्षा परिषद्ले आफ्ना पाठ्यक्रममा मानविकी संकायका विषयहरूलाई समेटेका छन्। धेरै कम विद्यार्थीले मात्र अध्ययन गर्ने विषय बनेको मानविकी संकाय ०४६ सालमा प्रजातन्त्र पुनर्स्थापना भएको एक दशकको अवधिमा पुनः ब्यूँतिएको थियो। प्रजातन्त्र आएपछि विकासका काम जनस्तरबाट सुरु भएकाले व्यावहारिक र सैद्धान्तिक अध्ययन भएका व्यक्तिहरूको माग बढ्दै गएकाले यो विषय अध्ययन गर्ने विद्यार्थीको सङ्ख्या बढेको थियो। त्यसपछि पछिल्ला वर्षहरूमा प्राविधिक शिक्षासँग हातेमालो गर्दै प्रतिस्पर्धामा अघि बढ्न मानविकी संकायअन्तर्गतका विषयहरू तयार रहनुले मानविकी संकाय अन्य संकायभन्दा कम छैन भन्ने सन्देश विद्यार्थीमाझ पुगेको छ।

पूर्वाञ्चल विश्वविद्यालयले मानविकी संकायअन्तर्गत तीनवर्षे स्नातक तहमा ब्याचलर अफ आर्ट्स, मिडिया टेक्नोलोजी, जर्नालिज्म एन्ड मास कम्युनिकेसन, लिबरल आर्ट्स एन्ड साइन्स, इन्टेरियर डिजाइन, सोसियल वर्कजस्ता विषय अध्यापन गराइन्छ। यसैगरी एकवर्षे पोस्ट ग्र्याजुएट डिप्लोमा पिस एन्ड कन्फ्लिक्ट जर्नालिज्म, साइको-सोसियल इन्टरभेन्सन, रुरल इकोनोमिक्स, डेभलपमेन्ट एन्ड प्लानिङ स्टडिजका शैक्षिक कार्यक्रम स्वीकृत गरेको छ। दुईवर्षे स्नातकोत्तर तहमा सोसियोलोजी एन्ड एन्थ्रोपोलोजी, पपुलेसन म्यानेजमेन्ट एन्ड रुरल डेभलपमेन्ट, मास कम्युनिकेसन एन्ड जर्नालिज्म, रुरल डेभलपमेन्ट प्लानिङ एन्ड जनरल स्टडिज, रिजनल डेभलपमेन्ट प्लानिङ एन्ड म्यानेजमेन्ट, डेभलपमेन्ट कम्युनिकेसन, सोसियल वर्क, डेभलपमेन्ट स्टडिज आदि विषयमा अध्यापन गराइन्छ।

यस्तै काठमाडौं विश्वविद्यालयको स्कुल अफ आर्ट्सअन्तर्गत मानविकीका विभिन्न विषय अध्ययन गर्न सकिन्छ। संगीतमा डिप्लोमा तहको अध्यापन हुन्छ। अन्डरग्राजुएट (स्नातक) कार्यक्रमअन्तर्गत बुद्धिस्ट स्टडिज, फाइन आर्ट्स, म्युजिक, मिडिया स्टडिजको अध्यापन हुन्छ। यस्तै ग्राजुएट (स्नातकोत्तर) कार्यक्रमअन्तर्गत एमए इन हयुमन एन्ड नेचरल स्टडिज, मास्टर अफ आर्ट इन म्युजिक, एमए इन डेभलपमेन्ट स्टडिज, बुद्धिस्ट स्टडिजको शैक्षिक पाठ्यक्रम छन्। यो विश्वविद्यालयसँग सम्बन्धन प्राप्त गरी सेन्ट जेभियर्स कलेजले सोसियल वर्क तथा नेसनल कलेजले डेभेलपमेन्ट स्टडिज (विकास शास्त्र) मा स्नातक तहका कक्षाहरू सञ्चालन गरिरहेका छन्। स्कुल अफ आर्ट्सअन्तर्गत हयुमन एन्ड नेचरल स्टडिजमा विद्यावारिधि (पीएचडी) गर्न सकिन्छ।

पोखरा विश्वविद्यालयमा मानविकी संकायअन्तर्गत अंग्रेजीमा स्नातक तहदेखि विद्यावारिधिसम्मका कार्यक्रम सञ्चालन गरिएको छ। यो संकायअन्तर्गत विश्वविद्यालयले स्नातकोत्तर तहमा 'जनसंख्या तथा लैंगिक विकास कार्यक्रम' (एमपीजीडी) विषय अध्यापन गराउँछ। यसबाहेक त्रिभुवन विश्वविद्यालयमा मानविकी तथा सामाजिक शास्त्र संकायअन्तर्गत ५० भन्दा बढी विषयमा अध्ययन-अध्यापन गराइन्छ। अंग्रेजी भाषा र साहित्य, अर्थशास्त्र, समाजशास्त्र, पत्रकारिता, जनसंख्या अध्ययन यो संकायका महत्त्वपूर्ण विषय हुन्।

**समाजशास्त्र तथा मानवशास्त्र**

प्रजातन्त्रपछि नेपालको विकास अभियानमा सहयोग गर्न थुप्रै अन्तराष्ट्रिय गैरसरकारी संस्था नेपाल आए। संयुक्त राष्ट्रसंघ, सेभ दि चिल्ड्रेन, युनिसेफलगायत विभिन्न कूटनीतिक नियोगबाट सञ्चालित विकास कार्यक्रममा समाजशास्त्र तथा मानवशास्त्र अध्ययन गरेका विज्ञहरूको माग बढ्न थालेको थियो। समाजसेवाका क्षेत्रमा सक्रिय यस्ता संस्थाबाट समाजसेवाका साथै राम्रो आम्दानी गर्न सकिन्छ, जसका कारण अहिले स्नातकोत्तर र विद्यावारिधिका लागि धेरै विद्यार्थीले समाजशास्त्र तथा मानवशास्त्र विषय अध्ययन गर्न थालेका छन्। उच्च माध्यमिक शिक्षापरिषद्ले पनि समाजशास्त्रको आधारभूत जानकारी प्रदान गर्ने उद्देश्यले प्लस टुमा यो विषयलाई समेटेको छ। काठमाडौं विश्वविद्यालय र पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा केही क्याम्पसले सोसल वर्क विषयमा अध्यापन प्रारम्भ गरेका छन्, यो पाठ्यक्रम पनि समाजशास्त्र तथा मानवशास्त्रसँग मिल्दो छ।

**विकास योजना**

पछिल्लो अवधिमा आएको यो विषयप्रति धेरै विद्यार्थीको रुचि बढेको छ। मानविकी संकायमा थपिएको यो नौलो विषय नेपालको परिप्रेक्ष्यमा अत्यन्त व्यावहारिक देखिएको छ। नेपाल आफैंमा विकासोन्मुख राष्ट्र भएकाले यो विषयको अध्ययनले विकास योजनाका क्षेत्रमा मुलुकलाई सक्दो योगदान दिन सक्छ।

**ग्रामीण विकास**

ग्रामीण विकास नेपालको परिप्रेक्ष्यमा सुहाउँदो विषय हो। गाउँ नै गाउँले भरिएको मुलुक भएकाले नेपालको विकास अभियान ग्रामिण क्षेत्रबाटै उठ्न सक्नुपर्ने विज्ञहरूले बताउँदै आएका छन्। नेपालको विकास अभियानमा ठूला-ठूला योजना, अत्याधुनिक वैज्ञानिक उपकरण, वैज्ञानिक र विदेशमा उच्चशिक्षा लिएका विज्ञहरू मात्र पर्याप्त हुँदैन। देशको भू-बनौट र सामाजिक अवस्था बुझेको मानिसले विकास-निर्माणमा राम्रो भूमिका देखाउन सक्छ भन्ने आधारमा यो विषयका अध्ययन प्रभावकारी देखिएको हो। विश्वका अधिकांश मुलुक समुन्द्रले घेरिएका छन्, उनीहरूको भूबनौट पनि सरल छ तर हाम्रोजस्तो भूपरिवेष्टित मुलुकमा यहाँको विकासका लागि छुट्टै पाठ्यक्रम तयार गर्नुपर्ने हुन्छ। बंगलादेश, फिलिपिन्स, मलेसिया, इजरायल आदि मुलुकले यस प्रकारको पाठ्यक्रममा शिक्षा दिँदै आएका छन्। त्रिभुवन र पूर्वाञ्चल विश्वविद्यालयअन्तर्गतका क्याम्पसमा ग्रामीण विकासमा अध्यापन गराउँदै आएका छन्।

**आमसञ्चार तथा पत्रकारिता**

नेपालमा रत्नराज्य लक्ष्मी क्याम्पसले सन् १९७८ देखि पत्रकारिता विषय अध्यापन गराउँदै आएको छ। पत्रकारिता अध्यापन गराउने यो एक मात्र सरकारी क्याम्पस हो। त्रिभुवन विश्वविद्यालयको सम्बन्धन लिएर निजी क्षेत्रका पिपल्स र पशुपति बहुमुखी क्याम्पसले पनि यो विषय अध्यापन गराउँदै आएका छन्। अन्य क्याम्पसमा कार्यमूलक विषयका रूपमा यो विषयलाई समावेश गराउने गरिएको छ। रत्नराज्यमा पत्रकारिता विषयमा स्नातकोत्तर तहसम्म अध्यापन हुन्छ।

त्रिभुवन विश्वविद्यालयबाहेक पूर्वाञ्चल विश्वविद्यालय (पीयु) ले पनि यो विषयमा सम्बन्धन दिएर अध्यापन गराइरहेको छ। पीयुअन्तर्गत कलेज अफ जर्नालिज्म एन्ड मास कम्युनिकेसन (सीजेएमसी), कान्तिपुर सिटी कलेज, सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीले यो विषय अध्यापन गराइरहेका छन्, जसमध्ये सीजेएमसीले स्नातकोत्तर कक्षा पनि सञ्चालन गरिरहेको छ। काठमाडौं विश्वविद्यालयले मिडिया स्टडिज नाम दिएर स्नातकको कक्षा सञ्चालन गरेको छ। प्लस टुमा पनि आमसञ्चार तथा पत्रकारिता अध्ययन गर्न सकिन्छ।

**कम्प्युटर साइन्स**

कम्प्युटर साइन्स विज्ञान संकायको विषय हो तर यसलाई अहिले व्यवस्थापन र मानविकी-अन्तर्गत पनि अध्यापन गराइन्छ। उच्च माध्यमिक शिक्षा परिषद्ले ऐच्छिक विषयका रूपमा यसलाई प्लस टुमा तीनवटै संकायमा राखेको छ। विकसित सूचना प्रविधि र अन्य विषय समायोजन गर्ने सोचाइले यसलाई प्लस टुबाटै समावेश गरिएको हो। यो विषयमा प्लस टु अध्ययन गरेका विद्यार्थीले कम्प्युटर साइन्स र यससँग मिल्ने अन्य कोर्सको अध्ययन गर्न पाउनेछन्।

**जनसंख्या तथा लैंगिक विकास कार्यक्रम**

पोखरा विश्वविद्यालयले स्नातकोत्तर तहको पाठ्यक्रम बनाएको जनसंख्या तथा लैंगिक विकास कार्यक्रम (एमपीजीडी) पनि राम्रो स्कोप भएको विषय हो। यो विषय अध्ययन गरेका विद्यार्थीले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्थामा काम गर्ने अवसर पाउँछन्।

होटल तालिम विशेष छुटमा
२००३ मा स्थापित
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
Worldwide valid Certificate
Japan, UK, Australia, Canada, Europen देशमा Working Visa, Student Visa मा जानेलाई
Part time & Full time job को लागि SPECIAL CLASS भैरहेछ
COOK (1, 2, 3, 6 month), WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc.
- ३ महिने कुकमा FREE ENGLISH LANGUAGE
- थप Industrial Training लाई Star Hotel मा पठाइने
- आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
- जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने।
- Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
Student Visa मा जानेलाई Special Discount
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपछाडिको दोस्रो घर रत्नपार्क तर्फ
4247165, 2200889, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Toursim Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, ओखरबोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

# कलेज जीवनमा प्रवेश गरेपछि



**सागर शर्मा**

एसएलसी परीक्षाको नतिजा प्रकाशित भैसकेपछि केही समय त विद्यार्थीहरू बधाई थाप्न र फुरुङ्ग पर्न व्यस्त हुन्छन्। एसएलसीमा 'डिस्टिङ्सन' आएपछि अब आफ्नो जीवन बन्ने भयो भन्दै खुसी भएको पनि पाउन सकिन्छ। पहिले थोरै विद्यार्थी मात्र प्रथम श्रेणीमा उत्तीर्ण हुने र त्योभन्दा पनि एकदम न्यून विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण हुने भएकाले 'डिस्टिङ्सन'को राम्रै 'भ्यालु' थियो। अहिले ११ हजारभन्दा बढी विद्यार्थी विशिष्ट श्रेणीमा उत्तीर्ण भएको अवस्थामा विशिष्ट श्रेणीलाई नै सबथोक मान्नु उपयुक्त हुँदैन। आफ्नो जीवन कस्तो बनाउने भन्ने कुरा त अब निर्धारण हुन्छ। 'फलामे ढोका' नामकरण गरिएको एसएलसी परीक्षाबाट ढोका मात्र खुलेको छ, ढोका खुलेपछि कुन बाटो तय गर्ने भन्ने विषयमा विद्यार्थीहरू जानकार हुनु आवश्यक छ।

एसएलसीमा उत्तीर्ण तथा विशिष्ट श्रेणी प्राप्त गरेका विद्यार्थीमध्ये अधिकतमको रोजाइ विज्ञान नै रहेकाले उनीहरूले विभिन्न कलेजमा प्रवेश परीक्षा पनि दिइसकेका छन्। केहीले भने नाम चलेका कलेजमा भर्ना हुन प्रवेश परीक्षाको तयारी पनि गरिरहेका छन्। अर्कातर्फ केही विद्यार्थीले भने 'ए लेभल'को पढाइ सुरु गरिसकेका छन्। 'ए लेभल' पढाउने कलेजबाहेक कतिपय कलेजमा कक्षा ११ को पढाइ सुरु भैसकेको छ। त्रिभुवन विश्वविद्यालयको प्रवीणता प्रमाणपत्र तहको खारेजीपछि अधिकतम विद्यार्थी आफ्नो कलेजमा तान्ने आशाले फुरुङ्ग परेका 'प्लस टु'हरू विद्यार्थीहरूलाई सपनारूपी सुविधा र शिक्षण विधिका बारेमा चित्रण गर्नमै व्यस्त छन्। यस्तो अवस्थामा एकातर्फ विद्यार्थीहरूले राम्रो कलेज र उपयुक्त पाठ्यक्रम छनौट गर्नुपर्छ भने अर्कातर्फ कलेज छिर्नुअगावै आफूले कस्तो काम गर्नुपर्ने हुन्छ भन्ने कुरामा पनि विचार पुऱ्याउनुपर्छ।

**पाठ्यक्रमको ज्ञान**

स्कुले जीवनमा विद्यार्थीले सबै किसिमका पुस्तक पढ्नुपर्ने हुन्छ। कक्षा आठसम्म नेपाली, अंग्रेजी, गणितलगायत अन्य धेरै विषय सबै विद्यार्थीले पढ्नुपर्नेमा कक्षा नौमा भने अर्थशास्त्र, अतिरिक्त गणित, शिक्षा, स्वास्थ्य शिक्षा र लेखामध्येबाट आफूलाई उपयुक्त हुने विषय छान्नुपर्ने हुन्छ जुन कक्षा दससम्म कायम रहन्छ। जब विद्यार्थीहरू कक्षा

> स्कुले जीवनमा विद्यार्थीले सबै किसिमका पुस्तक पढ्नुपर्ने हुन्छ। कक्षा आठसम्म नेपाली, अंग्रेजी, गणितलगायत अन्य धेरै विषय सबै विद्यार्थीले पढ्नुपर्नेमा कक्षा नौमा भने अर्थशास्त्र, अतिरिक्त गणित, शिक्षा, स्वास्थ्य शिक्षा र लेखामध्येबाट आफूलाई उपयुक्त हुने विषय छान्नुपर्ने हुन्छ जुन कक्षा दससम्म कायम रहन्छ। जब विद्यार्थीहरु कक्षा चढ्दै जान्छन्, उनीहरुको विषय 'डिस्टिट' बन्दै जान्छ। जस्तै विज्ञान विषय रोजे कक्षा ११ मा विज्ञानका सबै विधा पढ्नुपर्ने हुन्छ भने कक्षा १२ मा केही छोड्न पाइन्छ।

चढ्दै जान्छन्, उनीहरूको विषय 'डिस्टिङ्ट' बन्दै जान्छ। जस्तै विज्ञान विषय रोजे कक्षा ११ मा विज्ञानका सबै विधा पढ्नुपर्ने हुन्छ भने कक्षा १२ मा केही छोड्न पाइन्छ। स्नातक र स्नातकोत्तर तहमा आफ्नो विषय एक सानो कणसरह हुन जान्छ। त्यसैले कलेज प्रवेश गर्नुपूर्व विद्यार्थीहरूले आफ्नो लक्ष्य निर्धारण गरी लक्ष्य प्राप्तिका निम्ति आवश्यक पाठ्यक्रम कुन हुन्छ भन्ने विषयमा ज्ञान लिनु आवश्यक छ, साथै सो पाठ्यक्रममार्फत लक्ष्य प्राप्तिका लागि कति परिश्रम गर्नुपर्छ भनेर पहिले नै तयारी गर्नुपर्छ।

**घुमफिरमा रोक**

एसएलसी परीक्षा दिइसकेपछि विभिन्न कोर्स तथा तालिमहरू लिए पनि छात्रछात्राहरू सामान्यतयाः स्वतन्त्र नै थिए। आफ्नो विद्यार्थी जीवनको लामो बिदा पनि विद्यार्थीहरूले यही समयमा पाए। यो समयमा केही विद्यार्थीहरूले उपलब्धिमूलक कार्य पनि गरे भने केही बिनाकाम 'हल्लिएर' पनि बसे। प्रायः विद्यार्थीले पहिलेको योजनाअनुरूप घुमफिर पनि गरे। अब भने विद्यार्थीहरूले दुई वर्ष अध्ययनमा व्यस्त हुनुपर्ने हुन्छ। यो अवधिमा लामो समयका लागि घुमफिर नगरी एकाग्र भै पढ्ने निश्चय गर्नुपर्छ। त्यसपछि राम्रो सफलता हात पारेपछि पुनः मनोरञ्जन गर्न सकिन्छ।

**अनुशासन र लगनशीलता**

विद्यार्थीहरू कलेज प्रवेश गर्दा स्कुले जीवनभन्दा निकै सहज महसुस गर्दै बढी स्वतन्त्र बन्न थाल्छन्। फलस्वरूप आफ्नो अनुशासनमा नरही विभिन्न खराब कार्यमा अग्रसर हुन सक्छन् अनि अध्ययनमा लगनशील नहुने तथा साथीहरूसँग उच्छृङ्खल गतिविधि गर्न पनि पछाडि नपर्न सक्छन्। यस्ता गतिविधि बढ्दै जाँदा कलेज तथा आफ्नो शिक्षाविरोधि गतिविधि गर्न सकिन्छ। कतिपय विद्यार्थीले थाहा नपाई-नपाई बिस्तारै यस्ता गतिविधिमा संलग्न भै आफ्नो भविष्य बिगारिरहेका हुन्छन्। त्यसैले असल साथीको संगत गर्ने र अनुशासनको घेराभन्दा बाहिर नजाने अठोटका साथ कलेज जीवनमा प्रवेश गर्ने अठोट गर्नुपर्छ।

अब विद्यार्थीहरूले खुलेको फलामे ढोकाबाट अझ अघि बढ्नुपर्ने हुन्छ। अगाडि अझ धेरै ढोका पार गर्नुपर्नेछ। बाटोमा विभिन्न अवरोध आउन सक्छन्, साथै कुनै बाटो हिंड्न सजिलो र कुनै गाह्रो हुनसक्छ। सजिलो बाटो र गाह्रो बाटो दुवैमा समानान्तर रूपमा यात्रा गरी कुनै समयमा अति उत्साहित हुन र कुनै समय निरुत्साहित हुने प्रवृत्तिबाट टाढा रहनुपर्छ अनि मात्र खोजेजस्तो सफलता हात पार्न सकिनेछ।


**तु-आवश्यकता**

International Concept द्वारा सञ्चालित एक Business Project को लागी थप कर्मचारि आवश्यकता

संख्याः 9 Ladies & Gents
योग्यताः SLC, Inter Above
तलबः 9000+ दशैं भत्ता

**UNIQUE**
9841747489, 9803809968
01-2292363
मित्रपार्क चोक, चावहिल

**तु–आवश्यकता**

International project को लागी कर्मचारी आवश्यकता

योग्यताः SLC or Above
संख्याः 5 Ladies/Gents
सुविधाः 9500+दशैं भत्ता+ सञ्चय कोष होस्टल भएको

URI: 01-6637290, 9849302980, 9841574773, नयाँ ठिमी भक्तपुर
USI: 9849195511, 9803437476, ललितपुर नख्खु चोकबाटो

Note: वृझन आउदा Document अनिवार्य छ।

**URGENTLY WANTED**

Radio Anchor - 10
Radio Technician - 3
Reporter - 5
Programme Coordinator - 1
Qualification S.L.C. Pass

तालिमको पनि व्यवस्था छ।

**ON Air Media**
Baghbazar, Ktm.
Ph.: 01-2041114, 9841496819

**होटल तालीम**
होटल खुम्जुङ्ग
महाराजगंज र बागबजारमा

छिटो अनि राम्रोसंग कुक/वेटर/हाउसकिपिङ्ग/वारमेन/फ्रन्टअफिस/वेकरी/अंग्रेजी र जापनीज भाषा कक्षाहरु पनि धमाधम सञ्चालन गरिदैछ। अंग्रेजी जान्दै नजान्नेहरुका लागी पनि विशेष कक्षाको व्यवस्था गरिएको छ। भर्ना धमाधम लिईदै छ।

हाम्रा विशेषताहरु:-
- आफनै होटलमा सम्पूर्ण तालिम दिइने।
- ५ तारे होटल बराबरको प्राक्टिकल ल्याब भएको।
- नपढेकाहरुकालागी पनि पढाउने व्यवस्था छ।
- अति आधुनिक प्रयोगशाला भएको र साथै रेष्टुरेण्ट र बारको राम्रो व्यवस्था छ।

Hotel Khumjung Training Center
City Office: पि.के. कलेजको अगाडी (पति प्लाजा भित्र)
बागबजार फोन: ६२२६७९१
महाराजगंज फोन: ४३७३४११, ४३७२१९४

**सस्तो सौन्दर्यका सामानहरू**

- अनुहार गोरो बनाउने (Roop Amrit)
- स्तन घटाउने, बढाउने र टाइट गर्ने
- हाइट बढाउन
- डण्डीफोर, चायाँ पोतो हटाउने
- जाँड रक्सी, धुम्रपान छुटाउने, चाउरीपना हटाउने
- कपाल नझर्ने र उमार्ने तेल
- मोटोपन घटाउन।

होम डेलिभरी

**संजिवनी आयुर्वेद**
कोटेश्वर, मो. ९८४१६४८९२७

**ENGLISH LANGUAGE TRAINING**

छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training संचालन गरिँदैछ।

३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।

**BUD LANGUAGE INSTITUTE**
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

# मनसुन म्याडनेस

● सुव्रत आचार्य



‘पानी पर्दा मन रोमाञ्चित हुन्छ। उनलाई भेट्न मन लाग्छ। अफिसको जस्ताको छतमा पानी परेर आउने आवाजले म अझ रोमाञ्चित हुन्छु। उनलाई भेट्ने चाहना तीव्र हुन्छ, मुटुको ढुकढुकी बढ्न थाल्छ अनि उनलाई फोन गर्छु,’- गएको महिना मात्र विवाह-बन्धनमा बाँधिएका आशिष शर्मा मनको कुरा खोल्न थाले- ‘घरमा पनि पानी परेको रात म बिउँझिन्छु र उनलाई उठाएर कौसीमा लान्छु। अनि हाम्रो माया त्यहींबाट सुरु हुन्छ। मनसुनले मलाई म्याड नै बनाउँछ।’

‘वर्षाले मलाई दिक्क बनाइसक्यो। बाइकमा हिंडनुपर्छ। एक ठाउँमा पानी पर्छ, अर्को ठाउँ सुख्खा हुन्छ। रेनकोट लगाए पनि जुत्ता भिजेर निथ्रुक्क हुन्छ। मनसुन सुरु भएको राम्रो हो, तर खेतबारीतिर पो पानी पर्नु ? सहरको बाटो हिलो बनाएर के काम ?’ -कलंकीका योगेश सुवेदी झोक्किए। उनलाई पनि मनसुनले ‘म्याड’ बनाएछ।

उपत्यकामा मानिने वर्षा वा सहकालका देवता अर्थात् रातो मच्छिन्द्रनाथको रथ यात्रा आरम्भ भैसकेको थियो, तर आकाशमा पानी पर्ने संकेत थिएन। भदौ लाग्ने बेला भैसक्दा पनि मनग्य पानी परिरहेको छैन। मच्छिन्द्रनाथको भोटो देखाउने जात्रा पनि सकियो। असार १५ मा दही-चिउरा खाँदै रोपाइँ गर्न गएकाहरूले ट्याङ्करबाट पानी खन्याएर भए पनि रोपाइँको मज्जा लिए। देशका विभिन्न स्थानमा भ्यागुताको विवाह गराए पानी पर्छ भन्ने विश्वासमा भ्यागुता-भ्यागुतीको विवाह गराएर उनीहरूलाई हनिमुनमा पठाइयो र पानी परोस् भन्ने कामना गरियो। साउन महिनामा पानी पर्न थाल्यो, सँगसँगै बाढी-पहिरोका समाचार पनि आइरहेका छन्। मौसमविद्हरू पोहोर-परारको तुलनामा पानी धेरै कम परेको बताइरहेका छन्। मनसुनले ‘म्याड’ बनाउन यहाँ पनि छाडेन।

पानी परिरहेको बेला मनोजलाई बाइकमा डबल रेनकोटभित्र प्रेमिका सुदीक्षालाई राखेर चोभारतिर घुम्न जान मनलाग्छ, आफ्नो रोमान्टिक अनुभव सुनाउँदै मनोज भन्छन्- ‘डबल रेनकोटभित्र उनले पछाडीबाट समात्दा मलाई काउकुती लागेजस्तो रमाइलो अनुभूति हुन्छ।’ सुजललाई पानी परिरहेको बेला कारमा लङ्ड्राइभ जान निकै रमाइलो लाग्छ। ‘मुसलधारे पानी परेको बेला धुलिखेलतिरबाट घुम्दै दोलालघाटसम्म पुगेको छु। गर्लफ्रेन्ड साथमा भइन् भने आधा घण्टाको ड्राइभमा पुगिने धुलिखेल पुग्न उनी एक घण्टासम्म लगाउँछन्। पानी परेको बेला स्पिड हाँक्नु हुँदैन, फेरि गर्लफ्रेन्डसँग कारभित्र रोमान्टिक गीत सुन्दै घुम्न जाँदा सकेसम्म समय लम्ब्याउनुको बेग्लै मज्जा हुन्छ।’

‘एउटा प्रश्न सोधूँ है ?’ नायिका रेखा थापासँग सोधियो- ‘मनसुनमा यौनचाहना बढ्छ रे हो ?’ उनी झसंग भइन्। सायद उनलाई यस्तो प्रश्नको अपेक्षा थिएन। उनको मुहारमा लाली छरिएको प्रस्ट देखियो। केही क्षण अवाक भएपछि उनी मज्जाले हाँसिन्- ‘लौ के सोध्नुभएको ? ...मलाई त लाज लाग्यो...।’ उनलाई फेरि कोट्याइयो- ‘किन, यस्तो प्रश्न सोध्नु हुन्न र ?’ उनले अनकनाउँदै भनिन्- ‘कसरी दिनु यस्तो प्रश्नको जवाफ ?’ उनलाई त्यसै छाड्ने मनसाय हाम्रो थिएन, सोधियो- ‘फिल्ममा पानीमा भिज्दै धेरै पटक नाचियो होला नि ?’ ‘अँ, नाचियो।.. तर त्यो त डाइरेक्टरले जे-जे गर भनेको गर्दै गएको मात्र हो नि।’-उनको जवाफ थियो। अनि हाम्रो अर्को जिज्ञासा-‘त्यसो भए डाइरेक्टरहरू नायिकालाई मनसुनमा भिजाएर किन नचाउँछन् त, मन्दाकिनी नै किन बनाउँछन् ?’ यसपटक उनले साहित्यिक लवजमा भनिन्- ‘प्रेमभावले जलिरहेको मनमा पानीका कण छरेर शान्त बनाउन खोजेको होला। पानीमा भिजाएपछि नायिकाको सुन्दरता अझ प्रस्ट देखिन्छ भन्ने भावनाले पनि हुनसक्छ।’



के साँच्चै मनसुनमा यौनचाहना बढ्छ ? यो प्रश्न सोधियो यौनविज्ञानमा स्नातकोत्तर गरेका डा. सागरमणि झासँग। उनको जवाफ थियो- ‘बढ्दैन र यो कुरा विज्ञानमा कतै छैन।’ ‘त्यसो हो भने मनसुनमा मानिसहरू मन रोमान्टिक हुन्छ किन भन्छन् त ?’ झाले अर्थ्याउँदै भने- ‘यौन चाहना लेभल अफ हार्मोन अर्थात् मानवमा हुने हार्मोनका कारण अथवा उसको मानसिक अवस्थामा निर्भर हुन्छ। मौसम वा वातावरणका कारण यौनचाहना बढ्ने वा घट्ने भन्ने हुँदैन।’ प्रतिप्रश्न गरियो- ‘जनावरहरूमा त मौसमअनुरुप बढ्छ नि त ?’ ‘त्यही त फरक छ मानव र जनावरमा।’ -उनले जवाफ दिए।

केही समयअघि राजधानीको नेपाल पुलिस क्लबमा एउटा डान्सपार्टी भएको थियो र पार्टीको शीर्षक थियो- ‘मनसुन म्याडनेस’। त्यही शीर्षकको पार्टी चार वर्षजति अघि पनि भएको थियो। त्यति बेलाको पार्टी आयोजकसँग सोधिएको थियो- ‘किन यस्तो शीर्षक राख्नुभएको ?’ ‘मनसुनमा आयोजित पार्टी भएर...।’ -उनले जवाफ दिए। मनसुनको अर्थ झरी अथवा वर्षात् हो भने म्याडनेसको अर्थ बहुलठ्ठीपन। दुवै शब्दलाई एउटै स्थानमा राखेर अर्थ्याउँदा यस्तो बन्छ- झरीमा बहुलठ्ठीपन। बहुलाउन झरी नै किन चाहियो त ? अरू बेला पनि मानिस बहुलाउन सक्छन् नि। वास्तविकता के रहेछ भने पानी पर्दा सामान्य दिनचर्यामा केही परिवर्तन आउने रहेछ। काठमाडौंमा त अझ धेरै नै समस्या देखिन्छन्। सुकिलो लुगा लगायो, झरीमा भिजेर फोहोर हुने डर, बाटोमा पानी जम्मा भएर हिंडनै नहुने समस्या, हुइँकिँदै आएको गाडीले फोहर पानी छ्याप्ला भनेर सजक हुनुपर्ने, बजेट सक्न धमाधम यही मौसममा बाटो तथा ढल निर्माण गर्नेहरूका कारण सडक बिग्रेर अर्को समस्या। त्योभन्दा पनि गर्लफ्रेन्डसँग बल्लतल्ल ‘डेटिङ फिक्स’ गऱ्यो, पानी परेको बहानामा नआउलिन भन्ने डर। तैपनि झरी रोमान्सका गीत बनिरहेका छन्। झरीलाई प्रेम गर्नेहरूले वरदान नै मानेका छन्।

‘पानीको रिमझिम वर्षाको बेला धीत मारेर किन रुझेकी...’ (गायक प्रकाश श्रेष्ठ)

‘ए झरी नझरिदेऊ त्यसरी..’ (गायक नवीन के. भट्टराई)

त्यतिले नपुगेर हिन्दी तथा अंग्रेजी गीत सुनेर झरीलाई रोमान्टिक बनाउने सहरिया ठिटाठिटीहरूको कमी छैन। नायक राजवल्लभ कोइराला पानी पर्नुलाई नै रोमान्टिक अवसर मान्छन् र भन्छन्- ‘प्रतीकात्मक रूपमा पनि पानीको निश्चलताले मन रोमान्टिक हुन्छ। एक्लै छाता ओढेर पानी छल्दै हिंड्दा त्यो भाव नआउला, तर साथमा कोही भैदिए झरीमा रोमान्सको भाव आउनु स्वाभाविक हो।’ उनको त्यो कुराले आइरिस गायक तथा गीतकार लुकाब्लुमको एउटा गीतको पङ्क्तिको सम्झना आयो :

Everyday is the rainy season
Every night is a full moon
Whenever I'm with you darling
Love is a monsoon
Goosebumps all around my skin
Whenever you come into the room
Fresh wild smell of jasmine
Love is a monsoon .


तु-आवश्यकता
American, France, India हुँदै Nepal मा पनि विस्तारित The Rising Company को लागि कर्मचारी आवश्यकता।
संख्या: 10 Gents and Ladies
तलब: 10000+अन्य
योग्यता: SLC or above
सानेपा ललितपुर Star hospital अगाडि
9841881312
9849115602

ग्यारेन्टी उपचार
100% Gurantee
यौन: शिघ्र स्खलन, यौन सन्तुष्टि नहुने
अनुहार: कालो पोतो, चायाँ, डन्डीफोरको उपचारको लागि
शारिरिक तौल घटाउने, बढाउने ।
मधुमेहको उपचार साथै ग्याष्टिक, प्रेसर, बाथ, दम आदि समस्याहरूको समाधान
नोट: सावधान! डाक्टरद्वारा जाँच गरेर मात्र औषधि प्रयोग गर्नुहोस ।
माहारूद्र आयुर्वेद फार्मेसि
लगनखेल साझाभवन पसल नं २२
2291316, 9741137095

कुक, केयर गिभर र होटल तालिम
कुक, केयर गिभर, हिब्रु भषा, बेकरी, वेटर, रुममेड, सेल्स ब्वाई/गर्ल्स
अमेरिका, जापान, अष्ट्रेलिया जानेहरुको लागि विशेष तालिमको व्यवस्था
५ तारे होटलमा ट्रेनिङ्को व्यवस्था
SLC दिएका विद्यार्थीहरुलाई विशेष छुट
KIHM
कुपण्डोल, थापाथली पुलनजिक, ललितपुर
Tel: 5523648, 2111340, 2111404

Wanted
L.G Company लाई कर्मचारी आवश्यकता
संख्या: 9 Gents/ Ladies
तलब: 9000
योग्यता: SLC/PCL
Unique Solution
5543056, 9841466409
9803897872
Gwarko, Lalitpur
नोट: बुझ्न आउदाँ Document अनिवार्य छ।





# ५८ वर्षदेखि तस्बिर खिच्दै अताभाइ

एउटा सफल व्यवसायीले आफ्नो व्यवसाय सरदर कति वर्ष चलाउला ? उत्तर आउँछ १०-२० वा धेरै भए ३०-४० वर्ष, तर वीरगन्ज-६ रेशमकोठका आता हुसेन शेख भने यसको अपवाद भएका छन् । मोफसलकै औंलामा गन्न सकिने तथा वीरगन्जका प्रथम फोटोग्राफर शेखले क्यामेरासँग सम्बन्ध जोडिएको ५८ वर्ष पुगिसकेको छ ।

७० वर्षको उनको बूढो शरीर अहिले पनि थाकेको छैन । उनी निरन्तर आफ्नो पेसामा समर्पित छन् । वीरगन्जेली परिवेशमा अताभाइको उपनामले चिनिने शेखको यस क्षेत्रमा रहेको लामो योगदानको कदर गर्दै राष्ट्रिय फोटो पत्रकार समूह, पर्साले उनलाई कदरपत्र तथा दोसल्लासहित सम्मानित पनि गरिसकेको छ ।

लामो व्यावसायिक जीवनमा पहिलो पटक आफ्नो कदर भएपछि उनी अझै हौसिएका छन् । वीरगन्ज घण्टाघरस्थित उनको ‘भाइ स्टुडियो’ मा अताभाइलाई खोज्दै उनैसँग तस्बिर खिचाउन आउनेहरूको अहिले पनि कमी छैन ।

राष्ट्रिय फोटोपत्रकार समूह पर्साका अध्यक्ष राजु श्रेष्ठ वीरगन्जका अधिकांश घरमा अहिले पनि अताभाइले खिचेका तस्बिरहरू झुन्डिएको बताउँछन् । ‘अताभाइसँग बालक र युवा अवस्थामा तस्बिर खिचाएकाहरूमध्ये कतिपय उमेरले गलिसके, कतिपय त बिति पनि सके, तर अताभाइ भने काममा लागेका लाग्यै छन्, ’ -श्रेष्ठले भने ।

आफ्ना दाजु अब्दुल जब्बारबाट १२ वर्षको उमेरमै फोटोग्राफी सिकेर क्यामेरा समातेका शेख सिक्ने क्रममा दाजुको माया, अर्ती, उपदेशसँगै लात पनि खाएको बताउँछन् । ‘दाजुको माया, अर्ती र पिटाइले मलाई खारेको हो, ’ -शेषले भने । पाँच छोरा र तीन छोरीका पिता शेषको स्टुडियोको बिंडो अहिले उनका जेठा छोरा असलमले थामि सकेका छन् ।

परिवर्तित समयअनुसार, असलमले पनि पुर्ख्यौली पेसालाई आधुनिकीरण गर्दै लगेका छन् । ‘चार महिनाजति भयो, कम्प्युटर राखेको डिजिटल प्रविधिबाट सेवा दिन, प्रतिस्पर्धामा पछि पर्नु त भएन, ’ -उनले भने, तर अहिले पनि उनको स्टुडियोमा डिजिटलभन्दा पुरानै नेगेटिभ प्रविधिको तस्बिर खिचाउन आउनेहरूको कमी छैन । ‘अझ अताभाइसँगै तस्बिर खिचाउँछौं भनेर घण्टौं बुबालाई कुर्नेहरू पनि छन्, ’ -उनले थपे ।

अताभाइले वीरगन्जमा पहिलो पटक स्टुडियो खोल्दा उनीसँग तस्बिर खिचाउन आउनेहरूमा यहाँका मात्र नभै छिमेकी जिल्लादेखि राजधानीसम्म र भारतको बैरगनिया, नरकटियागन्जसम्मका मानिस हुन्थे । सीमावर्ती भारतीय क्षेत्रमा समेत स्टुडियो नभएकाले उनले भारतीय सहरमा पनि स्टुडियो सञ्चालन गरेका थिए ।

‘त्यतिखेर राजधानीमा एक मात्र सिंह स्टुडियो थियो, त्यो स्टुडियो राणा परिवारको तस्बिर खिच्नमै व्यस्त हुन्थ्यो, बाहिरका धेरै काम मैले नै पाउँथें, ’ -उनले भने । सुरु-सुरुमा कामको धपेडीका कारण राति मुस्किलले दुई घन्टा मात्र सुतेको घटना सम्झँदै अताभाइले भने- ‘एक दिनमा सरदर १ सय तस्बिर खिच्ने, धुने, तयार पार्ने, डेलिभरी गर्नेसम्मका काम एक्लो ज्यानले गर्नुपर्थ्यो ।’

५० रुपैयाँको बाकस क्यामेराबाट व्यावसायिक फोटोग्राफी सुरु गरेका शेखले २०२४ सालमा भारतीय र नेपाली मुद्राको दर एउटै भएको मौका छोपी ६ सय ५० रुपैयाँमा जापानी याशिका डी क्यामेरा किनेपछि रंगीन तस्बिर खिच्न थालेका हुन् ।

त्यतिखेर नेपालमै रंगीन तस्बिर धुलाउने प्रविधि नभएकाले रिल हङकङ पठाउनुपर्थ्यो । एक महिनामा त्यहाँबाट तस्बिर धुलाएर यहाँ आइपुग्थ्यो । ०४० सालतिर राजधानीमा रेन्बो कलर ल्याब खुलेपछि भने केही राहत महसुस गरेको उनले बताए । उनले काम थाल्दा न विद्युत् थियो, न जेनरेटर । एलाजमेन्टमा प्रकाशको व्यवस्था गर्न घामको प्रकाशतिर फर्केर नेगेटिभमा घन्टौं काम गर्नुपर्थ्यो । अहिले १० मिनेटमै डिजिटल प्रविधिबाट तस्बिर तयार हुन थालेपछि प्रविधिको यो चमत्कारबाट अताभाइ पनि चकित छन् । डिजिटल क्यामेरा मात्र नभै मोबाईलबाट समेत तस्बिर खिच्ने सुविधा आएकोमा उनी दंगदास छन् ।

डिजिटल प्रविधि र परम्परागत प्रविधिबाट तयार पारिएका तस्बिरको गुणस्तरमा आकाश-जमिनको फरक हुने उनको बुझाइ छ । ‘डिजिटल प्रविधिका तस्बिरको आयु मुस्किलले १० वर्ष हुन्छ तर परम्परागत प्रविधिका तस्बिर ५० वर्ष सम्म पनि ताजै रहन्छन्, ’ -उनले बताए ।

लामो व्यावसायिक जीवनमा समाजका सबै वर्गका मानिससँग हिमचिम भएको अताभाईले ठूला-ठूला हाकिमदेखि लिएर राजा त्रिभुवनदेखि वीरेन्द्रसम्मको तस्बिर खिच्न खिचिदन आग्रह गर्न आएपछि झन्डै ३५ वर्षयता उनले हिप्पी शैलीको लामो कपाल पालेका छन् । हिउँजस्ता लामा सेता केश, अग्लो मोटो ज्यान लिएर बजारमा हिंड्दा उनी अहिले पनि ५०-५५ कै जस्ता देखिन्छन् । सफा-सुग्घर पहिरनका सौखिन यी वृद्ध फोटोग्राफर आफूलाई यी दुवै सौखले नै जवानीको अनुभुति दिइरहेको अनुमान गर्छन् ।

विद्यालयको मुख नदेखेका अताभाइले औपचारिक शिक्षा नलिए पनि घरमै स्व-अध्ययन गरेका छन् । अक्षर चिन्ने र लेख्ने मात्र होइन, पत्रपत्रिका पढ्न सक्नेसम्मको क्षमता उनले मनोहर पोथीको स्व-अध्ययनबाटै बनाएका हुन् । पढेर मात्र होइन, परेर पनि धेरै कुरा जानिन्छ, – उनी भन्छिन् ।

सफल व्यावसायिक जीवनमा ठूलाबडाहरूसँग समेत उठबस गरेका अताभाइले आफ्नो पहुँचको भने कहिल्यै दुरुपयोग नगरेको बताए । उनी भन्छन्- ‘पैसा र रवाफ ठूला कुरा होइनन्, समाजमा इज्जत कमाएँ, त्यही ठूलो पुँजी हो’ ।

उमेरमा हिन्दी चलचित्रका सौखिन अताभाइ अचेल नयाँ चलचित्र हेर्दैनन् । टेलिभिजनमा पुराना गीत र चलचित्र आए भने छुटाउँदैनन् । राजकपुर, दिलीप कुमार, मधुबाला, नर्गिस, सुरैयाजस्ता उतिबेलाका नायक-नायिकाका जर्बजस्त फ्यान भ्याएका छन् । सिमरा एयरपोर्टमा राजा त्रिभुवनको, जनकपुर बम काण्डपछि तनावमा रहेका तथा वीरगन्जमा बास बस्न आएका राजा महेन्द्रको र ०३८ सालतिर वीरगन्जमा गीता मन्दिरको उद्घाटन गर्न आउँदा राजा वीरेन्द्र र रानी ऐश्वर्यको तस्बिर खिच्दाको क्षण उनको स्मृतिमा अझै पनि ताजा छ ।

माछा-मासुका सौखिन तथा अन्य फोटोग्राफरजस्तै फेसनेबल अताभाइ जवानीमा जुल्फी पाल्थे, तर एक दिन एउटा ग्राहक लामो कपाल भएका हलिउड नायकको तस्बिर लिएर आफूकहाँ त्यस्तै तस्बिर अताभाइकहाँ उतिखेर ‘श्री ४२०’ र ‘बरसात’को जस्तो राजकपुर अनि गाइडको देवानन्दजस्तै अनि नर्गिस र मधुबालाको जस्तो लुकमा तस्बिर खिचिदिन आग्रह गर्दै आउने ग्राहकहरूको स्मरण पनि ताजै छ ।

अचेल अताभाइ बिहान-बेलुका गरी दैनिक पाँच-छ घन्टा स्टुडियोमा बस्छन् । दिउँसो भने घरमै आराम गर्छन् । ‘छोरालाई पनि सिकाउनुपर्‍यो नि, ’ -उनले भने ।

**शंकर आचार्य**





## ● लभगुरु ●

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

**म २३ वर्षीया युवती हुँ। विगत चार वर्षयता मेरो एक युवकसँग प्रेम सम्बन्ध थियो। सुरुमा एक वर्षजति त्यो सम्बन्ध गोप्य रह्यो। त्यसपश्चात् दुवैका परिवारलाई थाहा भयो। उसले मलाई जति चाहन्थ्यो, उसका परिवारले पनि त्यति नै माया गर्थे। हामी दुवैको परिवारबीच समझदारी थियो। गत वर्ष वैशाखमा ऊ आफ्नो घर पहाडतिर गयो। त्यसको पाँच महिनापछि उसको बोली-व्यवहार परिवर्तन हुँदै गयो। चार महिनापछि थाहा पाएँ, गाउँकी एउटी युवतीसँग उसको प्रेमसम्बन्ध अघि बढिरहेको रहेछ। त्यसपछि धेरै प्रयास गरेर ती युवतीको फोन नम्बर पत्ता लगाएँ र फोन गरी उनको मन चाल्न खोजें। उनले भनिन्- 'हामी दुईबीच विवाह भैसकेको छ। अब कुनै पनि हालतमा अरूसँग नजिक हुनेछैन।' त्यसपछि मैले मेरो प्रेमी (?) सँग कुरा गरें। उसले भन्यो- 'म तिमीबाहेक अरू कोहीसँग जीवन बिताउन सक्दिनँ। म अहिले बाध्यतामा परेको छु, चार-पाँच वर्ष पर्ख। त्यसपछि समस्या समाधान हुन्छ।' त्यसबीचमा बाटो मोड्यौ भने सुखले बाँच्न दिन्न भनेर धम्की पनि दिन्छ। यस विषयमा मैले आफ्नो परिवारसँग कुरा गरिसकें। उहाँहरूले पनि केही निर्णय गर्न सक्नुभएको छैन। ऊ कुलत र कुसंगतमा फसेको थाहा पाएकी छु। मैले उसलाई सम्झाउन पनि खोजें, ऊ भन्छ- 'मलाई धेरै दबाब भयो, त्यो बिर्सनका लागि यसको सहारा लिएको छु। एक दिन पक्कै सुध्रिनेछु।' यस्तो बेलामा म के गर्न सक्छु ? भावनात्मक विश्वास तोडेर अरूसँग अनैतिक सम्बन्ध राख्ने युवकलाई अझ चार-पाँच वर्षसम्म पर्खेर बस्नु उपयुक्त छ ? मैले आफू र आफन्तको इज्जत तथा जीवनरक्षाका निम्ति के गर्न सक्छु ?**

**-सु.**

साँचो प्रेममाथि खेलाँची गर्नेसँग सुखमय जीवनयापन गर्न सकिँदैन। त्यसमाथि उसले तपाईंसँग मात्र होइन, अर्की युवतीको भविष्य पनि अन्धकारतर्फ धकेल्दै छ। ऊ अनायसै कुलत र कुसंगतमा कसरी पर्न गएछ ? त्यसको वर्णन तपाईंको पत्रमा छैन। यदि उसलाई त्यसबाट बाहिर निस्कन मन छ भने उसले सुध्रिन्छु भन्ने दृढ संकल्प गर्नुपर्छ र पुनःस्थापना केन्द्रमा सम्पर्क गरिहाल्नुपर्छ, तर ऊ अझै दुई-चार वर्ष बिग्रने मनस्थितिमै छ। तपाईंलाई उसले माया नगर्ने होइन, तर यो कुरामा ऊ लापर्वाह देखियो। माया धम्की दिएर वा जबर्जस्ती हुँदैन। यदि तपाईंको मनमा अझ पनि ऊप्रति प्रेम बाँकी छ भने मेरो सल्लाह मान्नुहोस् र उसलाई मनबाट निकालेर आफ्नो भविष्य निर्माणमा ध्यान दिनुहोस्। जहाँसम्म उसको धम्कीको कुरा छ, तपाईं जति डराउनुहुन्छ, उसको मनोबल त्यति नै बढ्छ। त्यसैले यो कुराको जानकारी प्रहरी प्रशासनलाई गराइराख्नुहोस्। यसमा आफ्नो परिवार तथा कानुनविद्हरूको सल्लाह पनि लिन सक्नुहुन्छ।

## ● फिल्मी खबर ●

### द काठमाडौं सम्पादनमा


आकाश अधिकारीको निर्देशनमा निर्माण भैरहेको चलचित्र 'द काठमाडौं'को छायांकन सम्पन्न भएको छ। सम्पादन कक्षमा पुगेको यो चलचित्रमा हलिउडकी अभिनेत्री रिया मर्फीले पनि अभिनय गरेकी छिन्। काठमाडौंको जीवनशैलीलाई अमेरिकासँग दाँजिएको यो चलचित्रका केही गीत तथा दृश्यको छायांकन अमेरिकाको सनफ्रन्सिस्कोमा पनि गरिएको छ। रेश मरहठ्ठा, गौरी मल्ल, प्राप्ति घिमिरे, सुनिलदत्त पाण्डे, संयुक्ता राणा, ममता प्रधान, अर्जुन श्रेष्ठ, सुभद्रा अधिकारीका साथ निर्देशक अधिकारी पनि यो चलचित्रमा देखिँदैछन्।

### डम्बरको गीतमा चलचित्र

गायक डम्बर नेपालीको चर्चित गीत 'तर अन्तिमपल्ट भेट्न आऊ' लाई शीर्षक बनाएर निर्देशक महेन्द्र बुढाथोकीले चलचित्र निर्माण गर्दैछन्। राजेश हमाल तथा करिश्मा मानन्धरको जोडी रहने यो चलचित्रको छायांकन भदौ महिनातिर थालिनेछ। थप कलाकार तथा प्राविधिकहरूको छनौटकार्य बाँकी रहेको यो चलचित्रको कथा रंगपत्रकार लक्ष्मण सुवेदीले लेखेका हुन्।

### डिभिडीमा सानो संसार

युवापुस्तालाई ध्यानमा राखेर गत वर्ष प्रदर्शनमा आएको सफल चलचित्र 'सानो संसार' घरघरमा हेर्न सकिने भएको छ। हाइटेक इन्टरटेन्मेन्टले यसै साता उक्त चलचित्रको डिभिडी सार्वजनिक गरेको छ। क्वेस्ट इन्टरटेन्मेन्टका लागि आलोक नेम्वाङद्वारा निर्देशित उक्त चलचित्रमा नम्रता श्रेष्ठ, महेश शाक्य 'कर्मा', जीवन लुइँटेल, विनय श्रेष्ठ, नीर शाह, सुशील रायमाझी, अर्जुन श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन्।





# ग्रोवरको बाटोमा

भारतीय अभिनेता गुलशन ग्रोवर आफ्नो भूमिकालाई जीवन्त तुल्याउन हरेक चलचित्रमा फरक-फरक 'गेटअप'मा देखिए। उनी त्यसका लागि चर्चित पनि भएका छन्। नेपालमा भने नायक वा खलनायक कोही पनि फरक 'गेटअप'का लागि त्यति चिन्तित भएनन्। केहीलाई छाडेर अधिकांश कलाकार, निर्माता-निर्देशकले आफूलाई जस्तो 'गेटअप'मा प्रस्तुत गर्छन्, त्यसैलाई सदर गर्छन्। भूमिकामा ज्यान भर्ने कलाकारहरूले पनि 'गेटअप'मा ध्यान दिनुपर्ने हो, तर यहाँ त्यस्तो हुँदैन। पछिल्लो पटक पुष्कर भट्टलाई 'नेपाली गुलशन ग्रोवर'को उपाधि दिइएको छ। तीन दर्जन चलचित्रमा अभिनय गरेका भट्ट झन्डै दुई दर्जन चलचित्रमा फरक 'गेटअप'मा प्रस्तुत भएका छन्। तस्बिरमा पनि देखिन्छ- उनी भूमिकाअनुरूपको 'गेटअप'मा छन्। भट्ट भन्छन्- 'म आफ्नो गेटअप आफैं बनाउँछु।' हालै एक चलचित्रका लागि दाह्री जुँगा फालेर टाउकोलाई दुई भागमा बाँड्ने गरी मध्यभागमा कपाल राख्दा उनले उक्त चलचित्रको छायांकन नसकुन्जेल अनुहार लुकाउँदै हिंडनुपरेको थियो। 'साथमा कलाकारको परिचयपत्र नभएको भए त प्रहरी थुनामा पनि पर्थें होला,' -'भिलेन' हाँसो हाँस्दै भट्टले भने।

# व्यस्त भइन् ब्रिटिशा



साप्ताहिकमा आकर्षक तस्बिर तथा अन्तर्वार्ता प्रकाशित भएपछि ब्रिटिशा अधिकारीको व्यस्तता अचानक बढेको छ। ईपाइला डटकमले उनको आकर्षक हाउभाउसहितको तस्बिर खिचेको थियो जसले साप्ताहिकको मध्यपृष्ठ सजिएको थियो। उनलाई म्युजिक भिडियो, विज्ञापन तथा चलचित्रबाट थुप्रै प्रस्ताव आएका छन्। अघिल्लो शुक्रबार उनले बागबजारस्थित एउटा नयाँ स्टुडियोको ब्रान्ड एम्बेसडरका रूपमा फोटोसेसन गरिन्। 'यसअघि पैसा तिरेर फोटोसेसन गराएकी थिएँ,' उनले भनिन्– 'शुक्रबार त्यो स्टुडियोले मेरो फोटोसेसन गरेपछि उल्टै पारिश्रमिक पनि दियो।' ब्रिटिशाले गायक रोज मोक्तानको एउटा रिमिक्स गीत तथा गायिका इन्दिरा गुरुङको अर्को एउटा गीतको म्युजिक भिडियोमा अभिनय गरिसकेकी छिन्। उनी यही साता जगदीश समालको गीतको म्युजिक भिडियोमा पनि अभिनय गर्दैछिन्। निर्देशक दीपक रायमाझीले नयाँ चलचित्रमा नायिकाका रूपमा अनुबन्ध गरेपछि ब्रिटिशा उत्साहित देखिएकी छिन्। 'अन्य म्युजिक भिडियोको अफर आएको छ,' ब्रिटिशा भन्छिन्– 'केही विज्ञापनका लागि पनि कुरा हुँदैछ।'

# प्रमोद र राम संगीतकार





पछिल्लो पुस्ताका संगीतकार महेश खड्का चलचित्र संगीतमा अत्यन्तै व्यस्त छन्। सुगम संगीतमा स्थापित आलोकश्री पनि चलचित्र संगीत क्षेत्रमा व्यस्त हुँदै गएका छन्। यसबाहेक शम्भुजित बाँस्कोटा तथा सुरेश अधिकारी, चेतन सापकोटा पनि यो क्षेत्रमा सक्रिय छन्। परम्परागत संगीतको विकल्प खोज्ने क्रममा चलचित्र मिस्टर मंगलेले भने माथि उल्लेख गरिएका नामहरूको विकल्पमा नयाँ संगीतकारको खोजी गर्‍यो। गायक-संगीतकार प्रमोद खरेललाई मिस्टर मंगलेको निर्माण समूहले त्यो जिम्मेवारीका लागि उपयुक्त मान्यो।

'एउटा गीतका लागि मलाई गाउने र संगीत भर्ने दुवै जिम्मा दिइयो, त्यसपछि उहाँहरूलाई काम राम्रो लागेर होला, पूरै चलचित्रमा काम गर्न भनियो तर मैले जम्मा तीनवटा गीत मात्र गरें' प्रमोदले साप्ताहिकसँग भने- 'चलचित्रलाई व्यावसायिक सफलता दिलाउने किसिमका गीत पनि गर्नुपर्ने भएकाले मेरो 'प्याटर्न' नमिल्ने देखेर गरिनँ।' निर्माता-निर्देशक दीपक खाँड फेरि अर्को संगीतकारको खोजीमा निस्किएपछि भेटिए– राम कार्की। गायक प्रकाश ओझाका चर्चित गीतमा संगीत भरेका रामले पनि युनिटले खोजेजस्तो गीत-संगीत तयार पारिदिए।

रामले मिस्टर मंगलेको टाइटल गीत र आइटम गीतका साथमा अर्को एउटा रोमान्टिक गीतमा पनि संगीत भरेका छन्। उद्धव पौडेलको निर्माण तथा दयाराम दाहालको निर्देशन रहेको चलचित्र 'घरज्वाइँ' को पनि संगीत भर्ने जिम्मेवारी पाएका रामलाई मिस्टर मंगलेमा काम गरिसकेपछि व्यावसायिक रूपमै यही क्षेत्रमा सक्रिय हुने इच्छा छ। राम भन्छन्- मसँग नयाँ स्वाद दिने खालका थुप्रै म्युजिक 'स्टक' मा छन्।

# पिठ्यूँमा ओम माने पेमे



गायक आङ निमा शेर्पालाई कुन्नि के सनक चढेछ अथवा बौद्ध धर्म मान्ने शेर्पामा अनायसै धर्मप्रति आस्था जागेछ। आफ्नो जन्ममिति '२२ जून'लाई एल्बमको शीर्षक दिएका यी गायकले पिठ्यूँमा बौद्ध मन्त्र 'ओम माने पेमे' खोपाए। त्यो मन्त्रले आफूलाई सधैं आशीर्वाद प्राप्त भैरहोस् भनेर शेर्पाले मन्त्रको ट्याटु लेखाएका रहेछन्। ट्याटु बनाउँदा दुखेन? हाम्रो यो प्रश्नमा उनी मज्जाले हाँसे र हिन्दी चलचित्रको एउटा संवाद बोले- 'मर्दको दर्द नही होता।' ट्याटु बनाउँदा चार घण्टा लागेको र त्यतिन्जेल भगवान् बुद्धकै नाम जपिरहेको उनले बताए। बाल्यावस्था लन्डनमा बिताएका शेर्पाले लन्डनमै यस्तो ट्याटु बनाउन खोजेका रहेछन्। महँगो भएकाले उता नबनाएको र वर्षौंदेखिको त्यो रहर काठमाडौंमा पूरा गरेको शेर्पाले जानकारी दिए। आगामी एल्बमको शीर्षक ओम माने पेमे नै राख्ने हो कि? उनले भने- 'सही आइडिया दिनुभयो, विचार गर्छु।'

# मुहार नदेखाउने साथी



टेलिभिजनमा संगीत बज्छ। इलाम, पोखरा, कुलेखानीका रमणीय दृश्यको पृष्ठभूमिमा एउटा युवक र एउटी युवती विभिन्न मुद्रामा प्रस्तुत हुन्छन्, तर उनीहरूको मुहार भने देखिँदैन। माथिबाट खिचिएको एउटा दृश्यमा युवक नायक आर्यन सिग्देलजस्तो देखिन्छन् अनि कुलेखानीको पृष्ठभूमिमा आङ तन्काउने युवती कता-कता नम्रता श्रेष्ठझैं लाग्छिन्। चलचित्र 'मेरो एउटा साथी छ'को यो टेली विज्ञापनमा नायक र नायिकाको मुहार देखाइएको छैन। किन त? 'दर्शकमा खुल्दुली होस् भनेर त्यसो गरेको हो,' - कार्यकारी निर्माता प्रज्ज्वल राणाले साप्ताहिकलाई बताए। अर्कातर्फ मुहार नदेखाइएकोमा चलचित्रका नायक आर्यन सिग्देल दंग छन्, उनले पनि साप्ताहिकसँग भने- 'विज्ञापनको तरिका गजब लाग्यो।' यसै साता सार्वजनिक भएको प्रमोसनल म्युजिक भिडियोमार्फत नायक सिग्देल र नायिका श्रेष्ठ नै चलचित्रका नायक-नायिका हुन् भन्ने कुरा सार्वजनिक भएको छ।

# सुनिता पनि हिरोइन



**विभिन्न म्युजिक भिडियोमा अभिनय गरेर अघि बढिरहेकी सुनिता गन्धर्वका लागि पनि अभिनयको ढोका खुलेको छ। म्युजिक भिडियोका अतिरिक्त 'यतिको खोजी' लगायत अन्य केही चलचित्रमा काम गरेकी सुनिताले सोभित बस्नेत निर्देशित चलचित्र 'चिनो' मा काम गरेपछि उनको दायरा अझ फराकिलो भएको छ। चिनोमा सामान्य भूमिका निर्वाह गरेकी सुनिता सोभितकै अर्को चलचित्र 'कन्यादान' मा मुख्य भूमिका निर्वाह गर्दैछिन्। सुनिता आफैं पनि दंग छिन्, त्यसैले त उनी भन्छिन्– 'राम्रो ब्यानरमा काम गर्न पाउँदा रमाइलो लागेको छ, भनेजस्तै भयो भने म्युजिक भिडियो र चलचित्र दुवैलाई एकसाथ अघि बढाउँछु।'**

# आए, खेले, फर्किए



दरबारमार्गमा अनायसै ध्रुव दत्त भेटिए। उनलाई भेट्नु राजेश हमाल भेटिनुभन्दा ठूलो कुरा थियो, किनकि हमाल काठमाडौंमै बस्छन् भने ध्रुव हङकङमा। हमालसँग उनलाई ठाडै दाँज्न त मिल्दैन तर मार्शल आर्टका पूर्वखेलाडी ध्रुवलाई केही वर्षयता चलचित्रमा नायक हुने रहर पलाएको छ। हङकङमा निर्माण हुने केही चलचित्रमा उनले आफ्नो अभिनय, नृत्य र द्वन्द्वकला देखाउने अवसर पनि पाए। नेपाली चलचित्रमा नायक हुने उनको रहर अझै बाँकी थियो। यो वर्ष त्यसका लागि साइत जुर्‍यो। चलचित्र 'वीरताको चिनो'का चार नायकमध्ये उनी पनि एउटा रहेछन्। त्यसैको छायांकन सकेर हङकङ फर्किने तयारीमा रहेका ध्रुव फेरि केही दिनमा अर्को कलिउडे चलचित्रमा अभिनय गर्ने भएका छन्। 'त्यसका लागि फेरि आउँछु।' -भेटमा उनले उत्साहित हुँदै सुनाए। उनले यसैगरी स्वदेश आउँदै, चलचित्र खेल्दै, फर्किरहुन् र चलचित्रमा निरन्तर अभिनय गरिरहुन्, हाम्रो शुभकामना।

## ● तीन प्रश्न ●



सानो पर्दाका दर्शकका लागि दमन रूपाखेती परिचित अनुहार हो। झन्डै डेढ दशकअघि 'ट्वाक्क-टुक्क' बाट हास्यकलाकारका रूपमा अभिनययात्रा प्रारम्भ गरेका दमनले त्यसपछि 'सँगालो', 'काउकुती', 'गीताञ्जली', 'जीरे-खुर्सानी', 'मेरी बास्सै', 'झ्याइँकुटी झ्याइँ' लगायत दर्जनौं हास्य श्रृंखलामार्फत दर्शक हँसाउँदै आएका छन्। 'मेरी बास्सै' बाट निर्देशनको क्षेत्रमा समेत अघि बढेका दमन अहिले नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको श्रृंखला 'झ्याइँकुटी झ्याइँ' का मुख्य कलाकार तथा निर्देशक हुन्। लामो समयदेखि गाईजात्रा महोत्सवमा समेत सहभागी भैरहेका दमनले यस पटकको गाईजात्रामा दर्शकलाई लगातार एक सातासम्म हँसाउँदै छन्। पछिल्लो समयमा 'जे के' उपनामका कारण चर्चामा रहेका थानकोट, काठमाडौंका दमनसँग साप्ताहिकको तीन प्रश्न :

**तपाईं आफ्ना समकालीन हास्यकलाकारभन्दा पछि पर्नुभएको हो ?**

पछि नै परेको भन्न मिलेन। साथीहरूजस्तो अग्लो स्थानमा चाहिं पुगेको छैन। पुग्ने रहर पनि छैन। अग्लो ठाउँमा पुग्दा लडिने डर हुन्छ। म मध्यम स्तरमै सन्तुष्ट छु।

**दर्शकलाई हँसाउन सजिलो कि रुवाउन ?**

रुवाउनै सजिलो होलाजस्तो लाग्छ। हँसाउनका लागि त धेरै नै मेहनत गर्नुपर्छ। टेलिभिजनमा हँसाउने कार्यक्रमको संख्या बढेपछि सामान्य प्रस्तुतिमा दर्शकहरू हाँस्न छाडिसके। त्यसैले दर्शकलाई पेट मिची-मिची हँसाउन नयाँ-नयाँ विषय खोज्नुपर्छ, जसका लागि निकै मेहनत गर्नुपर्छ।

**'झ्याइँकुटी झ्याइ' अन्य हास्यश्रृंखलाभन्दा कुन कुराले पृथक् छ ?**

हामीले गाउँले परिवेशमा गाउँकै सामाजिक कुरीतिप्रति व्यंग्य गरेका छौं। दर्शक हँसाउन राजनीतिलाई विषय बनाउनुपर्छ भन्ने कुराबाट पृथक् छौं। समाजमा घटिरहेका सामाजिक विसंगतिमार्फत दर्शकलाई स्वच्छ मनोरञ्जन दिएकै कारण अहिले यो श्रृंखला दर्शकको रोजाइमा परेको छ।

## ● मेरो अनुभव ●

## मनसुन



**पूजा लामा**
(नायिका/गायिका)

ओहो, मनसुन विषय नै कति रोमान्टिक छ ? मलाई आफ्नो अनुभव राख्न यो विषय दिनुभयो, कस्तो खुसी लाग्यो। मलाई मन पर्ने मौसम पनि वर्षा हो भनेर कसरी थाहा पाउनुभयो ? एनी वे, मलाई मनसुन लागेपछि सेतो पहिरनमा हिंड्न मन लाग्छ। एक त मनसुन त्यसमा पनि सेतो कपडाको 'कम्बिनेसन' निकै राम्रो देखिन्छ। यो मौसममा सेतो पहिरन लगाउँदा युवतीहरू अझ 'सेक्सी' देखिन्छन्। म यो मौसममा लाइट मेकअप गर्छु। आई मेकअप त गर्दै गर्दिनँ। यो मौसममा हार्ड मेकअप गरियो भने भिजेर 'भूत' जस्तो देखिन्छ। सकिन्छ भने त अझ मेकअप नै नगरेको राम्रो। मनसुनमा मलाई घरमै बसेर वा कतै गएर हट-हट पिज्जा खान मन लाग्छ। कारमा चढेर पिज्जा खाँदै वाइपरले सिसामा परेको पानी हटाउँदै डुल्न कम्ती मज्जा हुँदैन अनि मोटरबाइकमा पछाडि बसेर भिज्दै घुम्नुको मज्जा अर्कै हुन्छ। मलाई त यो बेला परिवार र साथीभाइहरूसँग 'गेट-टुगेदर पार्टी' गरिरहन मन लाग्छ। सुटिङ वा काम नभएको बेला पानी पर्‍यो भने म भिज्न मन पराउँछु र त्यस्तो बेलामा पानी पर्‍यो भने रुझ्न गैहाल्छु। पानी परिरहोस्, आफूलाई मन परेको मानिससँग एउटै छाता ओढेर, चप्पल लगाएर, पाइन्ट माथिसम्म सारेर उसलाई अँगालो मार्दै रोमान्टिक गफ गर्दै हिंड्दा रमाइलो हुन्छ जस्तो लाग्छ। पानी परिरहेको बेला स्वीमिङ खेल्न पनि रमाइलो हुन्छ। मसँग रोमान्टिक मनसुनका धेरै अनुभव छन्। पोखराको फूलबारी रिसोर्टमा क्यासिनोको उद्घाटन कार्यक्रममा मलाई बोलाइएको थियो। मेरो ब्यान्ड 'ड्रिम गर्ल्स'की चन्दा पनि मसँगै थिइन्। मैले गाउँदा-गाउँदै अनायासै पानी पर्‍यो। मानिसहरू ओत लाग्न यताउति लागे। म भने पानीमा निथ्रुक्क भिज्दै नाच्दै गाउन थालें। त्यो देखेर ओत लाग्न गएका सबै मसँग आएर नाच्न थाले। यस्ता रमाइला अनुभव धेरै छन्। सबै लेख्ने हो भने साप्ताहिकको एउटा अंकले पुग्दैन। पछि फेरि भनुँला नि है ?





# तोड

यसै साता सार्वजनिक भएको नेपाली चलचित्र 'तोड' सत्य घटनामा आधारित छ। गत बुधबार राजधानीबाहिरबाट सार्वजनिक प्रदर्शन प्रारम्भ भएको यो चलचित्रको निर्माण तथा निर्देशन राजन श्रेष्ठले गरेका हुन्। चलचित्रमा चारवर्षीया कलाकार स्नेहाले ब्लडक्यान्सरबाट पीडित बालिकाको भूमिका निर्वाह गरेकी छिन्। सविर श्रेष्ठ चलचित्रका प्राविधिक निर्देशक हुन्। तोडमा विराज भट्ट, सुमन सिंह, रेखा थापा, उमाबेबी गिरी, स्नेहा आदि कलाकारले मुख्य भूमिका निर्वाह गरेका छन्। अतिथि कलाकारका रूपमा सौजन्य सुब्बा छिन्।

चलचित्रको कथा सामान्य छ। सुमन सिंह धनाढ्य व्यापारी हुन्। उनकी श्रीमती उमाबेबी प्रहरी अधिकृत हुन्। उनीहरूकी एउटी प्यारी छोरी छिन्, जसलाई ब्लडक्यान्सर हुन्छ। विराज भट्टले उमाबेबीको गाउँले साथीको भूमिका निर्वाह गरेका छन्। रेखा थापा छोटो भूमिकामा देखिएकी छिन्। रेखालाई विराज भट्टको साथीका रूपमा प्रस्तुत गरिएको छ। प्राणभन्दा प्यारो सन्तानलाई बाल्यकालमै गुमाउँदा आमा-बुबालाई कस्तो तोड पर्छ भन्ने यथार्थ चलचित्रमा चित्रण गरिएको छ। काठमाडौं तथा सिक्किममा छायांकन गरिएको यो चलचित्रको प्राविधिक पक्ष आकर्षक छ। छायाँकार शिव ढकालको छायांकन उत्कृष्ट छ। उनले नयाँ लोकेसनलाई क्यामेरामा कैद गरेका छन्। अभिनयतर्फ सुमन सिंह तथा नयाँ नायिका उमाबेबी जमेका छन्। विराज तथा रेखाले आफ्नो भागको भूमिका कुशलतापूर्वक निर्वाह गरेका छन्। महेश खड्काले चलचित्रका लागि कर्णप्रिय गीत-संगीत तयार पारेका छन् जसलाई राजेशपायल राई, दीपक लिम्बू, अञ्जु पन्त आदि गायक-गायिकाले गाएका छन्। दिनेश अधिकारी नायक-नायिकालाई नचाउन सिपालु देखिएका छन्। मुख्य खलनायकका रूपमा प्रस्तुत भएका रोशन श्रेष्ठको द्वन्द्व निर्देशन चलचित्रको अर्को राम्रो पक्ष हो।

• चलचित्र •



# जुली एन्ड जुलिया

हलिउडबाट यो साता एउटा हास्यचलचित्र सार्वजनिक हुँदैछ। आज शुक्रबार सार्वजनिक हुने चलचित्र 'जुली एन्ड जुलिया' २ घन्टा ३ मिनेट लामो छ। सोनी पिक्चर्सले विश्वव्यापी प्रदर्शन गर्ने यो चलचित्रमा प्रयोग गरिएको भाषा तथा केही दृश्यका कारण १३ वर्षभन्दा कम उमेरका दर्शकले हेर्न मिल्दैन।

महिला निर्देशक नोरा इफ्रोनद्वारा निर्देशित यो चलचित्रमा मेरिल स्ट्रिप, एमी एडम्स, स्टेन्ली टुची, क्रिस मेस्सिना, जेन लिन्च आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेका छन्। अमेरिकाका विभिन्न सहर तथा फ्रान्सको पेरिसमा छायांकन गरिएको यो चलचित्र दुई जना महिला जुली तथा जुलियाको जीवनशैलीमा आधारित छ। सत्यकथामा आधारित यो चलचित्रलाई निर्देशक नोराले 'नारीप्रधान' बनाएकी छिन्। पुरुष कलाकारको उपस्थिति कम रहेको यो चलचित्रमा जुली तथा जुलियाको जीवनमा आउने उतार-चढावलाई मुख्य विषय बनाइएको छ। एक-अर्कासँग अति नै निकट यी दुई महिला समय तथा भूगोलका कारण टाढिन्छन्। टाढिएपछि दुवैले विभिन्न प्रकारका समस्या सामना गर्नुपर्छ। चलचित्रको अन्त्यमा उनीहरूको पुनर्मिलन हुन्छ। धैर्य तथा लगनशीलताबाट मानिसले असम्भव काम पनि गर्न सक्छ भन्ने सन्देश बोकेको यो चलचित्रले दर्शकलाई पेट मिचीमिची हँसाउने निश्चित छ।

# तेरे संग



आज शुक्रबार सार्वजनिक हुने बलिउड चलचित्र 'तेरे संग' टिनएजरहरूका लागि निर्माण गरिएको हो। रोमान्टिक शैलीको यो चलचित्रमा रुस्लान मुम्ताज तथा शिना शाहबादीले नायक-नायिकाको भूमिका निर्वाह गरेका छन्। दुवैको यो पहिलो चलचित्र हो। हास्यकलाकारका रूपमा लोकप्रिय सतिस कौशिकद्वारा निर्देशित यो चलचित्रमा सुस्मिता मुखर्जी, रजत कपुर, नीना गुप्ता, अनुपम खेर तथा निर्देशक कौशिकले मुख्य भूमिका निर्वाह गरेका छन्। भरत शाहद्वारा निर्मित यो चलचित्रमा अनु मलिक, बप्पि लहरी, सचिन तथा जिगर गरी चार जनाले संगीत दिएका छन्। आधा दर्जनभन्दा बढी गीत समावेश गरिएको यो चलचित्रका लागि शान, राजा हसन, बप्पि लहरी, जान्वी श्रीमनकर आदि गायक-गायिकाले स्वर प्रदान गरेका छन्। चलचित्रले समाजमा घटिरहेको टीनएज प्रेग्नेन्सी (युवाअवस्थामा गर्भाधान) लाई मुख्य विषय बनाएको छ। २१ औं शताब्दीमा ग्रामीण बस्ती तथा ठूला सहरमा युवाअवस्थामै गर्भवती हुने क्रम बढ्दो छ। यही कुरालाई आधार बनाउँदै चलचित्र 'तेरे संग' को कथा तयार पारिएको छ।

चलचित्रको कथाअनुसार माही दिल्लीमा बसोबास गर्ने समृद्ध परिवारकी १५ वर्षीया युवती हुन्। 'पुरी' परिवारकी यी युवती निकै मायालु तथा सुन्दर छिन्। उनी परिवारकै सबैभन्दा पुल्पुलिएकी छोरी हुन्। उनका लागि सबै प्रकारका सुख-सुविधा उपलब्ध छन्। १७ वर्षीय कबीर एउटा सानो सहरमा बसोबास गर्ने युवक हुन्। उनी समाजको तल्लो वर्गलाई प्रतिनिधित्व गर्ने समुदायका युवक हुन्। कविर अहंकारी, विद्रोही तथा उपेक्षित स्वभावका युवक हुन्। चलचित्रको कथा अघि बढ्दै जाँदा माही तथा कबिरको भेट हुन्छ। भेटपछि दुवै घनिष्ठ मित्र बन्छन्। माहीलाई सानो सहर तथा त्यहाँको जीवनशैली मन पर्छ, जबकी कविरलाई महानगरीय जीवनशैलीमा बाँच्ने इच्छा हुन्छ। नयाँ वर्षको पूर्वसन्ध्यामा उनीहरू एउटा यात्रामा जान्छन्। त्यहाँ उनीहरू दुवै बहकिन्छन् र माही गर्भवती हुन्छिन्। त्यसपछि माही तथा कबिरले जिन्दगीसँग कसरी संघर्ष गर्छन् भन्ने कुरालाई चलचित्रमा आकर्षक ढंगले चित्रण गरिएको छ।

• सानो पर्दा •



## पवनकली बाग्लुङ पुग्दा

कान्तिपुर टेलिभिजनबाट प्रत्येक शनिबार साँझ ७:३० बजे प्रसारण भैरहेको रमाइलो कार्यक्रम 'द पवनकली सो' की प्रस्तोता माम्पी घोष दर्शकमाझ लोकप्रिय छिन्। पवनकलीले बोल्ने भाषा तथा वेशभूषाका कारण उनी चर्चित बनेकी हुन्। चौबन्दी चोली तथा फरिया लगाएर पृथक् शैलीको नेपाली भाषामा विभिन्न व्यक्तित्वसँग अन्तरंग कुराकानी गर्ने पवनकली अर्थात् माम्पीलाई क्याजुअल पहिरन लगाएका बेला कमैले चिन्छन्। यसबीच, केही समयअघि उनी पवनकलीकै गेटअपमा बाग्लुङका केही गाउँ पुगेकी थिइन्। एउटा बैंकको घर-दैलो बैंकिङ सेवाको सद्भावना राजदूतका रूपमा बाग्लुङका भकुण्डे, नारायणथान आदि गाउँ पुग्दा स्थानीय व्यक्तिहरूले बोलेको भाषा सुनेर उनी आश्चर्यमा परिन्। 'मैले पवनकलीमा बोल्ने भाषा त त्यहाँ पो बोलिँदो रहेछ, माम्फीले खुसी व्यक्त गरिन्- 'आफूलाई लाखौं दर्शकमाझ परिचित गराउने कार्यक्रममा प्रयोग गरिएको भाषा वास्तविक जीवनमै प्रयोग गरिने ठाउँमा पुग्दा साह्रै खुसी लाग्यो।' बाग्लुङबाट फर्किएपछि पवनकलीको भाषामा थप सुधार आएको उनले बताइन्।

## गायक बने भिडियो जक्की

बेलबारी, मोरङका स्थायी बासिन्दा विशाल भण्डारीले गायकका रूपमा आफ्नो करियर प्रारम्भ गरेका थिए। केही वर्षअघि 'स्ट्रगल' शीर्षकको गीति संग्रह तयार पारेर त्यसको एउटा म्युजिक भिडियो प्रसारणका लागि उनी च्यानल नेपालको स्टुडियो पुगे। म्युजिक भिडियो प्रसारण गराउन त्यहाँ पुगेका भण्डारीलाई च्यानल नेपालले भिडियो जक्की नै बनाइदियो। उनले त्यहाँ म्युजिक भिडियोकै समीक्षा गर्ने कार्यक्रम सञ्चालन गरे। त्यहाँ उनले म्युजिक एन्ड मोर, फ्रेस रिलिज, म्युजिक बक्स, हिंड्दा हिंड्दै जस्ता मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरे। करिव दुई वर्ष मनोरञ्जनात्मक कार्यक्रम सञ्चालन गरेपछि उनलाई राजनैतिक विषय समेटिएको कार्यक्रम सञ्चालन गर्ने रहर जाग्यो। फलस्वरूप उनी पुगे नेपाल वान च्यानल। नेपाल वानमा उनले राजनैतिक विषयमा आधारित टक सो कार्यक्रम 'फेस द नेसन' सञ्चालन गरे। करिव आठ हप्ता लामो कार्यकालमा भण्डारीले दर्शकबाट राम्रो साथ पाए। अहिले आएर उनको रुचि पुनः मनोरञ्जनात्मक कार्यक्रममै बढेको छ। यसपटक उनले कार्यदक्षता प्रस्तुत गर्ने थलोका रूपमा बिल्कुलै नयाँ च्यानल रोजेका छन्। आगामी असोज १ गतेदेखि प्रसारण प्रारम्भ हुन लागेको नयाँ नेपाली च्यानल 'न्यूज नेपाल नेसनल टेलिभिजन' मा उनी अहिले मनोरञ्जनात्मक कार्यक्रमहरू उत्पादन गर्न व्यस्त छन्।

## हट न्यूज एक्सप्रेस

चौबीसै घन्टा समाचार तथा समाचारमूलक कार्यक्रम प्रसारण गर्ने एबिसी टेलिभिजनले समाचारकै बीचमा एउटा नौलो प्रयोग गरेको छ। प्रत्येक साँझ सात बजेदेखि आठ बजेसम्म प्रसारण हुने समाचारमूलक कार्यक्रम 'हट न्यूज एक्सप्रेस' मा नयाँ प्रयोग गरिएको हो। एक घन्टा लगातार प्रसारण हुने यो कार्यक्रममा एउटा पनि विज्ञापन बजाइँदैन, अर्थात् यो कार्यक्रममा एकपछि अर्को गर्दै समाचार मात्र प्रसारण गरिन्छ। समाचारवाचक सुशील खरेल भन्छन्- 'हाम्रो यो प्रयोगले दर्शक संख्या ह्वात्तै बढाएको छ।'


कान्तिपुर पब्लिकेसन्सको एउटा उत्कृष्ट प्रकाशन

नेपाली नारीको अभिन्न संगी

प्रत्येक महिना हरेक घरमा



‘ए झरी नझरिदेऊ त्यसरी.....’ गायक नविन के भट्टराईले पाँच वर्षअघि यो गीत रेकर्डिङ गर्ने क्रममा झमझमी झरी परेको अहिलेसम्म बिर्सिएका छैनन्। गीतकार डा.अरुण सायमीको यो पहिलो रचना नवीनले गाउन पाउनु अनौठो संयोग नै थियो। उपचारका क्रममा नवीनकी आमाको डा. सायमीसँग भेट भएपछि यो गीत जन्मिएको थियो। नवीनकी आमाले डाक्टरसाहेबलाई आफ्ना छोरा गायक हुन् भनिछन्, उनले झरीमा आधारित यो गीत नवीनलाई नै गाउन दिए। संगीतकार शम्भुजित बाँस्कोटाले संगीतबद्ध गर्नुअघि नवीनलाई यो गीत लोकप्रिय होला कि नहोला भन्ने ठूलो चिन्ता थियो तर गीत मात्र होइन, म्युजिक भिडियो पनि लोकप्रिय भएपछि यो गीत नवीनको सदाबहार लोकप्रिय गीतको श्रेणीमा परेको छ। यसै साता गायक भट्टराईसँग साप्ताहिकको जम्काभेटका क्रममा भएको झरी-संवाद :

**झरीमा कत्तिको रोमान्टिक हुनुहुन्छ ?**

पानी पर्ने मौसममा प्रायः रोमान्टिक नै भइन्छ, तर रोमान्स गर्ने फुर्सदचाहिं पाएको छैन।

**झरीमा रोमान्टिक गीत त सिर्जना गर्नुहुन्छ होला नि ?**

त्यो त गर्छु। झरीको मौसममा प्रायः रोमान्टिक गीत सिर्जना गर्ने मुड आउँछ। त्यसैले मेरा अधिकांश गीत रोमान्टिक छन्।

**झरीसम्बन्धी गीत पनि गाइरहनुहुन्छ नि ?**

हो, मलाई वर्षातको मौसम असाध्यै मनपर्छ तर झरीका गीत गाइरहनुचाहिं संजोग मात्र हो। पहिलो पटक विजय शिवाकोटीको ‘झरी वर्षा आँधी चल्छ’ गाएपछि डा. सायमीको ‘ए झरी...’ गाएको थिएँ।

**झरीको कुन पक्षचाहिं मन पर्दैन ?**

मन नपर्ने एउटै मात्र पक्ष छ, झरीमा बाटो हिलो हुन्छ। हिलोमा हिंड्न गाह्रो हुन्छ।

**झरीमा कत्तिको भिज्नुहुन्छ ?**

भिजिरहन्छु। भर्खरै चितवनमा एउटा सांगीतिक कार्यक्रममा सहभागी हुन बाइकबाटै गएको थिएँ। फर्कंदा धादिङमा गजबको पानी पऱ्यो। साथमा भएको रेनकोट पनि नओढी काठमाडौं फर्किएँ।

**यो मौसममा कस्ता पहिरन लगाउनुहुन्छ ?**


म प्रायः क्याजुअल वेयर लगाउँछु तर झरीमा भिजिने डरले छाता अथवा रेनकोटचाहिं बोक्दिनँ।

– **कृष्ण**



## केवल एक प्रश्न

### साउने झरीमा निथ्रुक्कै भिजेको बेला कस्ती देखिनुहुन्छ ?



लौन, कस्तो प्रश्न हो यो, मलाई असाध्यै रमाइलो गर्न मनलाग्ने कामहरूमध्ये झरीमा निथ्रुक्क भिज्नु पनि एक हो। झरीमा मज्जाले भिजिसकेपछि ज्वरो आयो भने पनि मलाई रमाइलो नै लागिरहेको हुन्छ। मोटी छु त्यसैले निथ्रुक्क भिजिसकेपछि मुसा जस्तोचाहिं देखिन्न। अँ...मान्छेहरू भन्छन् निथ्रुक्क भिजेको बेला म एकदमै सेक्सी देखिन्छु रे।

**दीपाश्री निरौला (नायिका)**

ओह माइ गड..., यस्तो पनि प्रश्न ? अँ...कुनै महत्त्वपूर्ण काममा जानु छैन र झरी परिरहेको छ भने मलाई भिजेरै रमाइलो गर्न मनलाग्छ। झरीमा निथ्रुक्क भिज्दा पक्कै पनि सेक्सी नै देखिन्छ, मलाई पनि त्यस्तै देखिन्छ। सायद त्यसैले नै होला म्युजिक भिडियो तथा चलचित्रमा पनि नायिकाहरूलाई भिजेको दृष्यमा अभिनय गराइन्छ तर मलाई भिजेको बेलामा खुल्लम खुला बाटोमा हिंड्न अफ्ठ्यारो लाग्छ।

**माम्पी घोष (पवनकली)**

मलाई झरीमा निथ्रुक्क भिज्न असाध्यै रमाइलो लाग्छ। अवश्य पनि झरीमा भिज्दा म मात्र होइन सबै युवती सेक्सी देखिन्छन्। म पनि सेक्सी देखिन्छु। झरीमा भिज्दा नराम्रा मान्छे पनि राम्रा देखिन्छन् जस्तो लाग्छ। पहिले-पहिले झरी परेको बेला प्रायः साँझमा स्कुटरमा घुम्न मन पराउँथे। अहिले पनि कारमा कतै गैरहेका बेला पानी पऱ्यो भने रमाइलो लाग्छ, भिजौं-भिजौं हुन्छ।

**रेखा थापा (नायिका)**

मलाई झरीमा भन्दा पनि सिमसिमे पानीमा भिज्दा रमाइलो लाग्छ। सिमसिमे पानीको छिटा अनुहारमा पर्दा कस्तो-कस्तो हुन्छ। झरीमा चाहिं नभिज्न पाए हुन्थ्यो जस्तो लाग्छ। म प्रायः सेतो टिसर्ट र पाइन्टमा हिंड्ने भएकीले झरीमा निथ्रुक्क भिज्दा आफैलाई लाज लाग्छ।

**रोहिया महर्जन (कोरियोग्राफर)**

ओहो..., कस्तो रमाइलो प्रश्न सोध्नुभयो। मलाई झरी परेको बेला पानीमा भिजिरहन मनलाग्छ। झरीमा निथ्रुक्क भिज्नुको मज्जा नै बेग्लै छ। झरीको भिजाइले अरू केटीहरू जस्तै म पनि बोल्ड र सेक्सी देखिन्छु। झरीमा भिज्नैका लागि मनसुनमा पनि छाता, रेनकोट नबोकी हिंड्छु। प्रायः भिजिसकेपछि आँखा रसिलो हुने भएकाले पनि त्यसबेलाको मौसम रोमान्टिक हुन्छ।

**– अर्पणा सिंह (नायिका)**

## ● साताको स्वर ●



### पूर्ण राई

**पहिलो भेट...कस्तो गीत हो ?**
लोक आधुनिक शैलीमा तयार पारिएको मिठासपूर्ण गीत हो ।

**गीतको कुन पक्ष आकर्षक छ ?**
भानुभक्त ढकालको संगीत र त्रिविक्रम पाण्डेको शब्द आकर्षक छ ।

**यो गीत कस्ता श्रोताले मन पराएका छन् ?**
माया-प्रेमसम्वन्धी शब्द भएकाले टिनएजरहरूले मन पराएका छन् । बौद्धिक वर्गका श्रोताले पनि उत्तिकै रुचाएका छन् ।

**म्युजिक भिडियो निकै हतारमा बनाएको हल्ला छ नि ?**
यो गीतको भिडियो दुई दिनमै छायांकन र सम्पादनपछि प्रसारण हुन थालेको हो ।

**भिडियो कस्तो छ ?**
प्रसन्न पौडेलले निर्देशन गरेको यो गीतको भिडियो गीत-अनुसारकै छ । बिनिता र सुवासले गीतको भावनाअनुसार अभिनय गरेका छन् ।

### भीषणको माहोल विमोचित

गायक भीषण मुकारुङले गाएका आधुनिक गीतहरूको संग्रह 'माहोल' सार्वजनिक भएको छ । वरिष्ठ संगीतकार अम्वर गुरुङले उक्त संग्रह विमोचन गरेका हुन् । कार्यक्रममा संगीतकार गुरुङका अतिरिक्त साहित्यकार बैरागी काइँला, प्रकाश सायमी, संगीतकार बुलु मुकारुङ आदिले विमोचित संग्रह तथा सुगम संगीतको वर्तमान अवस्थाका बारेमा आ-आफ्नो धारणा व्यक्त गरेका थिए । विमोचित संग्रहमा आठवटा गीत समावेश छन् । संग्रहका गीतमा खेमराज गुरुङ, सत्य-स्वरूपराज आचार्य, राजु सिंह, पारस मुकारुङ, सचिन सिंह आदिले संगीतबद्ध गरेका छन् ।

### सांस्कृतिक संघमा गीत-संगीत

गत शुक्रबार राजधानीमा आयोजित एक कार्यक्रममा लोकप्रिय गायक-गायिकाले आफ्ना गीत-संगीत प्रस्तुत गरे । नेपाल सांस्कृतिक संघले जमलस्थित राष्ट्रिय नाचघरमा आयोजना गरेको सांगीतिक कार्यक्रममा राजेशपायल राईले आफ्ना कर्णप्रिय गीत गाउँदा दर्शकले नाचेर उनलाई साथ दिए । कार्यक्रममा मिलन लामा, डिजराज पौडेल, मल्लिका कार्की, कविराज निरौला, ऋजा उप्रेती, सुमन बूढा, मञ्जु पौडेल, आरपी भट्टराई आदिले दर्शकको रोजाइका गीत गाएर मनोरञ्जन प्रदान गरेका थिए । गाईजात्राको पूर्वसन्ध्यामा आयोजित उक्त कार्यक्रममा दीपकराज गिरी, जितु नेपाल आदि हास्यकलाकारले प्रहसन तथा ठट्यौलीमार्फत दर्शकलाई हँसाएका थिए ।

### गजल-संग्रह सार्वजनिक

गजलकार ललिजन रावलले रचना गरेका गजलहरूको संग्रह 'एउटा बन्द खाम' गत शनिबार सार्वजनिक भएको छ । गजलकार रवि प्राञ्जलले उक्त संग्रह सार्वजनिक गरेका थिए । अनाममण्डलले आयोजना गरेको एक समारोहमा गजलकार राजेन्द्र थापा, रमेश पौडेल, सुरेश सुवेदी आदिले रावलका गजलको समीक्षा गरेका थिए ।

### गायकको व्यापार

गायक हेमन्त मोक्तानले कीर्तिपुरमा सञ्चालन गरेको खाद्य स्टोरको अर्का गायक यम बराल तथा गायिका अञ्जु पन्तले संयुक्त रूपमा उद्घाटन गरे । गत वर्ष 'अनुपम' शीर्षकको गीतिसंग्रह सार्वजनिक गर्दै सांगीतिक यात्रा प्रारम्भ गरेका गायक मोक्तानले गायनबाट मात्र जीविकोपार्जन गर्न गाह्रो हुने भएकाले व्यापारमा हात हालेको बताए । उद्घाटन समारोहमा पप गायक सुजिल कर्माचार्य पनि उपस्थित थिए । गायक यम बरालले पनि कुपण्डोलमा नक्कली गहनाको पसल सञ्चालन गरेका छन् ।

एजुकेसन फाउन्डेसनको वार्षिकोत्सवका अवसरमा आयोजित सांस्कृतिक कार्यक्रममा बाबु बोगटी तथा डिजराज पौडेलको सांगीतिक प्रस्तुतिले दर्शकको मन जित्यो । नीर शाहलगायतका चलचित्रकर्मीलाई सम्मानित गरिएको उक्त कार्यक्रममा हास्यश्रृंखला 'मेरी बास्सै' का धुर्मुस, सुन्तली तथा मान्नेबूढाको हास्यप्रस्तुति पनि उत्तिकै रोचक रह्यो । यसैगरी गत साता नै ह्वाइट फिल्ड कलेजले आयोजना गरेको सांगीतिक कार्यक्रममा हिमाल सागर, आगन्तुक खरेल, श्रीष खड्का, डिजराज आदि गायक-गायिकाले आफ्ना लोकप्रिय गीत प्रस्तुत गरे ।

## ● म्युजिक अपडेट ●

### चाहनाको सांस्कृतिक कार्यक्रम

अघिल्लो साता राजधानीमा आयोजित एक समारोहमा गीत, संगीत तथा नृत्यमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरियो । चाहना मिश्रलाई वाद्यवादन सम्मान २०६६ प्रदान गरियो । कलाकार जेबी टुहुरे तथा गीतकार भूपाल राईले संयुक्त रूपमा दोसल्ला ओढाई तबलावादक मिश्रलाई सम्मान गरेका थिए । शास्त्रीय संगीतको तालबाजा वादनमा निपुण मिश्रले प्रयाग संगीत विश्वविद्यालयबाट संगीतमा स्नातकोत्तर गरेकी छिन् । बाँसुरीबाट नेवारी धुन बजाउँदै प्रारम्भ गरिएको कार्यक्रममा विभिन्न वाद्ययन्त्रका धुन पनि प्रस्तुत गरियो ।

### वाद्यवादकको साधारणसभा

विभिन्न रेकर्डिङ स्टुडियोमा व्यस्त वाद्यवादक संगीतकर्मीहरू संगठित भएर स्थापना गरेको राष्ट्रिय वाद्यवादक कलाकार संघको प्रथम वार्षिक साधारण सभा गत शनिबार सम्पन्न भएको छ । साधारण सभामा तबलावादक सरिता

## साप्ताहिक लाइभ

### दुबईमा सांस्कृतिक कार्यक्रम

आगामी १४ अगस्त शुक्रबारका दिन दुबईको शेख रासिद अडोटोरियममा एक भव्य सांस्कृतिक कार्यक्रम हुने भएको छ । उक्त कार्यक्रममा चलचित्र अभिनेता दिलीप रायमाझी, झरना थापा, बाबु बोगटीसहित गायिका लोचन भट्टराईको नेतृत्वमा राष्ट्रिय नाचघरका कलाकारहरूले सांगीतिक कोसेली प्रस्तुत गर्नेछन् । दुबईमा पहिलो पटक राष्ट्रिय नाचघरका कलाकारले झाँखे, चाँचरी, चण्डी, सोरठी, भोजपुरीजस्ता लोकनृत्य प्रस्तुत गर्न लागेका हुन् ।

### लाइभ इन अस्ट्रेलिया

गायक खेमराज गुरुङ तथा गायिका रिमा गुरुङ होडाले अस्ट्रेलियाका विभिन्न सहरमा आयोजना हुने सांगीतिक कार्यक्रममा गीत-संगीत प्रस्तुत गर्ने भएका छन् । आइतबार प्रारम्भ हुने 'लाइभ इन कन्सर्ट' शीर्षकको उक्त कार्यक्रममा खेमराज तथा रीमासँगै स्थानीय नेपाली सांगीतिक समूह ट्वान्टी सिक्स सन्सले पनि गीत-संगीत प्रस्तुत गर्दैछ । नेपाली आदिवासी राष्ट्रिय संगठन अस्ट्रेलियाले विश्व आदिवासी दिवस-२००९ मनाउने क्रममा यो सांगीतिक कार्यक्रम आयोजना गर्न लागेको हो ।

## ● अफबिट ●



**म्युजिक भिडियोमा चौतारे कान्छा :** चौतारे कान्छाको मुरी सम्झना... पूर्वेली लोकगीतको म्युजिक भिडियो निर्माण भएको छ । समीर सिंगक र लीला राईको स्वर तथा खगेन्द्र यक्सोको शब्दले सजिएको यो लोकगीतको छायांकन धरानबरिपरि गरिएको छ ।

### तीज गीत प्रतियोगिता

हरितालिका तीजको अवसर पारेर पोखरास्थित रेडियो बाराहीले खुला तीज गीत प्रतियोगिता आयोजना गर्ने भएको छ । आगामी भदौ २ गते हुने प्रतियोगितामा गायनका अतिरिक्त उत्कृष्ट नृत्य तथा उत्कृष्ट वेशभूषालाई पनि पुरस्कृत गरिनेछ ।

### संगीत र नृत्यसँगै जादु

एउटै कार्यक्रममा गीत, संगीत, नृत्य तथा जादु प्रस्तुत गरिँदा दर्शकहरू कति रमाउलान् ? गत साता राजधानीको राष्ट्रिय सभागृहमा आयोजित एउटा सांस्कृतिक कार्यक्रममा मनोरञ्जनका प्रायः सबै विधा रंगमञ्चमा प्रस्तुत गरियो । ट्रिनिटी नामक एक संस्थाले आयोजना गरेको उक्त कार्यक्रममा तिलकबम मल्ल, डिजराज, प्राश्ना शाक्य, हिमाल सागर, आगन्तुक खरेल, कविराज आदि गायक-गायिकाले गीत-संगीत त प्रस्तुत गरे नै, आरपी भट्टराईको हास्यप्रस्तुति पनि उत्तिकै आकर्षक रह्यो । अर्का हास्यकलाकार तथा जादुगर महादेव त्रिपाठीको प्रस्तुति थप मनोरञ्जक थियो । उनले प्रहसन तथा जादुमार्फत् दर्शकलाई हँसाएका थिए । चर्चित नृत्यांगना निरु खड्काको कामुक नृत्यले दर्शकहरूलाई लट्ठ बनाएको थियो ।

## ● नजिकबाट ●



# मनोज राई

| | | |
|---|---|---|
| जन्ममिति | : | असोज १३ गते |
| घरमा बोलाउने नाम | : | शिषम |
| परिचय | : | गायक |
| जन्मस्थान | : | बेलबारी, मोरङ |
| रुचि | : | गायन, भ्रमण |
| प्रकाशित एल्बम | : | एक्लोपन |
| सांगीतिक गुरु | : | धेरै जना हुनुहुन्छ |
| नजिकको साथी | : | साइमन |
| मनपर्ने परिकार | : | सबै नेपाली खाना |
| मनपर्ने रंग | : | कालो र सेतो |
| मनपर्ने पहिरन | : | क्याजुअल |
| मनपर्ने मौसम | : | जाडो |
| मनपर्ने खेल | : | बास्केटबल, क्रिकेट |
| मनपर्ने गीत | : | कर्णदासको जिन्दगीको के भरोसा |
| रिस उठेको बेला | : | कोहीसँग बोल्दिनँ |
| मनपर्ने आफ्नै बानी | : | चाँडै घुलमिल हुन्छु |
| पहिलो चर्चित गीत | : | आऊ आऊ |
| सबैभन्दा बढी माया | : | आमा, बुबालाई |
| पहिलो बाजा | : | गिटार |
| राम्रो बानी | : | कम बोल्ने |
| नराम्रो बानी | : | चाँडै रिसाउने |
| गोप्य कुरा | : | राम्रो क्रिकेट खेलाडी हुँ |
| अन्य प्रतिभा | : | नृत्य पनि राम्रो गर्छु । |

## ● ब्यान्ड ●



# एफ.टी.एन.

चार जना संगीतकर्मी सक्रिय रहेको सांगीतिक समूह 'एफ.टी.एन.' विगत दुई वर्षदेखि गीत-संगीत सिर्जनामा व्यस्त छ । समूहमा प्रशान्त राउत गायनमा छन् भने राचिभ तुलाधर ड्रमरका रूपमा सक्रिय छन् । सजीव श्रेष्ठ बास गिटारिस्ट हुन् भने सुजिन नेपाली गिटारिस्टका रूपमा व्यस्त छन् । समूहले अल्टरनेटिभ तथा मोर्डन रक संगीतको क्षेत्रमा आफ्नो उपस्थितिलाई सुदृढ बनाएको छ । समूहले केही समयअघि निर्माण गरेको 'इच्छा' गीतको म्युजिक भिडियो अहिले चर्चामा छ । समूहले तयार पार्ने प्रायः सबै गीत गिटारिस्ट सुजिनले संगीतबद्ध गर्छन् । समूहका पूर्वगायक अनिल राउतले समूहका लागि गीतहरू रचना गरिदिन्छन् । सुजिन भन्छन्– 'हामी यथार्थपरक गीत तयार गर्छौं, त्यसैले रक संगीतका पारखीले हाम्रा गीत मन पराउँछन् ।'

समूहले एउटा गीतिसंग्रह श्रोतामाझ ल्याएको छ । 'हरायो एउटा आवाज' शीर्षकको उक्त संग्रहमा छवटा नेपाली तथा दुईवटा अंग्रेजी भाषाका गीत छन् । समूहका सहकर्मीहरू भन्छन्– 'राम्रो गाइयो भने अझ राम्रो गाउने हौसला मिल्छ, नराम्रो गाइयो भने सुधार्ने मौका मिल्छ ।' संगीतमा रमाइरहेका समूहका सहकर्मी अन्य पेसामा पनि आवद्ध छन् । प्रशान्त वाइल्ड लाइफ कन्जरभेसन नेपालमा कार्यरत छन् भने गिटारिस्ट सुजिन ग्राफिक्स डिजाइनर तथा एनिमेटर हुन् । राचिभ अध्ययन तथा पारिवारिक व्यापारमा सक्रिय छन् भने सजीव अध्ययनका अतिरिक्त आफ्नो पसललाई पनि समय दिन्छन् ।

**अस्ट्रेलियामा प्रदर्शन** : अस्ट्रेलियाका समलिङ्गीहरूले हालै लेबर पार्टीको अधिवेशन चलिरहेको बेला प्रदर्शनी गरे। उनीहरूले समलिङ्गी विवाहलाई कानुनी मान्यता दिनुपर्छ भनेर माग गरेका थिए।
तस्बिर : एएफपी



● पहिलो विश्व ●

## समलिङ्गी विवाह बढ्यो

सरकारले सकारात्मक नीति ल्याएपछि स्वीडेनमा समलिङ्गी विवाह गर्नेहरूको संख्या बढेको छ। समलिङ्गी विवाह गर्नेहरूमा पुरुषको तुलनामा महिलाको संख्या बढी भएको पछिल्लो तथ्यांकले देखाएको छ। मे महिनाको पहिलो तारिखदेखि अहिलेसम्म स्वीडेनमा ३७ जना महिला जोडीले विवाह गरेका छन् भने पुरुष-पुरुषबीच विवाह गर्ने जोडीको संख्या ११ मात्र छ। समान लिङ्गीबीच विवाह गर्नेहरूले स्वीकार गर्ने धर्मसन्तानको संख्या पनि पछिल्लो एक दशकमा बढ्दै गएको छ। सन् १९९० मा ७० जना बालबालिकाले दुई आमा वा दुई बाबु पाएकोमा सन् २००८ मा यो संख्या बढेर ७ सय ६ जनाले दुई आमा र ४३ जनाले दुई बाबु पाएका छन्।





## मासुका कामदार बढी खुसी

अस्ट्रेलियाका विभिन्न क्षेत्रमा काम गर्ने कामदारहरूमा गरिएको एक सर्वेक्षणले के देखायो भने मासुको काम गर्नेहरू सर्वाधिक खुसी हुन्छन्। सर्वेक्षणका क्रममा मासुको काम गर्ने व्यक्तिहरूमध्ये ७५ प्रतिशतले आफू यौनकार्यमा धेरै सक्रिय हुने भएका कारण काम गर्दा खुसी हुने गरेको बताए। आफ्नो कार्यक्षेत्रमा खुसी भएको देख्न पाउनेहरूमा बैंकको टेलर र स्यान्डविच बनाउनेहरू १० प्रतिशत खुसी भएर काम गर्ने गरेको बताएका थिए। नतिजालाई कामदारहरूबीच लगेर पुनः सर्वेक्षण गर्दा मासुको काम गर्नेहरू अरू पेसाका कामदारको तुलनामा ६० प्रतिशत बढी यौनकार्यमा सक्रिय हुने गरेको पाइयो। सर्वेक्षणमा रहेका २ सय ९५ मासुका कामदारमध्ये आधाभन्दा बढी कामदार पछिल्लो एक वर्षमा एक दिन पनि बिरामी नपरेको र उनीहरूले आफूले गर्ने कामलाई फनका रूपमा लिने गरेको बताए।

### अन्त्यमा...

पश्चिमा मुलुकमा कुकुरलाई सर्वाधिक प्रिय घरपालुवा जनावर मानिन्छ। त्यहाँ कुकुरलाई छाडा छोड्ने परम्परा नभएका कारण कुकुरको यौनचाहना मार्न विभिन्न सुई दिइन्छ। जनसंख्या नियन्त्रण तथा यौन आवेगका कारण कुकुरले मालिकप्रति आक्रमण गर्न सक्ने सम्भावित खतरालाई टार्न पनि यसो गरिन्छ तर पशु अधिकारको क्षेत्रमा कार्यरत संस्थाहरू जसरी मानिसले आफ्नो यौनचाहनालाई दबाउनुहुँदैन त्यसरी नै उनीहरूको चाहनाको कदर गर्नुपर्छ भन्ने आवाज पनि उठाइरहेका छन्। सबै अधिकारलाई व्यावहारमा उतार्न नसकिने भएपछि हालै ब्राजिलको साओ पाउलोमा आयोजित आठौं घरपालुवा जनावर महोत्सवका अवसरमा कुकुरका लागि हुने डल सार्वजनिक गरियो। यौन आवेगमा आएर कुकुरले मालिकको घुँडा चढ्ने दृश्य प्रशस्त देखेपछि मार्को गिरोटसले कुकुरको सेक्स डल 'पेट स्माइलिङ' को परिकल्पना गरेका हुन्। तीन आकारमा रहेको पेट स्माइलिङको उत्पादन प्रारम्भ भैसकेको छ, जसको माग अमेरिका, जर्मनी र जापानमा छ।



# सचित्र




आइडल जोडी : इन्डियन आइडल सौरभी देवबर्मा तथा उपविजेता कपिल थापा हडकडमा आयोजित डान्सपार्टीमा बल डान्स गर्दै ।



नेटवर्क बिजी : गायक विजय लामा, गायिका रेश्मा सुनुवार, गायक धीरज राई तथा हास्यकलाकार जितु नेपाल मोबाइलसँग खेल्दै ।



फ्यानसँग सुपरस्टार: नायक राजेश हमालसँग दुई सुन्दरी युवती सामूहिक तस्बिर खिचाउँदै ।



हास्यजोडी : तीतो सत्यका रोमान्टिक जोडी दीपा र दीपकराज एउटा पार्टीमा पोज दिँदै ।



तीजको दर : लोकगायक हरिबहादुर राउत तथा गायिका सुनिता दुलाल तीजको दर खाँदै ।

# नायिकाहरूको रक्षाबन्धन

काठमाडौं– दाजुभाइ नहुँदाको पीडा कस्तो हुन्छ ? ठ्याक्कै शब्दमा व्यक्त गर्न नसके पनि नायिका सञ्चिता लुइँटेलले यसको पीडाबोध गरेकी छिन् । 'दाजुभाइ नभएकोमा खल्लो लाग्छ,' रक्षाबन्धनका सन्दर्भमा सञ्चिताले भनिन्- 'खासगरी चाडबाडका बेला ।' रक्षाबन्धनका बेला जताततै राखी बेच्न राखिएको देख्दा पनि उनको मन खिन्न हुन्छ । दाजुभाइ भैदिएका भए सायद यस्तो बेचैनी खेप्नुपर्ने थिएन । 'त्यस्तो बेला बुबालाई नै दाजुभाइ सम्झेर व्यवहार गर्छु,' सञ्चिता भन्छिन्- 'मैले धेरै पटक बुबालाई नै राखी बाँधिदिएकी छु ।' दाजुभाइ-दिदीबहिनीबीच सुमधुर सम्बन्ध गाँस्ने यो पर्वलाई उनले महत्त्वपूर्ण मानेकी छिन् ।

पाँच वर्षअघि रक्षाबन्धनकै दिन आफ्नो भाइसँग बिछोडिएकी थिइन नायिका ऋचा घिमिरे । अध्ययनको सिलसिलामा विदेश गएका भाइलाई उनले त्यसपछि राखी बाँधिदिन पाएकी छैनन् । अर्का दाइ पनि विदेशमै भएका कारण यसअघिका जनैपूर्णिमा उनका लागि खल्लो रह्यो । 'यसपालिचाहिँ त्यस्तो भएन,' धर्मप्रति आस्था राख्ने र चाडपर्वलाई विशेष महत्त्व दिने ऋचाले भनिन्- 'दाइ नेपालमै भएकाले राखी बाँधिदिन पाएँ ।' तराईमा जन्मी हुर्किएकी घिमिरे सानैदेखि यो पर्वसँग परिचित छिन् । 'हाम्रोतिर राखी बाँधिदिने चलन छ' उनले भनिन्- 'मैले यो पवलाई निरन्तरता दिँदै आएकी छु ।' दाजुभाइ-दिदीबहिनीबीचको नातालाई अझ प्रगाढ बनाउन यो



पर्वको विशेष महत्त्व रहेको उनको ठम्याइ छ । चलचित्र 'कसलाई आफ्नो भनूँ' को सुटिङमा व्यस्त नायिका मेलिना मानन्धरलाई यो पर्वले खासै उत्साहित बनाएको छैन । नेवार समुदायमा हुर्किएकाले पनि उनी यो पर्वसँग त्यति नजिक नभएको बताउँछिन् । 'हामीकहाँ सामान्य अरूले जस्तै जनै लगाउने चलन छ,' मेलिना भन्छिन्- 'खास महत्त्व दिइँदैन ।' उनका तीन दाजुभाइ छन् तर मेलिनाले आजसम्म कसैलाई पनि राखी बाँधिदिएकी छैनन् । आफ्नै हाडनाताका दाजुभाइलाई राखी नबाँधिदिए पनि उनले एक भारतीय मूलका युवालाई आफ्नो दाइ बनाएकी छिन् । 'तिनै दाइलाई राखी बाँधिदिँदै आएकी छु' मेलिना भन्छिन् । यसपालि पनि उनैलाई राखी बाँधिदिएर रक्षबन्धन मनाइन् उनले ।

यो पर्वमा आफ्ना माइतीको रक्षाको कामना गर्दै चेलीहरूले रक्षाबन्धन बाँधिदिन्छन् । यसले चेली र माइतीबीचको सम्बन्ध अझ बलियो हुने विश्वास गर्छिन् ऋचा । 'अरू बेला मनमुटाव भएर बिग्रिएको चेली-माइतीको सम्बन्धलाई यो पर्वले सुमधुर बनाउन मद्दत गर्छ,' ऋचा भन्छिन् । हिन्दू संस्कारलाई पछ्याउँदै आएकी ऋचा हाम्रा हरेक पर्व जीवनोपयोगी भएको बताउँछिन् ।

हरेक साता टेलिऋखंला 'तीतो सत्य' छायांकनको धपेडीमा हुन्छिन् दीपाश्री निरौला । हास्यचरित्रबाट रजतपटमा छाएकी दीपाश्रीलाई थप व्यस्त बनाएको छ गाईजात्राले । 'तीते-जीरे मेरी बास्सै' गाईजात्रा महोत्सवका कारण बेफुर्सदिलो बनेकी दीपाश्रीले रक्षबन्धनमा आफ्नो भाइलाई राखी बाँधिदिन भने छुटाइनन् । 'हामी सबै दिदीबहिनी यहीं भेला भएका छौं,' दीपाश्रीले भनिन्- 'रक्षाबन्धन छुटाउनै मिलेन नि ।' विराटनगरमा जन्मी हुर्किएकी दीपाले विगतदेखि नै भाइलाई राखी बाँधिदिएर हर्षोल्लासका साथ यो पर्व मनाउने गरेकी छिन् । 'तराईमा त अझ रौनक हुन्थ्यो,' उनले विगत सम्झिइन्- 'हामी एकदमै रमाइलोसँग यो पर्व मनाउँथ्यौं ।' रक्षाबन्धन होस् वा भाइटीका दुवैले नेपाली समाजमा दाजुभाइ-दिदीबहिनीबीचको सम्बन्धलाई उजागर गरेको उनी बताउँछिन् । 'यी पर्वले चेली-माइतीबीचको दूरी घटाउँछ र सम्बन्धमा नयाँपन दिन्छन्,' दिपाश्रीले भनिन् । चार दिदीबहिनीपछि मात्र उनको घरमा भाइको जन्म भएको थियो । 'भाइ जन्मनुअघि हामी भाइटीका र रक्षाबन्धनका दिन रुन्थ्यौं,' बाल्यकाल सम्झँदै उनले सुनाइन्- 'त्यही भएर आमाले सन्तोषी माताको व्रत लिएपछि भाइ जन्मिएको रे ।' आफ्नै हाडनाताको भाइबाहेक अर्का एक जना दाजु छन्, जोसँग उनको भावनात्मक सम्बन्ध गाँसिएको छ । मगर थरका ती दाजुप्रति पनि उनी विशेष श्रद्धा राख्छिन् ।





# थोरै झगडा धेरै प्रेम

श्रीमान्-श्रीमतीले आफ्नाबारेमा सोच्नु आवश्यक छ। यसको अर्थ स्वार्थी हुनु होइन। आफ्नै बारेमा सोच्नुको अर्थ के हुन्छ भने आफ्नो मानसिक एवं शारीरिक स्वास्थ्य स्थितिप्रति ध्यान दिनु। श्रीमतीले जब आफ्नो शारीरिक स्वास्थ्यलाई घरेलु कार्यका कारण नजरअन्दाज गर्छिन् वा छोराछोरी एवं श्रीमान्को आवश्यकता पूरा गर्ने क्रममा स्वयंको वास्ता गर्न छाड्छिन् तब एक समय यस्तो पनि आउँछ जब उनी श्रीमान्को नजरमा रुग्ण एवं कुरूप महिला बन्न पुग्छिन्। त्यतिबेला श्रीमान्को ध्यान पुग्दैन कि उनकी श्रीमतीले आफ्नो सुन्दरता र स्वास्थ्यलाई तिनको आवश्यकता पूरा गर्नमा ध्यान दिइनन् वा घरगृहस्थीको व्यस्तताले गर्दा उनले आफ्नो सुन्दरता र स्वास्थ्यलाई समय दिन भ्याइनन्। उनको त यही प्रतिक्रिया हुन्छ– उनी पहिलेजस्तो सुन्दर रहिनन्, अब उनमा यौवन रहेन, आकर्षण पहिलेजस्तो रहेन आदि।

बिरामी एवं थकित देखिने आमालाई एक स्थितिमा बालबालिकाले समेत बूढी भएको मान्न थाल्छन्। यस्तो स्थितिको सामना गर्नु नपरोस् भन्ने दृष्टिले स्वयंलाई नजरअन्दाज गर्नुहुँदैन। प्राकृतिक नियम नै हो जो सुन्दर, स्वस्थ एवं शक्तिशाली छ उसको सबैले कदर गर्छन्। अतः स्वयंलाई ध्यान दिन बिर्सनुहुँदैन। सबैका बीच प्रिय एवं आकर्षणको केन्द्रविन्दु भएर रहने चाहना छ भने आफ्नो उत्तरदायित्वसँगै आफ्नो स्वास्थ्य र सुन्दरताप्रति पनि ध्यान दिनु आवश्यक हुन्छ। आपसी सम्बन्धको सुमधुरता र आकर्षणमा पनि यसको महत्वपूर्ण भूमिका छ।

**रोजिन शाक्य**

श्रीमतीले घरलाई सजाएकी छिन् वा बेडरुमलाई नयाँ लुक दिने प्रयास गरेकी छिन् भने श्रीमान्ले त्यसमा आँखा चिम्लनु हुँदैन, त्यसका लागि श्रीमतीको प्रशंसा गर्नुपर्छ। अधिकांश व्यक्ति परिवर्तनबाट डराउँछन् किनभने उनीहरू परिवर्तन सुहाउँछ कि सुहाउँदैन भन्ने निर्क्यौल गर्न सक्दैनन्। यदि श्रीमती रचनात्मक छिन् भने उनी परिवर्तनमा विश्वास राख्छिन् र घर वा बेडरुमको लुकलाई आन्तरिक सज्जाको माध्यमबाट बदल्ने प्रयत्न गर्छिन्। श्रीमान्ले श्रीमतीको प्रयासको आलोचना गर्छन् र पछिल्लोभन्दा अघिल्लो नै राम्रो थियो भन्ने प्रतिक्रिया दिन्छन् भने श्रीमतीले उनलाई परम्परावादी सोच भएको मान्छिन्। उनको मनमा श्रीमान्प्रति घृणा उत्पन्न हुने सम्भावना पनि हुन्छ। श्रीमतीको मनमा उब्जिएको घृणाकै कारणले श्रीमान्सित वहस र मनमुटाव बढ्न थाल्छ। अतः श्रीमतीको कलात्मक वा रचनात्मक गुणको प्रशंसा गर्नु राम्रो हुन्छ। यसबाट उनको मनमा प्रेम जागृत हुन्छ र सधैं श्रीमान्लाई खुसी पार्ने प्रयत्न गरिरहन्छिन्।

कुनै कारणवश श्रीमती श्रीमान्बाट रिसाएकी वा असन्तुष्ट छिन् तथा मनमनै कुण्ठाको शिकार भएकी छिन् भने उनको मनोदशालाई राम्रोसँग अध्ययन गर्नुपर्छ किनभने कुण्ठित श्रीमतीले कुनै पनि वातावरणलाई सुन्दर एवं रोमाञ्चक बनाउन सहयोग गर्न सक्दिनन्। श्रीमती कुण्ठित हुनुको कारण श्रीमान् स्वयं आफूमै बाँधिएर रहनु पनि हुन सक्छ वा उनको इच्छा पूरा नहुनु पनि हुन सक्छ। श्रीमती किन र कसरी कुण्ठाको सिकार भएकी छिन् भन्ने कुरा होस् वा उनी किन भित्रभित्रै निराश छिन् भन्ने कुरा तब मात्र बुझ्न सकिन्छ जब श्रीमान् उनका लागि समय निकालेर उनीसँगै बसेर त्यसको कारण जान्ने, बुझ्ने प्रयास गर्छन्। श्रीमतीको मनस्थितिको असन्तुलनका पछाडि श्रीमान्को अशोभनीय गतिविधि प्रमुख कारण हुन्छ। उनले श्रीमान्बाट जस्तो अपेक्षा-आशा राखेकी हुन्छिन् त्यो व्यवहारमा सम्भव नभए, आशा निराशामा परिवर्तन भए उनी कुण्ठाग्रस्त हुन्छिन्। उनलाई लाग्छ श्रीमान्सित वहस गर्नुभन्दा आफ्नो मनलाई मनाउनु नै उचित हुन्छ जुन गलत हो। श्रीमान्को कुनै बानी-व्यवहार चित्त बुझ्दैन भने मौन रहेर सहनु उचित होइन, त्यसमा प्रतिक्रिया व्यक्त गर्नुपर्छ। फुर्सदमा आफ्नो कुरालाई शालीन ढंगबाट व्यक्त गर्नु राम्रो हुन्छ।

कहिलेकाहीं श्रीमती बिहानदेखि बेलुकी दस बजेसम्म पनि कामका अतिरिक्त अरू केही सोच्दिनन्। आराम पनि आवश्यक छ भन्ने कुरामा उनको ध्यान जाँदैन, जसका कारण अत्यधिक थकानको परिणामस्वरूप अनिद्राले सताउँछ। गहिरो निद्रा नहुनाले चिड्चिडापन देखापर्छ र उनी मानसिक रूपमै रुग्ण हुन पुग्छिन्। जसको परिणाम श्रीमान् र बालबालिकामा रिस पोखिन्छ। निद्रा केवल शारीरिक थकान हटाउने शारीरिक क्रिया मात्र होइन, राम्रो र गहिरो निद्रापश्चात् मन पनि हल्का एवं स्फूर्त हुन्छ। मांसपशीलाई आराम पुग्छ। स्फूर्त मनले भोलिका लागि नयाँ उत्साहबाट जीवन जिउने हिम्मत जुटाउन मद्दत गर्छ। स्वभावमा चिड्चिडापन, रिस, उदासी वा हतास परिस्थिति आएको अवस्थामा आफ्नो दिनचर्यामा परिवर्तन ल्याउनुपर्छ। यदि यी सबैको कारण अनिद्रा हो भने कामको बीच-बीचमा आराम गर्ने बानी बसाल्नु ठीक हुन्छ।

वैवाहिक जीवनमा सकारात्मक सोच हुनु आवश्यक छ, किनभने रचनात्मक कार्यबाट नै खुसी प्राप्त हुन्छ। श्रीमतीले आफ्ना बालबालिका श्रीमान् एवं स्वयं आफ्ना लागि सिर्जनात्मक विचारसँगै तिनका रुचिलाई पनि पूरा गर्दै हार्दिक खुसी एवं सन्तुष्टि दिनुपर्छ। जस्तै श्रीमान्को सर्टको बटन फुस्किए, रुमाल हराए, उनले भन्नुपूर्व नै बटन सिलाइदिए, नयाँ रुमाल ल्याइदिए श्रीमान्लाई खुसी प्राप्त हुन्छ। हुन त यो सानो कुरा जस्तो लाग्छ तर यसको महत्त्व बढी हुन्छ। यदि आफ्ना छोराछोरी केही समस्यामा भएको थाहा भए तिनले भन्नुपूर्व नै तिनको मनोदशा बुझेर समस्या समाधान गरे समझदार आमा सावित भइन्छ। यसबाट छोराछोरी त खुसी हुन्छन् नै, आफू पनि खुसी भइन्छ। यी सबै कुरा भनेकै रचनात्मक कार्य हुन् अर्थात् मनको कुरा मुहारको भावबाटै बुझेर चुपचाप तिनको समाधान गर्न सकियोस्। सिर्जनात्मकता र समझदारी त्यहाँ देखिन्छ जब व्यक्तिले आफू निकटका व्यक्तिको समस्यालाई उनले नभनिकनै बुझ्न सक्छ र समाधानको प्रयास गर्छ। यसैबाट आपसी सम्बन्ध अझ सदृढ र सुमधुर हुन्छ।

# पहिरनबाट
# व्यक्तित्वमा आकर्षण

पहिरन शैलीले व्यक्तिलाई सुन्दर मात्र बनाउँदैन, उसको जीवनशैलीमा पनि निखार ल्याउँछ। यदि व्यक्ति यस विषयमा जागरुक एवं सजग छैन भने अवसर प्राप्त भएर पनि उसले त्यसको सदुपयोग गर्न सक्दैन। सुशिक्षित मञ्जु एक विवाह समारोहमा पुग्दा एक संगिनीले उनको पहिरनका सम्बन्धमा कमेन्ट गरिन्- यति राम्रो साडी लगाएकी छौ, यदि यससित मिल्दो-सुहाउँदो पेटिकोट भैदिएको भए साँच्चै तिमी अप्सराभन्दा कम देखिन्नथ्यौ। मञ्जु लाजले भुतुक्कै भइन्, उनीसँगै गएकी उनकी नन्दले उनलाई छेउतिर तानेर लगिन् र भनिन्- तपाईंकी साथीले ठीकै त भन्नुभयो, तपाईंले कस्तो होस नपुऱ्याउनुभएको, गुलाबी साडीसित मरुन् पेटिकोट पनि लगाउने हो त...। मञ्जुको उत्तर थियो- मैले सोंचे के फरक पर्छ र...?





पार्टी-फङ्सनहरूमा एक नभएर कैयन् आँखाले अनेकन् एंगलबाट दृष्टि हेरिरहेका हुन्छन्, तिनबाट बच्न सम्भव छैन। मञ्जुले गुलाबी साडीसित मरुन पेटिकोट म्याच हुन्छ भनेर सोच्नु गलत सावित भयो। उनकी साथीले यसविषयमा कमेन्ट पनि गरिहालिन्। गुलाबी साडीबाट देखिएको मरुन पेटिकोटले उनको व्यक्तित्वका बारेमा मात्र नभएर उनको रोजाइका बारेमा पनि सबै पोल खोलिदियो। उनले लज्जास्पद स्थितिको सामना गर्नुपऱ्यो।

जिनन एक धार्मिक आयोजनामा टाइट जिन्स र सर्ट टपमा पुगिन्, त्यसमाथि पनि उनले ओठमा डार्क कलरको लिपिस्टिक प्रयोग गरेकी थिइन्। सबैका आँखा उनीमाथि केन्द्रित थिए। जिननका सम्बन्धमा एक-अर्कासित कानाखुसी प्रारम्भ भएसँगै कसैले कमेन्ट गरिहाले- हेर्दा त टिनएज जस्तो छैन र पनि अलिकति पनि ड्रेसिङ सेन्स छैन, कस्तो ठाउँमा के लगाउने, कसरी आउने थाहा नभएको...। जिननलाई एक मनले त रीस उठ्यो, जवाफ फर्काऊँ जस्तो पनि भयो तर फर्काउने उत्तर पनि त उनीसित थिएन। किनभने धार्मिक आयोजनामा उनको क्याजुएल गेटअप कुनै पनि दृष्टिबाट सुहाउँदो थिएन।


कुनै पनि पहिरन चाहे जतिसुकै महँगो वा आधुनिक किन नहोस्, त्यो अवसर, वातावरण एवं व्यक्तित्व अनुकूल नभए त्यसले हाँसोको पात्र बनाउँछ। मञ्जुले महँगो साडीसित पेटिकोटको छनौट गलत गरिन् भने जिननले क्याजुयल ड्रेस पहिरिनुपूर्व आफू उपस्थित हुने वातावरणप्रति ध्यान पुऱ्याउन सकिनन्। यी दुवै जनाले लज्जास्पद परिस्थितिको सामना यस कारण गर्नुपऱ्यो, किनभने दुवैले अवसर-समयअनुसार पहिरन लगाउन सकेनन्।

ढंग नपुऱ्याई र सोचविचार नगरी नसुहाउने पहिरन लगाउनाले व्यक्तिको आकर्षणमा कमी आउँछ, साथै आफूप्रति अरूको धारणा पनि खासै राम्रो वा सम्मानजनक हुँदैन। यस्तो स्थितिमा अरूलाई प्रभावित गर्न सकिँदैन। ढंग मिलाएर अवसर तथा समयअनुसार लगाइएको पहिरनले नै व्यक्तिलाई विशेष बनाउँछ, उसको प्रभाव राम्रो हुन्छ, उसका सम्बन्धमा सहज रूपमै यो धारणा बन्न पुग्छ, ऊ अनुशासनप्रिय, जिम्मेवार एवं जागरूक छ र साथमा ड्रेसिङ र ब्युटी सेन्स पनि। यसले व्यक्तिको जीवनशैलीमा नयाँ आयाम प्राप्त हुन्छ र प्रगति एवं उन्नतिको बाटो प्रशस्त हुन्छ। पहिरनले व्यक्तिलाई सुन्दर तथा आकर्षक मात्र बनाउँदैन, उसको जीवनशैलीमा पनि निखार ल्याउँछ।

निता आफ्नो बोससित एक मिटिङमा गएकी थिइन्। मिटिङ सकिएपछि डिनरका लागि जाँदा निताको ड्रेसका सम्बन्धमा उनकी बोसले कमेन्ट गरिन् कि सर्ट स्कर्ट र स्लिभलेसमा निता राम्रो देखिनुको साटो भद्दा देखिएकी छिन्, उनको व्यक्तित्व फरक र नकारात्मक रूपले प्रस्तुत भएको छ। निता लाजले भुतुक्कै भइन्। सर्ट ड्रेस तथा स्लिभलेस सबैलाई सुहाउँछ भन्ने छैन। इच्छा हुँदैमा नसुहाउने पहिरन लगाउनु बुद्धिमानी पनि होइन र यही स्थिति भयो निताको। पहिरनबाट व्यक्तिको व्यवहार एवं उसको चरित्र थाहा हुन्छ। धेरैजसो मामिलामा व्यक्तिको जीवनशैली उसको ड्रेसिङ स्टाइलले व्यक्त गर्छ। व्यक्तिको वैचारिक स्तर, आर्थिक स्थितिसम्बन्धी जानकारी वा अनुमान पनि उसको पहिरनशैलीबाटै गर्न सकिन्छ, जुन धेरै हदसम्म सही पनि हुन्छ।

महिलाको शालीनता, सुन्दरता, माधुर्य, उनको पहिरनबाट झल्कन्छ र आफ्नो अस्तित्वलाई सुरक्षित गर्न तथा सुन्दरतालाई आकर्षक रूपमा प्रस्तुत गर्न पहिरनको छनौटमा लापरबाही गर्नुहुँदैन। समय र अवसरअनुसार पहिरन चयन गर्ने ज्ञान हुनु आवश्यक छ। विवाह वा यस्तै कुनै पार्टीका लागि तयार हुने बेलामा आफ्नो वर्ण, हेयर स्टाइल र गरगहनालाई ध्यानमा राखी पहिरन छनौट गर्नुपर्छ। महँगो भए पनि अरू एक्सेसरिजसित नसुहाउने हुनुहुँदैन। साडीसित मिल्दो सुहाउँदो ब्लाउज, पेटिकोट, मेकअप, हेयर स्टाइल, ज्वेलरी, फुटवेयर आदि मिल्दो हुनुपर्छ। मोडर्न ड्रेस जस्तै- जिन्स, स्कर्ट, टी-सर्ट आदि छनौट गर्दा पनि उल्लेखित कुरामा ध्यान पुऱ्याउनुपर्छ, होइन भने आफू स्वयंलाई ती नजरबाट बचाउन सकिँदैन जुन जहिले पनि अरूले के-कस्तो र कसरी लगाएको छ भन्ने विषयमा बुझ्न-हेर्न आतुर हुन्छन्।

मौसम गर्मीको होस्, जाडोको होस् वा वर्षात्को कुन मौसममा कस्तो पहिरन सुविधाजनक, सुहाउँदो र मौसम मिल्दो हुन्छ, जानकारी राख्नु आवश्यक छ। पहिरनले व्यक्तित्वमा निखार मात्र ल्याउँदैन यसबाट आकर्षण पनि थपिन्छ साथै व्यक्तिको जीवनशैलीका बारेमा पनि थाहा हुन्छ। अतः आफ्ना लागि पहिरन छनौट गर्दा आफ्नो व्यक्तित्व, शारीरिक बनावट, वर्णका साथै प्रयोग गरिने अवसर, माहौल, मौसममाथि ध्यान पुऱ्याउनुपर्छ। छनौट गरिएका पहिरन आरामदायक एवं सुविधाजनक हुनुका साथै व्यक्तित्वलाई अझ सुन्दर, आकर्षक, प्रभावशाली बनाउनुका साथै सकारात्मक प्रभाव पार्ने खालको हुनुपर्छ। किनभने पहिरनले शरीर छोप्ने कुरामा मात्र नभएर शरीरलाई आकर्षक रूपमा र सही अर्थमा सुन्दर एवं प्रभावकारी रूपमा प्रस्तुत गर्ने मामिलामा पनि उत्तिकै महत्त्व राख्छ।



## • तालुमा आलु •



प्रकाश ओझा

एउटा असी वर्षको अभिनेतासँग प्रश्न गरियो– 'तपाईंको स्वस्थ जीवनको रहस्य के हो ?'

'मेरो बाल्यअवस्था अत्यन्तै अनुशासनमा बित्यो,' कारण बताउँदै थियो- 'चुरोट, बिंडी, रक्सी, कहिल्यै खाइनँ, जबसम्म १४ वर्ष पुगिनँ।'

०००

एक जना फिल्म स्टार आउटडोर सुटिङका लागि पोखरा पुग्यो । त्यस ठाउँमा एक जना अत्यन्त सुन्दर युवती थिई, जो प्रत्येक दिन सुटिङ हेर्न आउँथी । फिल्म स्टारलाई त्यो केटी मन परी अनि ऊ उसलाई पट्याउनपट्टि लाग्यो र सफल पनि भयो । उसलाई डुलायो, घुमायो, आनन्द लियो । एक महिना सुटिङ चल्यो, एकै महिना आनन्द चल्यो ।

सुटिङ सकियो, फिल्म स्टार काठमाडौं फर्कियो ।

दुई वर्षपछि संयोगवश त्यो फिल्म स्टारको सुटिङ त्यही ठाउँमा पऱ्यो । उसलाई दुईवर्ष अगाडिकी केटीको सम्झना आयो र उसले त्यसलाई खोज्यो र भेट्यो पनि, तर केटी एक्ली थिइन, उसको काखमा १ वर्ष २ महिनाको बच्चा थियो ।

'बच्चा ?' छक्क पर्दै उसले सोध्यो ।

'तपाईंको हो,' युवतीले भनी ।

'तिमीले मलाई किन नभनेको ?'

'थाहा पाएर तपाईंले के गर्नुहुन्थ्यो र ?'

'म तिमीसँग विवाह गर्थें ।'

केटीले असहमतिको टाउको हल्लाई ।

'किन, के भयो ?' युवकले सोध्यो ?

'के भयो भने नि,' केटीले भनी- 'मेरो परिवारलाई मेरो यो अवस्था थाहा भएपछि सबै आफन्तहरू भेला भए । मेरो बारेमा ठूलो छलफल भयो अनि परिवारमा एउटा एक्टर हुनुभन्दा एउटा हरामी हुनु राम्रो हो भन्ने निर्णय भयो ।

०००

श्रीमती : 'तपाईंले थाहा पाउनुभो ? भारतमा एउटाले आफ्नी स्वास्नी एउटा साइकलसँग साटेछ...।'

श्रीमान् : 'म त मोटरसाइकलभन्दा घटीमा त मरे पनि साटदिनँ ।'


०००

### मेरो कुरो

आफ्ना बालबालिकालाई दिनको एकपटक अवश्य कुट्नुहोस्, कारण तपाईंलाई थाहा होस्-नहोस् छोराछोरीलाई अवश्य थाहा हुन्छ ।

## • कविता •

### हार्दिक अनुरोध



तिम्रो मनको मझेरीमा काँडे बार बार्नु अब
मलाई दिने मायाहरू अन्त कतै सार्नु अब
परिबन्दमा परेको छु साथ दिन नसक्ने भएँ
बाध्यतालाई बुझेर मेरो माया मार्नु अब
सोंचे जस्तो खोजे जस्तो हुन्न रै'छ जीवन
अलग भई बाँच्नलाई मन ढुङ्गो पार्नु अब
साह्रो गाह्रो जे परे नि आत्मसात गर्नुपर्छ
मुटु दह्रो बनाएर समस्या टार्नु अब
धोका दियो परदेशीले भनी कहिल्यै नभन्नु
समस्या बुझी बरु मेरो माया निखार्नु अब ।

–सुवास लामा

### सम्झना

एकान्तमा बसी तिम्रो यादमा हराउँछु म
सपनाको आकाशमा पौडिन डराउँछु म
मगन्ते र पागलमै जिन्दगी सकियो
शिशिर र वसन्तको हरियालीमा रमाउँछु म
वर्षा भै वर्षंदा सारा पृथ्वी भिजी सकिएछ
कल्पनाको संसारमा महल बनाउँछु म
कति खाइयो कसम र वाचा कति गरियो विश्वास
पछि अन्तिम मरणको लडाइँमा सँगै बोलाउँछु म
अन्धविश्वासको मुसलधारे वर्षा भैसकेछ
त्यही वर्षासँगै रुज्न तिमीलाई बोलाउँछु म ।

–अनुप प्रेमी

### तिम्लाई खोज्दै आ'को

म त तिम्रो आफ्नो मान्छे तिम्लाई खोज्दै आ'को हजुर
बिना तिर्खा भए पनि कुवासम्म धा'को हजुर
सहर गा'को थियौ तिमी नेता जाति भ'का छौरे
सत्ता अनि शक्ति लिन भ्रमणतिर धा'का छौ रे
त्यसैले त तिम्रो खुसी धेरै लुट्न आ'को हजुर
बिना तिर्खा भए पनि कुवासम्म धा'को हजुर ।

–अञ्जना थापा

### मान्छेले दुःख दिन्छ

अरूको जागिर खोस्न रच्छन् जाल मान्छेहरू
हेर्दैखेरि टेढोमेढो चल्छन् चाल मान्छेहरू
कसैले नचिता'को कल्पनै नगरेको
ल्याइ दिन्छन् बिपत्तीको सुनामी छाल मान्छेहरू
राजनीति गर्छन् मान्छे धूर्त छट्टु स्याल झैँ यहाँ
बनाउँछन् अशान्ति दुःखको ताल मान्छेहरू
मान्छेले दिनसम्म दुःख दिन्छ मान्छेलाई
घरको न घाटको पार्छन् बेहाल मान्छेहरू ।

–सरगम बहोसी


### अरूसँग भुल्यौ र'नि



मेरो याद आउने भए किन महिनौं भुल्थ्यौ र'नि
हात समाई लभ्ली हिलमा अरूसँगै डुल्थ्यौ र'नि
मुखले चाहिँ ठिक्क पाछ्र्यौं भित्रभित्रै जाल बुन्छ्यौ
मलाई विश्वास गर्ने भए, किन कुरा सुन्थ्यौं र'नि
भेट्न आउँछु मलाई भनी बारम्बार ढाँट्ने गर्छ्यौं
मलाई माया गर्ने भए किन झूटो बोल्थ्यौ र'नि
मेरो सानो भूललाई पनि ठूलो पहाड बनाइदिन्छ्यौ
मलाई साथ दिने भए किन पोल खोल्थ्यौ र नि
मेरा असल कुराहरू तिम्लाई विश्वास गर्न गाह्रो
मलाई चाहने भए तिम्ले किन पराई सोंच्थ्यौ र'नि ?

–परिवर्तन एम.बी.

## • लघुकथा •



### चेतना

गाउँले परिवेशमा हुर्किएको श्यामबहादुर व्यवहारमा घमण्डी र भावनात्मक पक्षमा कमजोर थियो । हरेक मानिसमा इमान्दारिता हुनुपर्छ, यस्तै कुरा साथीभाइहरूलाई सुनाउँथ्यो । कहिलेकाहीं देशको राजनैतिक, आर्थिक स्थितिका सम्बन्धमा गहकिलो बहस गर्थ्यो ।

एक दिनको कुरा हो, ऊ साथीहरूलाई भन्दै थियो- 'मानिसमा मानवता भएन भने उसलाई सुवासबिनाको फूलसँग दाँज्न सकिन्छ । वरपर बस्नेहरू पनि उसका कुरा चाख मानेर सुनिरहेका थिए ।

यसबीच एक व्यक्ति बोल्यो- 'हजुरले मानवताको कुरा गर्नुभयो, मानवता हुनुपर्छ भन्नुभयो, कुरा ठीक हो । भर्खरै मात्र समाचार सुन्नुभयो होला, बोक्सीको आरोपमा एउटी दलित महिलालाई दिसा खुवाइयो र रमिते बनाइयो- के यो घटनामा मानवता झल्किन्छ ? हजुरले चेतनाका बारेमा कुरै निकाल्नुभएन, यहाँ चेतनाको पनि ज्यादै कमी छ । त्यसकारण हरेक मानवमा चेतनाबोध हुनु पनि नितान्त आवश्यक छ ।'

सबै गललल्ल हाँसे- आफूप्रति इंगित गरिएकोमा श्यामबहादुर किंकर्तव्य-विमूढ भए ।

– वसन्त खत्री

## भोलि मंगोलियन किडको फाइनल



प्रतियोगी नम्बर एक एन्जिला र अन्तिम प्रतिस्पर्धी आयुशाबीच उमेरको असमानता भए पनि उनीहरूबीच उपाधिका लागि प्रतिस्पर्धा हुँदैछ । यी दुईबाहेक अन्य २० जना सहभागी पनि उपाधिको दौडमा छन् । कुरा हो मिस मंगोलियन किड प्रतियोगिताको ।

करिब तीन सातादेखि अन्तिम प्रतिस्पर्धाका लागि जुटेका प्रतिस्पर्धीहरूबीच भोलि शनिबार सुन्धारास्थित आर्मी अफिसर्स क्लबमा फाइलन प्रतिस्पर्धा हुँदैछ । एक्सन इन्टरनेसनल प्रा.लि.को आयोजनामा सञ्चालन हुने मंगोल समुदायका बालिकाहरूबीचको यो प्रतियोगितामा मुख्य तीन उपाधिका साथै मिस ट्यालेन्ट उपाधिका लागि प्रतिस्पर्धीहरूले आ-आफ्नो प्रतिभा प्रस्तुत गर्नेछन् ।

## अमेरिकामा समावेशी सांस्कृतिक पर्व

उत्तरी क्यालिफोर्नियामा बसोबास गर्ने नेपालीका १० वटा संगठनले एक सांस्कृतिक पात्रो निर्माण गरी दसैं, ल्होसार, छठ आदि प्रमुख नेपाली चाडपर्व समावेशी ढंगले मनाउने निर्णय गरेका छन् । उत्तरी क्यालिफोर्नियाका नेपालीको छाता संगठन नेप्लिज एसोसिएसन अफ नर्दन क्यालिफोर्निया (न्यान्सी) को संयोजकत्वमा जुलाई ३१ तारिकका दिन आयोजित नेपाली संघ-संस्थाहरूको भेलाले उक्त निर्णय गरेको हो ।

न्यान्सीका अध्यक्ष यान राईको अध्यक्षतामा सम्पन्न उक्त भेलामा नजिकै आएको नेपालीको महान् चाड दसैं 'नेपाली साँझ' कार्यक्रमको आयोजना गरी यस क्षेत्रका सम्पूर्ण नेपालीको सहभागितामा मनाउने र यो क्रम अन्य यस्तै चाड मनाउँदा पनि कायम राख्ने सहमति भएको छ ।

'नेपाली साँझ मनाउन एक संयोजक समिति खडा हुनेछ र सांस्कृतिक तथा साहित्यिक कार्यक्रम आयोजना गरेर भव्यताका साथ मनाइनेछ,' भेलाको निर्णय सुनाउँदै अध्यक्ष राईले जानकारी गराए ।

मदरल्यान्ड नेपालका अध्यक्ष अनिल पाण्डेले लोकतान्त्रिक अभ्यासका लागि एक-अर्काका चाडपर्वप्रति सम्मान भाव व्यक्त गर्दै सहभागी हुने यो निर्णयले समावेशी संस्कारलाई अघि बढाउने विचार व्यक्त गरे । यो पद्धतिलाई व्यवहारमा उतार्न सके विदेशमा पनि हामी नेपाली जसरी जाति, धर्म र क्षेत्रका आधारमा विभाजित भैरहेका छौं, त्यो प्रवृत्तिको अन्त्य हुनेछ भन्ने उनको धारणा थियो ।



## उत्कृष्ट मोडल छनौट

**साप्ताहिक समाचार**

काठमाडौं– गत शुक्रबार साँझ दरबारमार्गस्थित सिमोल लाउञ्जमा भिन्नै प्रकारको जमघट थियो । सदाबहार नायक भुवन केसी एक दर्जन सुन्दर मोडलबाट घेरिएका थिए । अघिल्लो साता राजधानीमा सम्पन्न फेसन शोको उत्कृष्ट मोडल घोषणा गरिने उक्त कार्यक्रममा नायक केसीबाट पुरस्कार थाप्न भेला भएका मोडलहरू फेसन शोकै पहिरनमा उपस्थित थिए ।

सिमोल लाउञ्ज तथा जुम इन्टरटेनमेन्टले संयुक्त रूपमा आयोजना गरेको फेसन शोमा स्मिता शाहीले सर्वोत्कृष्ट मोडलको उपाधि जितिन् । उनले फेसन शोमा सहभागी १४ जना मोडललाई उछिनेकी थिइन् । फेसन शोमा सहभागी एसु शिवाकोटीले फस्ट रनरअप तथा सोनु श्रेष्ठले सेकन्ड रनरअपको उपाधिमा चित्त बुझाए । १४ जना मोडलमध्ये चार उत्कृष्ट मोडल छनौट गर्ने क्रममा सविता महर्जनलाई थर्ड रनर-अपका रूपमा पुरस्कृत गरियो । प्रस्तुतिका आधारमा उत्कृष्ट मोडल छानिएको कार्यक्रमका आयोजक तथा कोरियोग्राफर विनोद सिंहले बताए । कार्यक्रममा गायकहरू राम श्रेष्ठ, साउथ एसियन स्टार आशुसेन लामा, सुमन श्रेष्ठ, सुमनसिंह ठकुरी, श्रीष खड्का आदि पनि उपस्थित थिए ।



## राममानसँग पलेंटीमा

नेपालयको आरशालामा हरेक अंग्रेजी महिनाको अन्तिम शुक्रबार आयोजना हुने लघु सांगीतिक कार्यक्रम पलेंटीमा गत शुक्रबार गीतकार डा. राममान तृषितको उपस्थिति रह्यो । आफ्ना पुराना कालजयी गीतलाई नयाँ पुस्ताका गायकहरू सुरज र मीनाले गाउँदा तृषित भावुक भएका थिए । 'आफ्ना गीत एकपटक फेरि ब्यूँतिएको सुन्न पाउँदा मलाई अत्यन्त हर्ष लाग्यो । गीत प्रत्यक्ष सुन्दा बढी आनन्द आउँछ भन्ने मेरो मान्यता हो, किनभने यस्तो वातावरणमा गीत जीवन्त हुन्छ । पलेंटीले प्रत्यक्ष सुन्ने परम्परालाई कायम राखेकोमा म प्रसन्न छु,' गीतकार तृषितले भने ।

तारादेवीको लोकप्रिय 'गीत एक फूल झरेर के भो' बाट सुरु भएको साँझमा त्यसपछि क्रमश 'दिलमा हजुर आएर', 'मैले पुण्य मन पराएँ या पाप मन पराएँ', 'मान्छेको माया यहाँ खोलाको पानीजस्तो', 'आँसु झर्दाखेरि पनि रुवाइ भन्न सकिएन' र 'एउटा तारा झर्दा पनि आकाश सिंगै रित्तो लाग्छ' जस्ता गीत प्रस्तुत भएका थिए । कार्यक्रमको सुखद आकर्षण त्यतिबेला भयो जतिबेला वरिष्ठ गायकहरू योगेश वैद्य र फत्तेमानले बिना कुनै पूर्वयोजना आफ्ना चर्चित गीत 'अलिकति तिमी अभिमान छोड' र 'यति चोट सहनलाई त' गाए ।



## • सन्देश •

यसपालि एसएलसी उत्तीर्ण गरेका मित्र एलबी तथा सुनितालाई हार्दिक बधाई र मौका परीक्षा दिने निर्पालाई बेस्ट अफ लक साथै श्री सरस्वती मावि जम्दह सिरहाबाट एसएलसी उत्तीर्ण भएका सम्पूर्णलाई उच्च शिक्षामा सफलताको अग्रिम शुभकामना।

**मीनबहादुर परियार**

दिदी ईश्वरीलाई जन्मदिनको मुरीमुरी शुभकामना, काली दिदी मात्र मेरा लागि हाँसेर बाँच्नुहोस्, बिन्ती छ।

**रानी**

ईश्वरी, जन्मदिनको शुभकामना। तिमीलाई माताले हरेक चुनौती सामना गर्ने शक्ति प्रदान गरून्। अनगिन्ती खुसीहरूले तिम्रो जीवन भरियोस्।

**दुर्गा**

जुनु, जन्मदिनको लाखौं लाख शुभकामना, हर रातले सुन्दर बिहानीको अनि हर बिहानीले राम्रो दिनको लक्ष्य लिएझैं जीवनमा अघि बढिरहनु, सफलता अनि खुसीले तिम्रो साथ कहिल्यै नछाडोस्।

**अशोक**

दिदी निशा तथा साथी कृष्णलाई जन्म दिनको लाखौं लाख शुभकामना।

**अमिता**

भोलेबाबाले सम्पूर्ण नेपालीको कल्याण गरून्, विशेषगरी सुनसरी, इनरुवाका सम्पूर्ण आफन्त तथा साथीहरूलाई जय भोलेबम।

**विनोद खतिवडा**

भुवन दाजु, किन चटक्कै माया मार्नुभएको ? हजुरले बिर्सिए पनि म हजुरलाई बिर्सन सक्दिनँ। जन्मदिनको लाखौं लाख शुभकामनाका साथमा सु-स्वास्थ्य एवं दीर्घायुको कामना।

**बहिनी आँसु**

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म बसोबास गर्नेसम्पूर्ण मित्रलाई अभिवादनका साथै आत्मीय प्रेम।

**नारायण कुँवर**

प्रकाश ओझा दाइ, हजुरको नयाँ श्रृंखला गाई कि त्रिशूलको प्रगतिको कामना गर्दछु।

**जीवन दाहाल**

आफ्नो नाम केटरिना कैफ बताएर तिमी कता गायब भएको ? अचेल त एक झलक पाउन पनि तिम्रो घर-वरिपरि कुरेर बस्नुपर्छ। कमसेकम यो दिलवरको त ख्याल राख। म तिम्रा लागि ज्यान लुटाउन भएको छु तिमी भने सधैं रेसमी केशले चेहरा छुपाउँदै मेरो ज्यान लिन्छ्यौ।

**सलमान खान**

## कुपन सन्देश

**सन्देशका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

पाउने :

पठाउने :

सन्देश :

## साप्ताहिक साथीका लागि फर्म

**साप्ताहिक साथीका लागि कुनै शुल्क लाग्दैन तर कुपन अनिवार्य छ।**

नाम : ..........................................................................

उमेर : .................................. उचाइ : ..................................

पेसा : .................................. शिक्षा : ..................................

स्वभाव :.................................. वैवाहिक स्थिति : ...........................

अभिरुचि : ..................................वर्ण : ..................................

इमेल : ..........................................................................

ठेगाना : ..........................................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..........................................................................

..........................................................................

आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ।

## • साथी •



२० वर्षीय रमेश गुरुङ ५ फिट ५ इन्च अग्ला छन्। कम बोल्ने रमेश ओभरसियर हुन्। पेसाले विद्यार्थी गुरुङ हालसम्म अविवाहित छन्। गहुँगोरो वर्णका उनी नयाँ साथी बनाउन तथा गीत-संगीतमा रुचि राख्छन्। मित्रतालाई सधैं कायम राख्ने, मीठो बोल्ने, अरूको दुःख बुझ्ने साथीको खोजीमा रहेका रमेशलाई साथी बनाउन चाहनेहरूले सिद्धार्थ टेक्निकल इन्स्टिच्युट, ट्राफिक चोक-८, बुटवलमा पत्राचार गर्न सक्नुहुन्छ।

बीएस्सी प्रथम वर्षमा अध्ययनरत नारायण कुँवर भावुक तथा अध्ययनशील स्वभावका छन्। ५ फिट ७ इन्च अग्ला नारायण



२१ वर्षका छन्। आफूलाई कल्पनाशील व्यक्तिका रूपमा चिनाउने कुँवर रेडियो सुन्न, भ्रमण गर्न तथा पत्रमित्रतामा अभिरुचि राख्छन्। पुर्कोटदह १, जुम्लिचौर, गुल्मीका बासिन्दा कुँवरगहुँगोरो वर्णका छन्। अध्ययनशील, लगनशील, मेहनती, आफूले जानेको कुरा बाँड्ने साथीको खोजीमा रहेका उनलाई nbkshetry009@yahoo.com मा इमेल गर्न सकिन्छ।



जितेन्द्र साहको उचाइ ५ फिट ३ इन्च छ। प्लस टु उत्तीर्ण साह २० वर्षको भए। मिलनसार स्वभावका जितेन्द्र हालसम्म अविवाहित छन्। गहुँगोरो वर्णका जितेन्द्र मिलनसार, सहयोगी, भावनात्मक तथा समझदार युवक-युवतीको खोजीमा छन्। पत्रमित्रतामा अभिरुचि राख्ने जितेन्द्रलाई साथी बनाउन चाहनेहरूले इनरुवा-९, बलाहा, सुनसरीमा पत्राचार गर्न सक्नुहुन्छ।



२५ वर्षीय पूर्णबहादुर गुरुङ श्री सशस्त्र प्रहरी बल रक्तकाली गण, सुर्खेतमा कार्यरत छन्। पत्रमित्रतामा रुचि राख्ने गुरुङले साधारण लेखपढ गरेका छन्। नम्र स्वभावका गुरुङ गहुँगोरो वर्णका छन्। अरूको भावना बुझ्ने, नम्र तथा झूटो नबोल्ने, अरूको दुःखलाई आफ्नो दुःख मान्ने साथीको खोजीमा रहेकाउनलाई tamu_purna@yahoo.com मा इमेल गर्न सकिन्छ।



५ फिट ३ इन्च अग्ला अमन राना हाल प्लस टु अध्ययनरत छन्। लजालु स्वभावका राना हाल १९ वर्षका भए। अविवाहित अमन गहुँगोरो वर्णका छन्। उनी दुःखसुखमा साथ दिने, अरूको मर्म बुझ्ने, अहं भावना नभएका साथीको खोजीमा छन्। रानालाई साथी बनाउन चाहनेहरूले amaan_lovely07@yahoo.com मा इमेल गर्न सक्नुहुन्छ।

## • जीवनको गोरेटोमा •

# आत्महत्याको बाटोसम्म



कुरा २०६४ असारको हो। म काठमाडौंबाट घर पुग्नासाथ दाइले भन्नुभयो- तिम्रो चिठी आएको छ। त्यो चिठी मेरो केटी साथीको थियो। एक दिन उनले फोन गरिन् र भनिन्- 'म काठमाडौं आउँदैछु भेटौं ल !' बसमा चढेदेखि नै यहाँसम्म आइपुगें भनेर ३-४ पटक फोन गरिन्। बेलुका ६ बजे फोन गरेर सोध्दा उनी पहिलोपल्ट काठमाडौं आएकाले कुनै ठाउँको नाम थाहा नभएको र रात परिसकेकाले भोलि भेटौं भनिन्। भोलिपल्ट उनी बिहानै मलाई कुर्न लगनखेल आएको कुरा फोनमा बताइन् तर म कामको व्यस्तताले गर्दा २-३ घन्टापछि मात्र त्यहाँ पुग्न सकें।

एक-अर्कालाई भेट्न पाउँदा हामी खुसी थियौं। हामी त्यहाँबाट जाउलाखेलतर्फ लाग्यौं। त्यसपछि हामी वसन्तपुर-रत्नपार्क घुम्न गयौं। धेरै कुराकानी गऱ्यौं। दुवैको चाहना अनि रोजाइ पनि एउटै जस्तो थियो। त्यो दिन त्यत्तिकै बित्यो। बेलुका उनलाई दिदीको घरसम्म छोडी म आफ्नो गन्तव्यतर्फ लागें।

भोलिपल्ट उनी आफ्नै दिदीसित घुम्न जानुपर्ने भएकाले भेट्न आउन पाइनन्, म पनि काममै व्यस्त रहें। बेलुका उनले घुमेका सबै ठाउँ फोनमा बताइन्। भोलिपल्ट बिहानै उनी लगनखेल आएर मलाई बोलाइन्। कामले गर्दा १/२ घन्टापछि मात्र म त्यहाँ पुगें। त्यहाँबाट गोदावरी जान लाग्दा उनकी दिदीले फोन गरिन्। टिकट बुक गरिसकेको कुरा गरिन्। म झसंग भएँ। हामी निराश अनुहार पार्दै सातदोबाटोतर्फ आयौं। उनको बेलुका ५ बजेको बस रहेछ।

त्यस दिन रातभरि निद्रा लागेन। बिहान ४ बजे नै उठेर म कामतर्फ लागें। उनले घर पुग्नासाथ फोन गरिन्। त्यसपछि उनले दिनहुँ फोन गर्दै मीठा कुरा गर्न थालिन्। मेरो परीक्षाका कारण म घरतर्फ लागें। घरमा हुँदा पनि खाली उनकै यादले तड्पाउँथ्यो र एकोहोरिन्थें। त्यसै मेसोमा परीक्षाभन्दा एक साताअघि म बिरामी परें। मलाई जन्डिस भएछ।

जसोतसो परीक्षा दिएँ। त्यसपछि घरमा १०-१५ दिन आराम गरी म काठमाडौं आएँ। काठमाडौं आउनासाथ मलाई उनको सम्झना आयो। बिहानै फोन गर्ने प्रयास गरें तर कारणबस उनका दाजुले फोन उठाउनुभयो। उनलाई दिनु भन्दा उनी बाहिर भएको कुरा बताउनुभयो। यसरी नै दैनिक ८-१० दिन फोन गर्ने प्रयास गर्दा पनि उनलाई पाउन सकिनँ। उनले फोन गरिनन्। असार १३ गते शुक्रबार मैले उनीसँग विछोड भएको सपना देखें। मेरो सपना सधैं साँचो हुन्थ्यो। म डराएँ, बिहानैदेखि फोन गर्ने प्रयास गरें तर दाइ र बहिनीले मात्र फोन रिसिभ गर्थे। किन हो कुन्नि उनी मसँग साँच्चै टाढा हुन खोजेजस्तो लाग्यो र मैले सबै कुरा म्यासेजमा पठाइदिएँ। पछि त्यहाँबाट फोन आयो। मलाई लाग्यो अब त बोल्ने होला तर अफसोच बहिनीले मलाई गाली गरिन्। म्यासेज त दाइले पाउनुभयो।

उनका दाइले मलाई फोनबाट धम्क्याउनुभयो। उनी त मेरो माया हुन् उनले मलाई साथ देलिन् भन्ने लागेको थियो। मैले उनलाई चाहेको कुरा गर्दा उनले नै रिसाउँदै गाली गरिन् र भनिन्- सबै नाटक थियो। म त छाँगाबाट खसेजस्तो भएँ। बेलुका ५ बजिसकेको रहेछ। केही सोंच्न सकिनँ, चोभार पुगेछु। बाँच्न नसक्ने निर्णयमा पुगेर मैले जीवन त्याग्ने निर्णय गरें। अचानक मेरो निराश अनुहार देखेर त्यहाँका मानिसले मलाई समाते र उनीहरूले मेरा साथीहरूलाई फोन गरी सम्हालेर घर पठाए। मलाई त केही थाहा थिएन, भोलिपल्ट कोठामै रहेंछु। फेरि ब्युँझिनासाथ उनकै याद आयो। साथीहरूले मलाई गाली गरे।

भोलिपल्ट बुबा काठमाडौं आउनुभयो। मलाई गाली गर्दै सम्झाउनुभयो र मैले पनि अबदेखि कसैको मायामा नफस्ने निर्णय गरें। म आजसम्म बाँचिरहेको छु तर के गर्नु उनी मसँग गएका ठाउँमा पुग्नासाथ म फेरि बेहोस हुन्छु, खाली उनैलाई सम्झन्छु र रोइरहन्छु। यसरी नै मेरा दिन बितिरहेका छन्। अब त भगवान् नै सहारा हुन् भन्ने लाग्छ।

– **दीपक**

# काली र गोरी युवतीमध्ये को बढी राम्रा हुन्छन् ?

## ● अब हाम्रो पालो ●

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला। प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ। एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ।

१. पैसा पाउनु ठूलो कुरा हो कि प्रेम पाउनु ? किन ?
२. तपाईंले जिन्दगीमा कोबाट कस्तो धोका पाउनुभएको छ ?
३. हामी नेपाली किन र के कारणले पिछडिएका छौं ?
४. मानिसहरूलाई अर्काका श्रीमान्/श्रीमती किन राम्रा लाग्छन् ?
५. पुरुषहरू महिलाको चरित्र र चालचलनको कुरा किन बढी गर्छन् ?
६. पढेर जानिन्छ कि परेर ?
७. नेपालको सबैभन्दा ठूलो समस्या के हो ?
९. वेश्यावृत्तिलाई कानुनी मान्यता दिनु हुन्छ कि हुँदैन ? किन ?
९. नेपालमा जातीय आधारमा राज्य बनाउनु कत्तिको उपयुक्त हुन्छ ? किन ?
१०. कस्ता मान्छेले राजनीति गर्नुपर्छ ?

काली भए पनि गोरी भए पनि जीवन त एउटैसँग बिताउनुपर्छ।

**देवराज ढकाल**

मलाई त गोरी नै राम्रा लाग्छन्।

**उपेन्द्र गोले**

मैले सुनेको कालीहरू दिलवाली हुन्छन्।

**विनोद खतिवडा**

तपाईंका काली र गोरी दुईवटी गर्लफ्रेन्ड छन् कि क्या हो ? मैले छानिदिनु पर्दा काली नै राम्रा हुन्छन् किनभने गोरी युवतीले धेरै मेकअप गर्न खोज्छन् गोरो छाला कालो हुने डरले।

**दुर्गाबहादुर माझी**

मलाई त काली नै मनपर्छन् किनभने कालीहरू दिलवाली हुन्छन्।

**राम त्रिपाठी** (२३)

मलाई त बाहिरी रूप जस्तो भए पनि भित्री रूप राम्रा भएका युवती मन पर्छन्। त्यसमाथि बाहिरी रूप पनि राम्रो भए त सुनमा सुगन्ध नै भयो।

**कुमार श्रेष्ठ, रामेछाप**

काला भनूँ गोरा रिसाउलान्, गोरा भनूँ काला रिसाउलान् दोधार भो' सम्पादकज्यू, यसो भनूँ न जसले छिटो सिग्नल बुझ्छन् उनै राम्रा।

**मीनु हिताङ, स्याङ्जा**

काली भए पनि दिलवाली हुन्छन् थाहा छैन।

**हरिशप्रसाद अवस्थी** (२८)

वास्तवमा युवतीहरू काली-गोरी जे भए पनि उनीहरू आफैमा राम्रा हुन्छन्। एउटा रोज्नुपर्‍यो भने मचाहिँ गोरीलाई नै रोज्छु।

**सागर ढुंगाना**

छालाको दृष्टिकोणले हेर्ने हो भने गोरी युवती नै राम्रा हुन्छन्। विचार, व्यवहार, चालचलन र चरित्रबाट हेर्ने हो भने काली-गोरी दुवै थरीका युवती राम्रा हुन्छन्।

**सञ्जीव खत्री**

तपाईं चाहिँ गोरी युवतीसँग विवाह गर्नुहोला तर मलाई चाहिँ काली मनपर्छन्, किनभने गोरीमा साधारण कालो लागे पनि चिनिहालिन्छ तर कालीको त साधारण फोहोर लागे पनि पत्तै हुँदैन।

**किस्मत चाम्लिङ, दिक्तेल**

गोरी युवती नै राम्रा हुन्छन्। केटाहरू गोरी युवतीकै पछाडि लाग्छन्।

**प्रमिला श्रेष्ठ** (१७)

राम्रा त गोरी नै हुन्छन् तर पनि कालीलाई दिलवाली भन्छन्।

**टीकाराम अर्याल, गल्कोट**

मलाई काला युवती नै मनपर्छन्, आफू कालो भएकाले पनि होला।

**नारायण**

गोरी नै राम्रा देखिन्छन्।

**अन्दीप उप्रेती** (२०)

## ● यौन जिज्ञासा र समाधान ●



**प्रश्न : म ४० वर्षीय विवाहित पुरुष हुँ। हप्तामा कति पटकसम्म यौनसम्पर्क गर्दा स्वास्थ्यमा असर नपर्ला ? मलाई यौनसम्पर्क गर्न एकदमै इच्छा लाग्छ। यौनसम्पर्कका क्रममा कहिलेकाहीं लिंग लुलो भैदिंदा साह्रै दिक्क लाग्छ। विदेशी नीला चलचित्रमा युवकले जति पटक यौनसम्पर्क गर्दा पनि लिंग उत्तेजित र दह्रो भैरहन्छ, कसरी होला ? त्यस्तो गर्न के गर्नु पर्ला ? अचेल बजारमा लिंग मोटो र लामो गर्ने औषधी पाइन्छ भन्ने कुरा सुनेको छु। यस्तो औषधी प्रयोग गर्दा पछि स्वास्थ्यमा कुनै असर त पर्दैन ?**

**– ल.**

**उत्तर : यौनसम्पर्क कतिपटक गर्ने ?**

एकपटक सोचौं, यौनसम्पर्क के हो ? यौनसम्बन्धी हाम्रा चासो तथा चाहनाहरू मष्तिष्कबाट सुरु हुन्छन्। मष्तिष्कबाटै यौनसम्पर्क राख्नेजस्ता आधारभूत व्यग्रता प्राणीमा उत्पन्न हुन्छ र हामीले सिकेका कुरा तथा अनुभवलाई अभिलेख राख्ने कार्य हुन्छ। मस्तिष्कबाटै यौन संवेदनशीलतासम्बन्धी कुराका साथै यौनइच्छालाई प्रभावित पार्ने हार्मोनहरूको उत्पादन तथा सञ्चालनमा पनि मस्तिष्कको महत्त्वपूर्ण भूमिका हुन्छ। यी सबै कुराको संयुक्त प्रभावबाटै यौनसम्बन्धी क्रियाकलाप निर्देशित हुन्छन्। यौनसम्पर्क होस् वा अन्य यौन क्रियाकलाप, ती वास्तवमा शारीरिक तथा मानसिक दुवैको समन्वयमा हुने एक जटिल प्रक्रिया हो।

अब अर्को पाटोबाट पनि हेरौं। यौनसम्पर्क विशेष नै भए पनि यो एक स्पर्श हो। यहाँ स्पर्श यौनअङ्गका बीचमा हुन्छ। हात मिलाउनु एक पनि स्पर्श हो। कतिपटक हात मिलाउनु ठीक होला ? कसैलाई सुमसुम्याउनु पनि स्पर्श हो। कतिपटक सुमसुम्याउनु उचित होला ? यहाँ तपाईंलाई आवश्यकताले निर्देशित गर्छ। यौनसम्पर्क पनि त्यही हो। तपाईंले अहिले जति पटक यौनसम्पर्क गरिरहनुभएको छ त्यतिले तपाईंको यौनेच्छा पूरा गर्न पर्याप्त छैन भने यसलाई बढाउन सक्नुहुन्छ। यहाँ यदि बढी भयो भने तपाईंलाई यौनेच्छा हुँदैन। यौनसम्पर्क गरौं, अहिले तुरुन्तै गरौं जस्तो नै लाग्दैन। अति नै बढी यौनसम्पर्क गरेर, त्यसको घर्षणले यौनाङ्गको छाला नै पाच्छियो भने पीडायुक्त हुने भएकाले कुनै पनि व्यक्ति सामान्यतः यौनसम्पर्कमा अग्रसर हुँदैन। सालाखाला एक व्यक्तिले सातामा साढे २ पटक यौनसम्पर्क राख्छन्। पुरुषले सालाखाला लिङ्ग प्रवेशको २ मिनेटमा चरमसुख पाउँछन्। चलचित्रमा त्यसका पात्रले गर्न सक्ने कुरा र रंगरूप सामान्य व्यक्तिभन्दा फरक हुने गरी चित्रित गरिएको हुन्छ। यही कुरा यौन चलचित्रमा पनि लागू हुन्छ। अनावश्यक रूपमा त्यसको पछि लाग्नु आवश्यक छैन। आशा गर्छु, तपाईंले बुझ्नु नै भयो होला।

**किन लिङ्ग लुलो भएको ?**

यौनइच्छाका साथै हामीले यौन उत्तेजना महसुस गर्छौं। यौन उत्तेजित हुन थालेपछि रगत लिङ्गका धमनीहरूबाट उत्थित हुन सक्ने विशेष तन्तुमा जम्मा हुन थाल्छ, साथै लिंगबाट रगत बाहिर निस्कने क्रम घट्छ र लिङ्ग कडा, मोटो र लामो हुन्छ। यसलाई नै हामी लिङ्ग उत्तेजित भएको भन्छौं। यौन क्रिया शारीरिक क्रिया मात्र नभै मानसिक तथा भावनात्मक सम्बन्धहरूको मिश्रणसहितको जटिल कार्य हो।

लिङ्ग उत्तेजित नहुनु वा उत्तेजित अवस्थामा आइसकेको लिङ्गलाई त्यो स्थितीमा राख्न नसक्ने समस्यालाई अंग्रेजीमा impotence वा erectile dysfunction भनिन्छ। लिङ्ग उत्तेजित हुन नसक्ने थुप्रै कारण हुन सक्छन्। कहिलेकाहीं मात्र यस्तो हुनुलाई चिन्ताको विषय बनाइनु हुँदैन। तनावपूर्ण वा डर भएको स्थितिमा भने लिङ्ग उत्तेजित नै नहुन वा भएको उत्तेजना पनि हराउन सक्छ। त्यसमा पनि हतारमा यौनसम्पर्क गर्नुपर्दा वा कसैलाई आफ्नो यौनक्षमता प्रदशित गर्नुपर्ने दबाब भए समस्या चर्को हुनसक्छ। पत्नीलाई यौनक्षमता प्रदर्शन गर्नुपर्ने स्थिति छ भने समस्या अझ चर्किन सक्छ।

**औषधीको के असर पर्ला ?**

लिङ्ग उत्तेजनामा अप्ठ्यारो परेकाहरूलाई सहयोग पुर्‍याउन लिङ्ग उत्तेजित बनाउने औषधीजस्तै भियाग्रा वा केही शल्यचिकित्साको विकास नै नभएको त होइन। लिङ्ग उत्तेजित गराउने यस्ता औषधी चिकित्सकको निगरानी र सिफारिसमा मात्र खान सकिन्छ। शल्यचिकित्साका लागि त चिकित्सक चाहियो नै। केही गम्भीर कुअसर पनि हुने भएकाले पक्का आवश्यक नभै त्यसै औषधी खानु बुद्धिमानी होइन। औषधी वा चिकित्सा विधिअनुरूप नै त्यसको असर हुन्छ।

अब भियाग्राका बारेमा कुरा गरौं, यसमा सिल्डेनाफिल साइट्रेट नामक औषधी हुन्छ। औषधी खाँदैमा स्वःस्फूर्त रूपमा अर्थात् आफसे आफ लिङ्ग उत्तेजित हुने भने होइन। यदि कुनै पुरुषले यौनका दृष्टिकोणले उत्तेजित हुन पुगेमा लिङ्गमा रगत भरिने क्रम सामान्य अवस्थामा भन्दा बढी हुन्छ। त्यसैले लिङ्गमा राम्रोसँग उत्तेजना आउँछ। हृदयरोग भएका व्यक्तिहरूले अन्य बढी शारीरिक परिश्रम गर्नुपर्ने स्थिति जस्तै यौनसम्पर्क राख्दा पनि विशेष ध्यान पुर्‍याउनुपर्ने हुन्छ। विशेष गरेर हृदयरोगका लागि नाइट्रेट भएका औषधीको प्रयोग गर्ने व्यक्तिले यो औषधीको प्रयोग गर्नु हुँदैन। अचानक रक्तचापमा कमी भएर ज्यानैमा खतरा पनि हुनसक्छ। हृदयरोग, रक्तचाप, कलेजो वा मृगौलासम्बन्धी खराबी भएका व्यक्तिहरूले विशेष गरेर यो औषधी सेवन गर्नुअघि विचार पुर्‍याउनुपर्छ। यी औषधी त्यसै बजारमा किनेर खान हुँदैन त्यसले चिकित्सकसँग सल्लाह गरेर उनकै सल्लाहमा मात्र यसको प्रयोग गर्नुपर्छ। त्यसैगरी यो औषधी यौन इच्छा वा क्षमता वृद्धि गर्ने वा हार्मोन भएका औषधी पनि होइन भन्ने कुरा बुझ्नु आवश्यक छ। कतिपयलाई टाउको दुख्ने, अनुहार रातो भएर आउने तथा पेटमा गडबडी हुनेजस्ता असर देखिन सक्छन्। दृष्टि क्षमतामा नीलो र हरियो रंग छुट्ट्याउन नसक्ने, प्रकाशसँग बढी संवेदनशील हुने तथा धमिलो देखिने जस्ता समस्या कसै-कसैलाई हुन सक्छ। अति विरलै हुने भए पनि कसै-कसैमा लिङ्गको उत्तेजना निरन्तर हुनसक्छ र यदि यस्तो चार घण्टासम्म निरन्तर भए तुरुन्तै चिकित्सकको मद्दत लिनुपर्ने हुन्छ, नत्र भने लिङ्गमै स्थायी रूपमा खराबी पुग्न सक्छ।

अन्तमा, मुख्य कुरा तपाईंले यी तनावलाई कम गर्न सक्नुपर्छ। सहज वातावरण र तनावरहित भएर यौन क्रियाकलापमा संलग्न हुँदा फाइदा पुग्छ।


सुखी विवाहित जीवनको लागि
सेवाको १५ वर्ष
विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतन, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् !
भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५
पापुलर आयुर्वेद औषधालय
ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

कष्मेटिक सर्जरी
- शरीरमा भएका दाग, कोठी, मुसा, ट्याटु, अप्रेसन पछिका दागहरू हटाउन
- शरीरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- स्तन सम्बन्धि कष्मेटिक उपचार
- Silicon Breast
- Botox Treatment
प्लाष्टिक सर्जरी क्लीनिक
सम्पर्क मानभवन, ललितपुर
०१६९१०५३२, ९८०३८८३५७७

सौन्दर्यका सामान
Free Home Delivery / 100% Guaranteed
○ Height बढाउने (Yoko Japanese) 1050/-
○ मोटोपन घटाउने (Sauna Belt)
○ अनुहार गोरो बनाउने (Roop Amrit)
○ स्तन बढाउने, घटाउने साथै टाईट गर्ने (Cream)
○ डण्डीफोर, चाया पोतो हटाउने (Cream)
○ धुम्रपान, जाँड रक्सी छुटाउने, चाउरीपना हटाउने
○ कपाल नझर्ने वा उमार्ने तेल (Herbal-44)
○ एकमुखे रुद्राक्ष साथै हनुमान कवज
Worldwide Shopping Centre
Newbaneshwor
(शंखमुल मार्ग, तयारी पोशाक सघको अगाडी)
Ph. 2290871, Mob. 9841506134

सौन्दर्यका सामानहरु
१. उचाई बढाउने जापानी YOKO Height increaser -रु.१,१९९/-
२. Souna Belt Price -रु.२,४९९/-
३. Breast घटाउने क्रिम -रु.१,२९९/-
४. Breast बढाउने क्रिम -रु.१,२९९/-
५. चुरोट खान छुटाउने Spray -रु.१,४९९/-
६. Roop Amrit -रु.१,३९९/-
७. अनुहारको चाया पोतो हटाउने -रु. २,४९९/-
८. पेट घटाउन Abking pro -रु. ६,९९९/-
९. Home Jogger -रु. ६,९९९/-
१०. कपाल झर्न रोकी नयाँ कपाल पलाउने Herbal HairOil -रु. ७५०/-
११. Breast बढाउने pump -रु. १,४९९/-
१२. जाड रक्सी छुटाउने औषधी -रु. १,४९९/-
Global TV. Product Shop
पुतलीसडक, ( शंकरदेव क्याम्पस अगाडि )
कुमारीबैंकपछाडि फोन:४२४४२०६१,४२३०८१५


## बाटो पत्ता लगाउनुहोस्



## चर्चित गीतको भर्नुहोस्

देशले ........ ......... ....... ....................... चढाऊ
........... ......... ......... ..... ..................... छोरी
बुढेसकालका .......... ...... ......................... होमी
मेरी ............ .............. .................. देखिन्छिन् ।

## साप्ताहिक कोठेपद



**दायाँ**

१. सुदुरपश्चिमको एक जिल्ला (५)
२. संरक्षित वन क्षेत्र (६)
३. बाटो ढुकेर लुट्ने काम (४)
४. फिलोसफी (५)
७. सुन (३)
८. भाइ (३)
९. १८ पुराणमध्ये एक (६)
१०. अतिथिलाई गरिन्छ (४)
११. धर्मच्युत, महापापी (३)
१२. पुस्तक (३)
१३. बान्ता गराउने वस्तु (४)
१५. पोलेपछि हुने पीडा (३)
१६. धाक, शान (३)
१७. हावा (३)
१८. मदनमणि दीक्षितको कृति (३)
१९. निर्धारित कर्मचारी संख्या (४)
२०. अभिवादन गर्ने तरिका (४)

**तल**

१. डरपोक (५)
२. बालाजुको वन (४)
३. बाल्मीकिको पुरानो नाम (४)
४. आगो निभाउने यन्त्र (४)
५. भीष्मका पिता (३)
६. एक प्रकारको माछा (४)
७. अरूको इसारामा नाच्ने पुतली (५)
८. अगाडि जाने काम (५)
९. कुनै पनि काम गर्न आवश्यक संख्या (५)
१०. आत्मनिर्भर (५)
११. शान्तिदूत मानिने चरा (३)
१२. पटक-पटक गरी तिरिने ऋण (४)
१४. एक प्रकारको वनस्पति (४)
१५. सीताका पिता (३)
१६. एक प्रकारको पाश्चात्य संगीत (२)
१७. एक प्रकारको पाश्चात्य रेस्टुराँ (२)
१८. बालबोलीमा भात (२)

२४ घन्टामा मानिसले सरदर ४ हजार ८ सय शब्द बोल्छ ।



चीनको एकतारे होटलको उद्घाटनमा सेफ ली इन्हाईले एक किलो पीठोबाट २ हजार ८ सय ५२ किलोमिटर लामो नुडल्स तयार पारेका थिए ।




कासोवरी चरा समूहमध्ये सर्वाधिक हिंस्रक जनावर मानिन्छ । यो चराले मानिस र जनावरबाट खतरा महसुस गर्‍यो भने हत्यासमेत गरिदिन्छ ।



## पत्याउनु हुन्छ ?

## १० वटा फरक खोज्न सक्नुहुन्छ ?



## कुरा बुझ्नु भयो ?



# फ्रेन्डसिप डान्सपार्टी

भीषण राई

धरान- शनिबार ओटु पव एन्ड बारको डान्सपार्टी हल पूरै भरिभराउ थियो। मानौं त्यस दिन धरानका सबै युवा डान्सपार्टीमा रम्न आएका छन्। धरानको ओ टु पव एन्ड बारको हलअगाडि उनीहरूको बाक्लै झुन्ड थियो। डान्सपार्टीमा रम्न माहिर तन्नेरीहरू आफ्ना जोडी र साथीभाइहरूसँग पार्टीमा जम्न भेला भैसकेका थिए। केही क्षणको धैर्यधारणपछि सुरु भयो डिजेको फास्ट बिट। चर्को आवाजमा उनीहरू नाच्न थाले। तपस्वी ब्यान्ड धरानको आयोजनामा सञ्चालित उक्त डान्सपार्टीको मजा लिन कसैले बाँकी राखेनन्। धरानका स्थानीय डिजे उमेशले पनि धरानका युवापुस्ताको मन बुझ्न समय कुर्नुपरेन।

लगातार डिजेको तालमा नाचिरहँदा डान्सक्रेजीहरूले आफूलाई बिर्सिए। बाहिर भने साउने पानी दर्किरहेको थियो। भित्र पार्टीहलमा मस्त उनीहरूले बाहिर दर्के पानी परेको थाहै पाएनन्। असिन-पसिन भएका डान्सक्रेजीहरू उखरमाउलो गर्मीका कारण निथ्रुक्क भिजेका थिए। फ्रेन्डसिप डे भएकाले पनि होला, पार्टीमा उपस्थित युवाहरू आफ्ना साथिभाइसँग उपस्थित भएका थिए। बेलुकी सात बजे सुरु भएको फ्रेन्डसिप डे डान्स पार्टीको बीचमा लाइन जाँदा भने डान्सक्रेजीहरू रिसाएझैं देखिन्थे। अलिक चाँडै घर जान चाहनेहरूलाई बाहिर दर्किएको साउनको वर्षाले रोकेकाले पनि होला, पार्टी राति ११ बजेसम्म चलेको थियो।



तस्बिर : विकास राई




धरान- आइतबार निर्वाणा कन्ट्री क्लबको चौर भरिभराउ थियो। त्यस दिन धरानका युवाहरू डान्स पार्टीलाई उफार्न काठमाडौंबाट आएका डिजेको प्रतीक्षामा थिए। चौरमा युवाहरूको भीड बाक्लो थियो। डान्सपार्टीमा रम्न माहिर डान्सक्रेजीहरू आफ्ना जोडी र साथीभाइसँग भेला भैसकेका थिए। नभन्दै केही क्षणपछि डिजेहरूले चर्को आवाजमा फास्ट बिटमा जमिन थर्किने गरी डान्सिङ नम्बर प्रस्तुत गर्न थालेपछि उनीहरू पनि शरीर हल्लाउन थाले। उपस्थित सबैले डिजेको फास्टबिटमा आफूहरूलाई होमेका थिए। काठमाडौंबाट धराने डान्सक्रेजीहरूलाई तताउन डिजे वीम्यान, डिजे पायल तथा

## जाग्यो तालमा समर डान्सपार्टी

गायिका प्रीति कौर धरानका युवापुस्ताको चित्त बुझाउन लागिपरेका थिए। सुरुमा धराने डान्स पार्टीको ताल चिन्न मुस्किल परेको पाहुना डिजेलाई केही क्षणपश्चात् भने धराने डान्स पार्टीको भाका बुझ्न समय कुर्नुपरेन। धराने डान्सक्रेजीहरूको रुचिलाई मध्यनजर गरेर उनीहरूले अंग्रेजी, हिन्दी र नेपाली रिमिक्स नम्बरहरू एकपछि अर्को गर्दै निरन्तर प्रस्तुत गरेका थिए।

लगातार डिजेको तालमा नाचिरहँदा डान्सक्रेजीहरू पूरै बिन्दास देखिन्थे भने उनीहरूले आफूहरूलाई साउनको समर डान्सपार्टीमा होमेका थिए। असिन-पसिन भएका डान्सक्रेजीहरूलाई खरो गर्मी चढेपछि भने पसिनाले उनीहरूको शरीर र कपडा निथ्रुकै भिजेको थियो। कसैलाई पनि गर्मीको पर्वाह थिएन। डान्सपार्टीमा युवायुवतीको सामूहिक डान्स, आ-आफ्नो डान्स पर्फर्मेन्स र एक-अर्काप्रति अँगालोमा बेरिएर डान्सपार्टीमा रम्नेहरूको खाँचो थिएन। टिनएजर्सहरू यताउता भौंतारिएको दृश्य पनि निकै रोचक थियो। समर डान्स पार्टी शीर्षकको उक्त डान्स पार्टीमा उपस्थित युवाहरू समर क्याजुअल पहिरनमा उपस्थित थिए। बेलुकी सात बजे सुरु भएको उक्त डान्सपार्टी राति एघार बजेसम्म चलेको थियो।

## मादल बज्यो कि नाच्न मन लाग्छ



वसन्ती बाँस्तोला

सबै नाच्न जान्दैनन् र जान्ने जति सबै नाच्दैनन् तर मादल बज्यो कि सीता भण्डारीको खुट्टा आफैं उचालिन्छ। न कसैले कर गर्नुपर्छ न त उनलाई लाज नै लाग्छ। जगत्रदेवीकी बासिन्दा भण्डारी पेसाले विद्यार्थी हुन्। सानैदेखि नाच्ने बानीले उनलाई टेलिभिजनमा देखिने गरी नाच्न मन छ। क्लबको कार्यक्रम र क्याम्पसमा नाच्ने उनलाई कहिलेकाहीं नाच्दै हिंड्दा अरूले नराम्रो मान्छन् कि भन्ने चिन्ताले पनि सताउँछ। गाउँ त्यति स्वतन्त्र भएको छैन छोरी-बुहारीको मामिलामा तर तीज आउन लाग्यो। तीज नेपाली नारीका लागि स्वतन्त्र चाड भएकाले धेरैलाई धक फुकाएर नाच्ने मन छ।

तीजमा त मन फुकाएर नाच्ने धोको छ सीताको। उनी मात्र होइन श्रीकृष्ण गण्डकी हुमिता थापासमेत नाचिरहेकै छिन् बेलामौकामा। छोराछोरीकी आमा थापा पहिलेजस्तो नाच्ने फुर्सद त पाउँदिनन् तर सार्वजनिक कार्यक्रममा साना नानी बोकेर नाच्न पुग्छिन्। नाच राम्रो देखिन पोसाकको प्रभाव बढी मान्ने उनी नाच्न जाँदा पुराना गहना र कपडा लगाउँछिन्। त्यसले आफूलाई अरूभन्दा फरक देखिएको अनुभव गर्छिन् यी २० वर्षीया नारी। चार वर्षदेखि नाच्न थालेको बताउने थापालाई नाचकै कारण धेरैले चिन्छन्।

नाच्दा फुर्तिलो पनि भइन्छ- निर्मला तिवारीले नाच्नुको फाइदालाई शब्दमा व्यक्त गरिन्। सानैदेखि भजन-कीर्तनमा नाच्ने तिवारी धेरै ठाउँमा नाच्न मन पराउँदिनन्। गल्याङकी कल्पना बस्याल नाच्नुलाई कला मान्छिन्। यो कला सबैले पाएका हुँदैनन्। बाहुन-छेत्रीमा भजन-कीर्तन र रत्यौलीमा बाहेक अन्त नाच्ने चलन कमै हुन्छ- उनले भनिन्। जनजातिमा भने रोदी बस्ने पुरानो संस्कृतिले पनि नाच्नलाई सहयोग गरेको हुन्छ। रूपा थापा रानाले भनिन्- 'पहिले खुब नाचियो।' विवाह गरेको छ वर्ष भयो, त्यसपछि उनी छ वर्षपछि मात्र नाचिन्। एउटा सार्वजनिक कार्यक्रममा कोही नाच्न तम्सिएनन्। ननाची पनि नहुने, मै नाचिदिन्छु भनेर नाचें, रानाले भनिन्- 'नराम्रो पो गर्नु भएन, राम्रो त जे गरे पनि हुन्छ।' सानैदेखि नाच्ने यी सबै अधवैंसेले टेलिभिजनमा नाचेको देखेर पनि ताल सुर थाहा पाउने गरेका छन्। गाउँमा अन्त सिक्ने ठाउँ नै कहाँ छ र ? सीताले भनिन्- 'बजारमा भएको भए जानिन्थ्यो होला।'



## फ्रेन्डसिप डेको पार्टी

साप्ताहिक समाचार

काठमाडौं- गत आइतबार विश्वभरि नै फ्रेन्डसिप डे अर्थात् मित्रता दिवस मनाइयो। भ्यालेन्टाइन डे मनाइरहेका राजधानीका युवायुवतीले फ्रेन्डसिप डे पनि धूमधामका साथ मनाए। सामान्यतः हातमा फ्रेन्डसिप ब्यान्ड बाँधेर मनाइने यो दिवसको अवसर पारेर राजधानीमा एउटा डान्सपार्टी नै गरियो। आइतबार साँझ याक एन्ड यति होटलस्थित क्लब प्लाटिनममा चौतारी समूहले आयोजना गरेको डान्सपार्टीमा युवायुवतीहरू राति अबेरसम्म नाचिरहेका थिए। आपसी सद्भाव, अटुट मित्रता तथा मनोरञ्जनका लागि डान्सपार्टी आयोजित गरिएको कार्यक्रमका संयोजक सुवास दरेलले बताए। डान्सपार्टीमा सामूहिक नृत्यमार्फत शुभकामना आदान-प्रदान गरिएको थियो। राति नौ बजे प्रारम्भ भएको डान्सपार्टी बिहान तीन बजेसम्म जारी रह्यो। डान्सपार्टीमा क्लब प्लाटिनमकै डिजे सुरजले युवायुवतीहरूलाई नेपाली, हिन्दी तथा अंग्रेजी रिमिक्समा नचाएका थिए।



# रमझम बोलबमको



**गोपाल दाहाल**

धरान– झमक्क साँझ पर्न लागेको छ। पहेंलो कपडामा सजिएका एक हूल युवायुवती हाँस्दै आएर मन्दिरछेउको चौतारीमा बसे। एकछिनको गफगाफपछि एउटी युवती र एउटा युवा हात समाउँदै कोसीकिनारतिर लागे। जोडीहरू यताउता गएपछि बाँकी रहेका तीन जना युवा भने अलि पर चौरमा बसेर बेजोडले धूवाँ उडाउन थाले, सायद त्यो गाँजा थियो।

आइतबार सुनसरीको चतरामा देखिएको एउटा दृश्य हो यो। त्यही रात पँहेलपुर युवायुवतीको अर्को हूलले खुब रमाइलोसँग नाचगान गर्दै बितायो। आइतबार दिउँसैदेखि जम्मा भएका युवाहरूमध्ये कोही डुङ्गा चढेर रमाए त कोही साथीहरूसँग 'इन्जोय' गरेर। सोमबार बिहान सबेरै चतराबाट पानी लिएर खाली खुट्टा 'बोलबम...बोलबम...' भनेर कराउनु अनि धरान पुगेको अनि त्यहाँ लाइनमा बसेर पानी चढाउँदाको मज्जा पनि बेग्लै छ। उदयपुरबाट आएका कृष्ण भण्डारीले भने 'सार्‍है रमाइलो लाग्यो।' भण्डारीका अनुसार 'युवाहरूका लागि त बोलबम ठूलो चाड हो।'

सुनसरीको वराहक्षेत्रदेखि धरानको पिण्डेश्वर मन्दिरसम्म युवाहरूको ताँती यसरी नै रमाइरहेको भेटिन्छ। त्यहाँ बोलबम मेलाको बेग्लै रमझम छ। साउन महिनाभरिका हरेक आइतबार वराहक्षेत्रको चतरामा र सोमबार धरानमा बोलबमका रूपमा धार्मिक पर्यटकको घुइँचो लाग्छ। अधिकांश पुग्ने बोलबम यात्रीहरू औलिया बाबाको मन्दिरमा दर्शन गरी आराम गर्छन्। कोही वराहक्षेत्र मन्दिरसम्म पुग्छन्। कोही सप्तकोसीमा ढुंगा चढेर आनन्द लिन्छन्। आइतबार बेलुकि भजन-कीर्तन गर्दै रमाइलो गर्छन् र सोमबार सबेरै नुहाई सप्तकोसीको पानी लिएर धरानतर्फ लाग्छन्। पैदल हिंडेर धरानस्थित पिण्डेश्वर मन्दिरमा पुगी पानी चढाएपछि युवा बोलबमलाई 'रमाइलो गर्ने अवसर' का रूपमा लिन्छन्। 'निस्फिक्री मज्जा लिन पाइने भएकाले युवाहरूको संख्या बढेको हो।' चतरास्थित बोलबम व्यवस्थापन समितिका अध्यक्ष गणेश सुब्बा भन्छन्- 'युवाहरू रमाइलो चाहन्छन्।' आइतबारका दिन चतरा मनोकामना पूरा हुने धार्मिक विश्वास छ। पिण्डेश्वरमा जल चढाएपछि बूढासुब्बा, दन्तकाली आदि मन्दिर जानेहरूको पनि उत्तिकै भीड हुन्छ।

बोलबमले वराहक्षेत्र र धरानलाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्न सहयोग पुगेको छ। बोलबमभरि पसलहरूमा भीड लाग्छ। यातायातका साधनले पनि राम्रै आम्दानी गर्छन्। त्यसबाहेक मेलाको आयोजना गर्नेहरू र बोलबम व्यवस्थापन गर्ने संस्थाहरूले पनि राम्रो आय गर्छन्।समितिका अध्यक्ष सुब्बा भन्छन्- 'बोलबमले यो क्षेत्रको विकासमा सहयोग पुर्‍याएको छ।'

बोलबमले वराहक्षेत्र गाविस र धरान नगरपालिकाको समेत आयमा वृद्धि गरेको छ। त्यसैकारण बोलबमका लागि दुवै ठाउँमा छुट्टा-छुट्टै व्यवस्थापन समिति गठन भएका छन्। दर्शनार्थीका लागि चतरामा सुरक्षित धर्मशालाको व्यवस्थासमेत छ। धरानमा बोलबम मेला व्यवस्थापन समिति, बोलबम काँबरिया संघ आदि संस्थाले बोलबम यात्रीहरूलाई सहयोग गर्दै आएका छन्। धरान नगरपालिकाका सूचना अधिकृत सुनिल नेपाल भन्छन्- 'बोलबमले यस क्षेत्रको आर्थिक स्तरमै परिवर्तन ल्याउनेछ। सानातिना विकृति हटाउँदै जानुपर्छ।'

# राम्रो श्रीमान् पाऊँ



**भिषा काफ्ले**

नीलम गुरुङ सोमबार विश्रान्ति मन्दिरमा जल चढाउन तँछाडमछाड गर्दै थिइन्। मन्दिर प्रवेशको करिब १५ मिनेटपछि उनको पालो आयो। धर्म-कर्ममा विश्वास राख्ने नीलम असल श्रीमान् पाउने आशामा चार वर्षदेखि साउने सोमबारको व्रत लिइरहेको र प्रत्येक सोमबार शिवजीलाई जल चढाउने बताउँछिन्। यद्यपि उनी श्रीमान्का लागि मात्र नभएर आफ्नैलागि पनि व्रत बसेको बताउँछिन्। नीलम भन्छिन्- 'राम्रो श्रीमान् पाऊँ भनेर मात्र होइन, आफ्नै लागि पनि व्रत बस्नु राम्रो हो।'

साउन महिनामा विशेष गरेर विवाहित महिलाहरूले श्रीमान्को दीर्घायु एवं सुस्वास्थ्यका लागि जल चढाउने चलन छ भने अविवाहितहरूले भविष्यमा असल श्रीमान् पाउने विश्वासमा जल चढाउने गरेका छन्। जल चढाउनेहरूको लाइनमा भेटिएकी अर्की युवती सुशीला लिम्बू पनि अविवाहित युवतीले साउनको सोमबार व्रत वसेर गेरुवस्त्र र गलामा रुद्राक्षको माला लगाएर जल चढाउने लाइनमा बसेका धनकुटाका विक्रम पौडेलले प्रश्न भुइँमा खस्न नपाउँदै भने– 'युवतीहरू हाम्रा लागि जल चढाउँछन् भने हामीले पनि उनीहरूका लागि चढाउनुपरेन ?'

साउन महिना शिवजीलाई मन पर्ने महिना भएको र त्यसमा पनि उत्तम दिन सोमबार भएको हुँदा पार्वतीले शिवजीलाई खुसी पर्न साउन महिनामा नीलो र पहेंलो पहिरनमा बसी स्तुति गरेका कारण महिलाहरूले पनि श्रीमान्लाई खुसी पर्न र अविवाहितहरूले राम्रो श्रीमान् पाउन व्रत बसी जल चढाउने प्रचलन रहेको समाजसेवी माधव दाहाल बताउँछन्। दाहाल भन्छन्- 'हरियो पहिरन शिवजीलाई खुसी पार्न लगाइए पनि मेहन्दी लगाउनुचाहिँ फेसन हो।'

विगतका वर्षहरूमा तराईका निश्चित स्थानमा जल चढाउने परम्परा रहे पनि चार-पाँच वर्षदेखि

शिवजीलाई जल चढाए राम्रो श्रीमान् पाउने विश्वास राख्छिन्। कक्षा ९ मा अध्ययनरत सुशीला गत वर्षदेखि साउने सोमबारको व्रत बस्न थालेकी हुन्। विगतको वर्षमा तीन पटक जल चढाउन आएकी उनले आउने वर्षहरूमा पनि नियमित आउने निर्णय गरिसकेकी छिन् ।

त्यसो त साथीहरूले व्रत लिएको र जल चढाएको देखेर नै कतिपय युवतीले त्यसको अनुसरण गरेका छन्। त्यसमध्येकै एक हुन धनकुटाकी करुणा राई। केका लागि र किन व्रत बसेर जल चढाएकी हुन्, उनैलाई थाहा छैन तर सबै साथीले जल चढाउन जाने भनेपछि उनले पनि विश्रान्ति मन्दिरमा तमोरको पानी ल्याएर चढाइन्। राई भन्छिन्– 'किन जल चढाएँ थाहा छैन तर रमाइलो हुँदो रहेछ।' थाहा पाएर होस् वा थाहा नपाई, साउनमा जल चढाउनु आफ्नो र परिवारमा रहेको रोग-व्यथा हट्ने पनि विश्वास गरिन्छ।

युवतीजत्तिकै नभए पनि जल चढाउन आएकाहरूको लाइनमा अविवाहित पुरुषको संख्या पनि कम थिएन। किन आउँछन् त पुरुषहरू ? 'राम्री जीवनसंगिनी पाऊँ भनेर,' धनकुटाको विश्रान्ति मन्दिरमा पनि जल चढाउने चलन बढ्दै गएको छ। गत वर्षको भन्दा यस वर्ष जल चढाउनेहरूको संख्या तीन गुणा बढेको त्यहाँका पुजारी बताउँछन्। विगतमा धनकुटा जिल्लाका मात्र भक्तजन आउने गरेको सो मन्दिरमा गत वर्षदेखि झापा, मोरङ, छिमेकी मुलुक भारतको सिलगुडी सिक्किमसम्मका तीर्थालुहरू आउने विश्रान्ति मन्दिर व्यवस्थापन समितिका सह-सचिव जनार्दन गोठाले बताउँछन्। यस वर्ष तीनवटा सोमबारमा करिब १० हजार भक्तजनले जल चढाएको र अन्तिम सोमबार त्यत्तिकै मात्रामा जल चढाउन आउने सम्भावना रहेको जानकारी गोठालेले दिए।

जल चढाउन आउनेमा सबै उमेरका भए पनि बढी अविवाहित युवतीहरू हुने मन्दिरका पुजारीहरू बताउँछन्। 'राम्रो श्रीमान् पाऊँ भनेर नै होला,' पुजारी भन्छन्– 'युवतीहरूले साउनको सोमबार व्रत बसी जल चढाए शिवजी प्रसन्न भएर असल श्रीमान् जुराइदिन्छन्।'

# गणेश हिमालमुनि महोत्सव



छेकम्पार (गोरखा)- बुट्टी लामाले पहिलो पटक सबै गाउँले जम्मा भएको यो जात्राजस्तो भीड कतै नदेखेको बताइन्। उनले भनिन्- 'गाउँका धेरै मान्छे जम्मा भएको घटना यही हो।' हिमालपारिको गाउँ चुम क्षेत्रमा



भएको महोत्सव मनाउन गाउँ-गाउँबाट मानिस आएका थिए। गुम्बाका लामा र चुम्बावासीहरूले राजेन गुम्बामा पूजा गरे। आफ्नै गाउँका गुम्बा र घरवरपर मात्र यस्ता सानाखाले छ्याम (मुकुन्डो नाच) हुन्थे,' लोप्साङ लामाले भने- 'यहाँ नआएको भए यतिबेला हामीकहाँ गहुँ काट्ने चटारो हुन्थ्यो। चुम्बावासीहरू चुमक्षेत्रलाई चिनाउन आफ्नो काम नै छाडेर महोत्सवमा सहभागी हुन आएको चुम कल्याण समितिका अध्यक्ष निमा लामाले बताए। यसरी अलि बढी त चुनावताका जम्मा हुन्थे तर आ-आफ्नै घरको कामले जान्थे, एउटै थलोमा बस्दैनथे,' -बुट्टीले भनिन्। वर्षातको मौसम दायाँ र बायाँ हिमालको बीचमा उपत्यकामा कुहिरो लाग्ने र खुल्ने गरेको बेला महोत्सव गर्दा प्राकृतिक रूपमा राम्रो देखिने भएकाले कार्यक्रम गरिएको आयोजकहरूले बताए। गोरखा जिल्लाको उत्तरी दुर्गम क्षेत्रमा पर्ने चुम महोत्सवका क्रममा चुम जातिका वेशभूषा, रहनसहन एवं संस्कृति झल्काउने स्थानीय वस्तुहरू प्रदर्शन गरिएको थियो।

महोत्सवमा यहाँका जातिले प्रयोग गर्ने लुगाकपडा, जडिबुटी, कृषि सामग्री, कृषि औजार तथा हस्तकलाका सामग्री प्रदर्शनीमा राखिएका थिए। राजने गुम्बामा भगवान् बुद्धको पूजा गरी महोत्सव प्रारम्भ गरिएको थियो। महोत्सवस्थलमा स्थानीय चुम्बा जातिले स्थानीय स्तरमा लोकप्रिय स्याब्री नाच, मुकुन्डो नाच प्रस्तुत गरेका थिए। गुम्बाका लामाहरूले धार्मिक विधिअनुसार छुट्टै वाङ पूजा गरी बुद्धको मूर्तिलाई खटमा राखी बाजागाजासहित प्रमुख लामा डुक्पा रिम्पोछे, लामाहरू, आनी र स्थानीयवासीले गुम्बा परिक्रमा गरेका थिए। झन्डै एक शताब्दीअघि पशुपन्छी बलि दिने र काटमार गर्ने परम्परा तोडेको छेकम्पारमा गुरु पद्म सम्भवको मुकुन्डो नाच पनि प्रस्तुत गरिएको थियो।

**–कृष्ण थापा**



• मैदान बाहिर •



## प्रतिबन्ध छैन

एसेस सिरिजबाट पूर्व इङ्ल्यान्ड र अस्ट्रेलियाका खेलाडीहरूलाई दुई किसिमको चिन्ता हुन्छ। पहिलो चिन्ता त प्रतियोगिता जित्ने नै हुन्छ भने अर्को चिन्ता यति लामो अवधिसम्म श्रीमती र प्रेमिकासँग कसरी अलग हुने भन्ने हुन्छ। यो चिन्ता यसपटक पाहुनाका रूपमा रहेको अस्ट्रेलियाका खेलाडीहरूलाई भन्दा बढी आयोजक इङ्ल्यान्डका खेलाडीलाई परेको थियो। खेलाडीहरूले प्रतियोगितापछि बारमा गएर बियर पिउनुभन्दा प्रेमिकासँग रमाइलो गर्नाले प्रतियोगितालाई थप हौसला हुने बताएपछि आयोजकहरू केही लचिलो भएका छन्। इङ्ल्यान्डका खेलाडीहरूमा प्रतियोगितापछि बारमा गएर टन्न बियर पिउने चलन बढ्दै गएको छ, तर उनीहरू प्रतियोगितापूर्वको यौनसम्पर्कले खेलाडीहरूमा थप हौसला हुने कुरा चिकित्सकहरूले पुष्टि गरेको बताउँदै प्रेमिका र श्रीमतीहरूलाई साथै राख्न चाहिरहेका छन्। कुनै समय इङ्ल्यान्डको क्रिकेट टिममा रहेका पार्टी लभर फिल टफनेल भन्छन्- प्रतियोगिता खेलेको रात खेलाडीहरूलाई निस्फिक्री छोड्नुपर्छ। सायद यही धारणाका कारण यसपटक इङ्ल्यान्डले सन् १९३४ पछि पहिलो पटक लर्डको मैदानमा एसेस श्रृंखला जितेको थियो।




## इरानी चलचित्रमा रोनाल्डो

ब्राजिल र इरानको चेम्बर अफ कमर्सले संयुक्त रूपमा निर्माण गर्न लागेको एक चलचित्रमा ब्राजिलियन टिमका स्ट्राइकर रोनाल्डोले अभिनय गर्ने भएका छन्। प्यालेस्टाइनकी १३ वर्षीया किशोरी अलनेयरबको कथामा निर्माण हुन लागेको यो चलचित्र वास्तविक कथामा आधारित छ। रोनाल्डो संयुक्त राष्ट्रसंघको दूत हुँदा सन् २००५ मा मध्यपूर्वको भ्रमणका क्रममा अलनेयरबले उनलाई भेट्न चाहेकी थिइन्। रोनाल्डो इजरायल र वेस्ट ब्यांकको भ्रमणमा आउँदा अलनेयरवले भेट्न नसकेपछि सपनामा उनलाई भेटेको दृश्यमा रोनाल्डोले अभिनय गर्ने भएका छन्। गृहयुद्धको चपेटामा परेर अलनेयरबको मृत्यु भएपछि उनको रोनाल्डोसँग भेट्ने आशा केबल सपनामै सीमित भएको थियो। रोनाल्डोले उक्त चलचित्रमा अभिनय गर्न सम्झौता गरेको उनका निजी सहायकले पुष्टि गरेका छन्। रोनाल्डोले कति रकममा यो अनुबन्ध गरे भन्ने कुरा भने बताइएको छैन। निर्माण समितिका अनुसार रोनाल्डोले आगामी सेप्टेम्बर महिनामा लेबनान पुगेर अभिनय गर्नेछन्। हाल घुँडाको शल्यक्रियाका कारण रोनाल्डो मैदानमा फर्कन सकेका छैनन्।



# निर्वस्त्र भइन् फेडेरिका

इटालीकी स्वीमर फेडेरिका पेलिग्रिनी भ्यानिटी फेयर म्यागजिनको इटालियन संस्करणको आवरणमा निर्वस्त्र रूपमा देखा परेकी छिन्। युरोपियन महिला स्वीमरहरूमध्ये आफ्नो ग्ल्यामरस छविका कारण चर्चित हुँदै गएकी फेडेरिकाले हालै इटालिमा सम्पन्न विश्व च्याम्पियनसिपमा ४ सय मिटरको दूरी ४ मिनेटभन्दा कम समयमा पार गरेर नयाँ विश्व कीर्तिमान कायम गरेपछि उनको चर्चा अझ चुलिएको छ। २१ वर्षीया फेडेरिका युरोपियन महिला स्वीमरहरूमध्ये सर्वाधिक ग्ल्यामरस खेलाडी मानिन्छिन्। उनी इटालिका विभिन्न टेलिभिजन च्यानलले सञ्चालन गर्ने टक सोमा नियमित रूपमा उपस्थिति जनाउँछिन् भने उनको लाइफ स्टाइललाई युरोपियनहरूले विशेष चासोका साथ हेर्ने तथा सुन्ने गरेका छन्। युरोपमा फेडेरिकाको प्रतिस्पर्धा फ्रेन्च स्वीमर लाउरा मानोउडोउसँग थियो। लाउराले आफ्ना प्रेमी इटालियन स्वीमर लुका मारिनसँग सौखका रूपमा निर्वस्त्र तस्बिर खिचाएकी थिइन्। पछि लुका र लाउराबीच विछोड भएपछि लुकाले उक्त तस्बिर इन्टरनेटमार्फत विश्वव्यापि गरेका थिए। त्यसपछि ओलम्पिकमा ३ स्वर्ण पदक जितेकी लाउराको छवि धुमिलिएको थियो।





# क्यानलाई सहयोग रोकिन सक्ने

वीरगन्ज– एसियन क्रिकेट काउन्सिलका डेभलपमेन्ट म्यानेजर तथा श्रीलंकाका पूर्व टेस्ट क्रिकेट कप्तान बन्डुला वार्नपुराले नेपाल क्रिकेट संघलाई बर्सेनि अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल र एसियन क्रिकेट काउन्सिलले प्रदान गर्दै आएको सहयोग रकमको सही सदुपयोग गर्न र त्यसको हिसाब-किताब पारदर्शी राख्न सुझाव दिएका छन्। नेपाली क्रिकेटको विकासका लागि दिइने गरेको रकम सदुपयोग भएको नपाइए सहयोग रकम रोक्का हुन सक्ने चेतावनीसमेत उनले दिएका छन्।

वार्नपुराले दुई वर्षको छोटो अवधिमा अन्तर्राष्ट्रिय क्रिकेटमा उदाएर एक दिवसीय क्रिकेट खेल्ने अनुमतिसमेत पाइसकेको अफगानिस्तानले बर्सेनि पाउँदै आएको छ लाख अमेरिकी डलर सहयोगको सदुपयोग र हिसाब-किताब दुरुस्त नराख्दा उसको सहयोग रोक्ने र उसको अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिलको सदस्यतासमेत खारेज हुन सक्ने सम्भावना रहेको बताए।

निकट भविष्यमै नेपालमा आयोजना हुन लागेको लेभल फाइफ एसीसी क्रिकेट प्रतियोगिताको आयोजना स्थलहरूको सम्भाव्यता अध्ययन गर्ने क्रममा नेपाल आएका वार्नपुराले कुनै पनि राष्ट्रिय क्रिकेट संघले आफूले पाएको सहयोग रकमको सदुपयोग गर्ने मात्र नभै पारदर्शी राख्ने, हिसाब-किताब दुरुस्त राख्ने, पेसेवर हुने, स्तरीय क्रिकेट प्रतियोगिताहरूको आयोजना गर्ने, खेलको स्तर विकास गर्ने, गुणस्तरीय अम्पायर, म्याच रेफ्री, स्कोकर आदि उत्पादन गर्नेजस्ता दक्ष जन शक्ति उत्पादन र प्राविधिक पक्ष सबल पार्नेसम्मका काम सफलतापूर्वक र निर्विवाद रूपमा गर्नुपर्ने बताए।

उनले भने- 'बजेटको चिन्ता नगर्नुस्, यहाँको क्रिकेटको स्तर विकास गर्न आईसीसी र एसीसी धेरै लगानी गर्न तयार छ, तर त्यसको प्रतिफल देखिनुपर्छ'। नेपाल क्रिकेट संघका पूर्व उपाध्यक्ष तारिणीविक्रम शाहले क्यानले थुप्रै सहयोग पाइरहे पनि नेपाली क्रिकेटको स्तर उकालो नलागेको गुनासो गरेका थिए। क्यानले तराईमा यसअघि निर्माण भएका क्रिकेटका भौतिक पूर्वाधारहरूको समेत सदुपयोग हुन नसकेको गुनासो गरेका थिए। शाहले तराईमा अन्तर्राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगिता आयोजना गर्न कुनै समस्या नरहेको बताएका थिए। उपलब्ध रहेको खेल मैदानहरूलाई नै व्यवस्थित गर्न सके थोरै लगानीमै प्रतियोगिताहरू आयोजना गर्न सकिने उनले बताएका थिए।

वार्नपुराले यस विषयमा आफूले क्यानसँग सोध्ने र वीरगन्जमा रहेको अन्तर्राष्ट्रिय स्तरको क्रिकेट मैदानको भौतिक विकासमा क्यानले देखाएको उदासीनताका सम्बन्धमा पनि जिज्ञासा राख्ने बताए। वीरगन्जस्थित उक्त मैदान तथा कलैयामा रहेको सिद्धेश्वर स्पोर्ट्स कम्लेक्सको स्थलगत भ्रमण गरेका वार्नपुराले दुवै मैदानको अवस्था हाल ठीक रहेको तर भौतिक पूर्वाधारको विकास तथा सुरक्षामा चाँसो नदेखाइएको प्रतिक्रिया दिएको पर्सा क्रिकेट संघका अध्यक्ष दाउद अन्सारीले बताए। वार्नपुराले गरेको स्थलगत भ्रमणको प्रतिवेदन एसीसीमा बुझाउनेछन्। त्यसपछि यहाँ लेभल फाइभ प्रतियोगिताका केही खेल आयोजना हुने नहुने टुङ्गो लाग्नेछ।

वार्नपुराले पोखरामा स्तरीय होटलहरू भएकाले त्यहाँ र राजधानीको मूलपानीमा क्रिकेट एकेडेमी निर्माणमा एसीसी र आईसीसीले चासो देखाएको बताए। वीरगन्ज, भैरहवा आदि स्थानमा स्तरीय तारे होटलहरूको अभावमा यहाँ लगानी गर्न तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धा आयोजना गर्न समस्या भैरहेको उनले बताए।

–शंकर आचार्य


साप्ताहिक Classified Advertisement

## रोजगार

NGO संस्थालाई साधारण SLC, +Basic Internet जानेका १३ कर्मचारी तलब ग्यारेन्टी 9500, 2072545, 9841493036, 9803075981 चावहिल

जर्मनीको लागि Aupair girls 9741056886, 9803386712

अर्जेन्ट Test/SLC Pass साधारण महिला/पुरुष ५५ कर्मचारी ७५००-१०,००० (भित्रै बसी) नपढेका लाई पनि जब दिइन्छ। २२९०२२३, ९८०३४५९६०८

आवश्यकता महिला/पुरुष कामदारहरु १०,०००।- रवि भवन चोक ९८०८०९९६४०

अफिसको लागि कर्मचारी ९७४११४६७२१, बालाजु

अन्तर्राष्ट्रिय अफिसलाई ८ पास महिला/पुरुषहरुको अर्जेन्ट ९५००-१६०००।- मैतिदेवी, ४४३३९५८

Autocad/Hardware/Networking/Tally 9741154166

Autocar Air.gis, Land development, Sap. 3D-Max, Networking 01-2121605, 9851039247


## उपचार

स्तन घटाउन बढाउन गुप्ताङ्ग टाइट गर्न, यौन सन्तुष्टिको विकास तथा तालिम प्राप्त अनुभवी चिकित्सकद्वारा सुरक्षित गर्भ पतन साथै, आकस्मिक गर्भ निरोधक साधन, 9841981976, 9849051161

निसन्तान, मधुमेह, स्वेतप्रदर गुप्ताङ्गको सफल उपचार अन्तर्राष्ट्रिय अनुभवी डाक्टर Direct appointment: 9721417717

वर्षौं पुरानो पिनास गन्ध रहित नाक बन्द, मासु हड्डी बडेको, एर्लजी लगायत विभिन्न जिर्ण रोगहरुको ख्याती प्राप्त आर्युवेदिक चिकित्सकहरुबाट विशेष उपचार ४४६७५६९

# खेल र राजनीतिको चक्र





**हिमेशरत्न बज्राचार्य**

काठमाडौं- साढे तीन वर्षअघि किशोरबहादुर सिंहले सदस्य-सचिव छोड्दा गुनासो गरेका थिए– श्रीलंकामा हुने दसौं सागको तयारी भैरहेका बेला जिम्मेवारीबाट हटाउनु ठीक होइन। किशोरबहादुरको स्थानमा जीवनराम श्रेष्ठ आए। दुई साताअघि जीवनरामले पनि सदस्य-सचिव पद छोड्नुपर्दा बंगलादेशमा हुने ११ औं सागकै प्रसङ्ग उठाए।

जनआन्दोलन भाग-२ लगत्तै र अहिलेको घटनासम्म आइपुग्दा खेल तथा राजनीतिले एउटा चक्र पूरा गरेको छ। यसबीच जीवनराम निकै शक्तिशाली सदस्य-सचिवका रूपमा देखापरे। प्रत्येक राजनैतिक परिवर्तनले उनलाई छुन सकेन। अन्ततः उनको कार्यकालको अन्त्य एमालेकै नेतृत्वमा बनेको मन्त्रिपरिषदमा गणेश नेपाली खेलकुद मन्त्री भएपछि भयो।

नेपाली तमलोपाका हुन्। यसपल्ट खेलकुदको भाग तमलोपामा परेको छ। मन्त्री भएलगत्तै उनले जीवनरामसँग राजीनामा मागे। सुरुमा आनाकानी गरे पनि श्रेष्ठ राजीनामा दिन बाध्य भए। यसै साता मन्त्रीले परिषद्को सदस्य-सचिवमा खेलकुद मन्त्रालयका सह-सचिव विष्णु लम्सालालाई नियुक्त गरे। यो नियुक्ति भने कामचलाउका रूपमा मात्र हो। एघारौं साग नजिक छ, तयारी गर्न हतार भैसकेको छ। लम्सालको प्राथमिकता सागकै तयारी गर्नु हो।

यसबीच सदस्य-सचिवको अभावमा राष्ट्रिय खेलकुद परिषद्का नियमित प्रक्रियामा समेत ठूलो प्रभाव पार्‍यो। मन्त्रीले तत्काल स्थायी सदस्य-सचिव नियुक्त गर्न सकेनन्। उनी यसको खोजीमै रहे। सम्भावित धेरै नाम अगाडि आए। सदस्य-सचिवमा नियुक्त भएयता मन्त्री र खेलकुद मन्त्रालयका सचिव श्याम मैनाली संयुक्त रूपमा पहिलोपल्ट पत्रकार सम्मेलनमा देखिए। त्यसमा मन्त्रीले सदस्य-सचिवमा स्थायी नियुक्त हुन नसक्नुका पछाडि एमालेकै ढिलासुस्ती कारक रहेको आरोप लगाए। त्योभन्दा ठूलो, मन्त्रीले जीवनरामको नेतृत्वमा भएको पाँचौं राष्ट्रिय खेलकुदमा आशंका गरिएको आर्थिक घोटालाका सम्बन्धमा छानबिन गर्ने घोषणा गरे। चैत मसान्तमा भएको पाँचौं राष्ट्रिय खेलकुदको ठूलो विशेषता कमजोर व्यवस्थापन र अपारदर्शी तथा पत्याउन गाह्रो आर्थिक पक्ष थियो।

अधिकांश विधाका खर्चलाई धेरैले विश्वास गर्न सकेका छैनन्। अहिले मन्त्रीको हातमा त्यही मुद्दा परेको छ। उनी साग तयारीसँगै छानबिन पनि अघि बढाउन चाहन्छन्। जीवनरामले सदस्य-सचिव छाडेपनि उनको काँधमा नेपाली खेलकुदको उत्तिकै प्रभावशाली र महत्त्वपूर्ण पद अझै बाँकी छ। उनी नेपाल ओलम्पिक कमिटीका महासचिव पनि हुन्। परिषद र ओलम्पिक कमिटीबीच रहने मत मतान्तर नेपाली खेलकुदका लागि नयाँ होइन्। कुनै ठूलो अन्तर्राष्ट्रिय प्रतियोगिता नजिक आयो भने आफ्नो भूमिका र महत्त्वलाई लिएर परिषद् र ओलम्पिक कमिटी आपसमा भिड्छन्।

किशोरबहादुर सदस्य-सचिवमा छँदा रुक्मशमशेर राणा ओलम्पिक कमिटीका अध्यक्ष थिए। त्यो बेला दुई पक्षबीच ठूलो टकराव भयो। दुई समानान्तर ओलम्पिक कमिटी देखा परे। पछि ध्रुवबहादुर प्रधानले नेतृत्व सम्हाले। त्यो बेला रुक्मशमशेरले ध्रुवबहादुरलाई दुःख दिन छोडेनन्। अब पनि परिषद् र ओलम्पिक कमिटीबीचको सम्बन्ध सुमधुर रहनेछैन। सदस्य-सचिव छाडेयता जीवनरामले भनेका थिए– नेतृत्वको जिम्मेवारी पाएकालाई निरन्तरता दिनुपर्छ। यस्तै भनाई किशोरबहादुरको पनि थियो। श्रेष्ठले जस्तै जीवनराम पनि आफू नेपाली खेलकुदबाट कहिल्यै टाढा नहुने पनि बताउँछन्। उनको बिदाई कार्यक्रममा अखिल नेपाल फुटबल संघ अध्यक्ष गणेश थापालेजीवनरामलाई सम्भावित खेल मन्त्रीका रूपमा पनि चित्रण गरे। किशोरबहादुर र जीवनरामको जस्तै राखेप सदस्य-सचिवको सुरुवात र अन्त्य उस्तै हुन्छ, यो त चक्रजस्तो छ, घुमिफिरी यस्तै हुन्छ। पात्र भने परिवर्तन भैरहन्छ।





# दिउँसै डान्सपार्टी

काठमाडौं– प्रायः राति आठ बजेपछि कम्मर मर्काउन डिस्कोथेक पुग्ने राजधानीको एउटा समूह गत शनिबार दिउँसै मस्त देखियो। लैनचौरस्थित होटल मल्लको खुला चौरमा आयोजित डान्स पार्टीको थिम नै मध्याह्नमा गरिने नृत्य थियो। डान्सपार्टीको शीर्षक नै 'मिस्चेभियस नुन' राखिएकाले होला, साँझ पर्नुअघि नै सहभागी युवा-युवती नृत्यमा तल्लीन देखिन्थे।

सिल्भलेस टिसर्ट र छोटा हाफपाइन्टमा सजिएका युवा-युवतीहरूको संख्या अत्यधिक रहेको उक्त पार्टीको आयोजना मस्ती इभेन्टले गरेको हो। डान्स पार्टीलाई ग्ल्यामरस बनाउन आयोजकहरूले भारतको कोलकाताका डिजेलाई राजधानी ल्याएका थिए। डिजे अरुण अग्रवालले पहिलो पटक काठमाडौंका युवा-युवतीलाई नचाउन पाउँदा खुसी व्यक्त गरे। 'संगीतको सिमाना हुँदैन, मिस्चिफ भोड्काको स्वादमा झुमिरहेका युवतीहरूतर्फ इङ्गित गर्दै उनले भने– 'संगीत बजेपछि नीरस व्यक्तिहरू पनि नाच्न थाल्छन्।'

सिमसिमे पानी तथा बेला-बेलाको चर्को घामलाई बिर्संदै युवा-युवतीहरू करिब चार घण्टा लगातार नाचिरहे। हरियो चौरको हल्का हिलोमा युवतीहरू खाली खुट्टा नै नृत्य गरिरहेका थिए। एमटीभी रोडिज कार्यक्रमका उपविजेता डिजे वरुणले छनौट गरेका हिन्दी गीतले सहभागी अधबैंसे महिला तथा पुरुषलाई समेत हिले डान्स फ्लोरतर्फ आकर्षित गरेको थियो। भारतीय डिजेलाई केही समयअघि सम्पन्न डिजे प्रतियोगिताका विजेता डिजे केरन तथा नेपालकी एक्ली महिला डिजे पायलले साथ दिएका थिए।



तस्बिर : फुर्सद डटकम

# रसिक निमा

निमा रुम्बा कति अग्ला होलान्? ५ फिट ८ वा ९ इन्च। त्योभन्दा उनले पाएको लोकप्रियताको उचाइ अग्लो छ। लोकप्रियताकै कारण उनी एउटा मोटरसाइकलको ब्रान्डको प्रचार गर्ने क्रममा सर्वोच्च शिखर सगरमाथा बेसक्याम्पसम्म मोटरसाइकल हाँकेर पुग्ने अवसर पाए। उनी यात्रा गरिरहन मनपराउने स्वभावका छन्। पेसाले पनि उनलाई देशविदेशका कुना-काप्चा घुमाइसक्यो। पपगायनका यी हस्ती मस्ती पनि निकै गर्छन्। मस्तीको अर्थ सुरा र सुन्दरी पनि हुनसक्छ। सुरा अर्थात् रक्सी पिउने कुरामा उनी आफूलाई 'सोसियल' मान्छन्। आधिकांश रोमान्टिक गीत गाएका यी गायकको बानीबेहोरा पनि रोमान्टिक छ। प्रसिद्धि यति धेरै छ कि स्वदेशमा होस् वा विदेशमा उनीसँग तस्बिर खिचाउनेहरूको भीड लाग्छ। त्यसमा पनि युवतीहरू नै धेरै हुन्छन्। निमाले आफ्नो कम्मरमा हात राखिदिए वा उनले झुक्किएर छोइदिए बम्पर उपहार नै पाएसरह हुन्छ। प्रशंसकले सँगै तस्बिर खिचाउने रहर गर्दा निमा पटक्कै आनाकानी गर्दैनन्। लाखौंलाई भुतुक्कै बनाएको लोकप्रिय मुस्कान छर्दै तस्बिर खिचाउने निमा केही समयअघि अस्ट्रेलिया पुगेका थिए। एक आइसक्रिमको प्रचारका लागि 'हट पोजिसन'मा उभिएका दुई विदेशी सुन्दरी उनको सामुन्ने आए। बिकनीमा सजिएका निमाभन्दा अग्ला ती युवतीसँग निमाले तस्बिर खिचाए वा ती युवतीले निमालाई चिनेर उनीसँग तस्बिर खिच्न खोजे, जे भए पनि तस्बिर खिचिएको छ र मनोरञ्जक वेबसाइट फुर्सद डटकममा यो तस्बिर प्रकाशित भएको छ। तस्बिरमा निमाको लोकप्रिय मुस्कानले भनिरहेको छ– 'आऊ, आऊ न मसँग गाऊ न।'


Language/Computer
TOEFL/IELTS (Free Books, CDs, Lab Practics, Weekly Tests)
Language: English, Chinese, French, German, Korean, Hebrew, Japanese, Spanish, Italian & Others
विशेष व्यवस्था: विदेश जाने र जान्दै नजान्नेहरुका लागि
Computer: Hardware & Networking
Basic, Graphics, WebPage, Office Package, Q-Basic, C, C++, Access Programming, Account (Tally, Fact, Tata)
Osish Language & Computer Center (OLC)
New Baneshwor (Opp. BICC पछी दायाँ): Tel: 4483414
New Baneshwor Chock (Opp. New Baneshwor Dept. store): Tel: 4785226
Adweit Marg (Bagbazar): Tel: 4232888
Lagankhel (Bus Park): Tel: 5004018

के तपाई रोजगारीको खोजीमा हुनुहुन्छ ?
युवा स्वरोजगारमा आश्चर्यजनक सफलता
नेपालमा पहिलो
उद्यमशीलता तालिम
नेपालको नं. 1 Study Center
World Wide Valid Certificate
Digital Video-Editing & Animation
फोटोग्राफी भिडियोग्राफी
KANTIPUR PHOTOGRAPHY VIDEOGRAPHY INSTITUTE
पुतलीसडक चोक, काठमाडौं, फोन : ४४४३३१९, ९८४१-३२२७७७

३ महिनामा ४" उचाइ बढाउने
- केश झर्न तुरन्तै रोकी उमार्ने
- १ महिनामा चाहेजती ब्रेष्ट बढाउन र घटाउन
- जस्तो सुकै उमेर अनुसार चाउरीपन हटाउन
- तीलकोठी, डण्डीफोर, चायापोतोको लागि
- १ महिनामा ६ देखि १० किलो मोटोपन घटाउन
- प्रेशर, सुगर, ढाड दुखाईको लागि (आयुर्वेदिक उपचार)
- ग्याष्ट्रिक, दम, बाथको समस्याको लागि (आयुर्वेदिक उपचार)
नेचुरल हेल्थ केयर
ललितपुर, लगनखेल पाटन हस्पीटल अगाडी
Tel :01-5004046, 01-5550195
शाखा कार्यालय बनेपा Mo:9851112675

ग्लोवलको तालिम 5★ मा
*Hotel Mgmt. Basic/Adv.
*F&B Mgmt. Basic/Adv
*Bartender Mgmt. Basic/adv
*Culinary Arts Mgmt. (Cook) Basic/Adv
*F & B Service Mgmt (Waiter) Basic/Adv
*Bakery Pastery Mgmt. / Ice / veg carving
* Front Office/House Keeping Mgmt.
आउनुहोस, हेर्नुहोस, बुझ्नुहोस
Learn & Earn Package
Contact
Global Institute of Hotel Mgmt & Tourism Technical Center P. Ltd
Min Bhawan, Santinagar Gate (Next to the Petrol Pump)
☎ 4484098, 2134544

होटल तालिम
नयाँ बर्ष प्रवेश विशेष छुट
कुक-4500 वेटर-1700
विशेष छुट श्रावण मसान्त सम्मको लागि मात्र लागु हुनेछ
अंग्रेजी नजान्नेलाई नेपालीमा सिकाईने
थेउरी भन्दा प्राक्टिकल धेरै गराइने
अपर्झट विदेश जानुपरेमा स्पेशल तालिम
आगमन होटल ट्रेनिङ्ग
सामाखुसी, सरकारीधारा, रेडन कलेज सँगै 4352846

होटल तालीम
छुट (%)
★Cook ★Waiter ★Bakery
★Housekeeping ★Front Office
★Bartender ★Coffee making ★Hotel Mgmt
★F & B Mgmt ★Airlines Ticketing
★Tour & Travel Mgmt ★Care giver
International Air Fares & Ticketing with Abacus, Amadeus, Galileo
(International Certificate)
ओरिएण्टल हस्पिटालिटी (होटल) एण्ड टुरिजम ट्रेनिङ्ग सेन्टर प्रा. लि.
नयाँ बानेश्वर (एभरेष्ट होटलसँगै)
फोन नं: ४४९३८०१, २०८२७३१
(बिहान ७:०० देखि बेलुका ७:०० सम्म)


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np
दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया** तथा **रामेश्वर थापा**, सम्पादक : **सुवास ढकाल**।